


# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)




# कमिसन नपाएपछि हत्या

## गौचन हत्याका प्रमुख योजनाकार बस्न्यात पक्राउ

दीपक रिजाल, काठमाडौं

नेपाल निर्माण व्यवसायी महासंघका तत्कालीन अध्यक्ष शरद्कुमार गौचनको हत्याका प्रमुख योजनाकार गुण्डा नाइके समीरमान सिंह बस्न्यातलाई प्रहरीले भारतको बैंग्लोरबाट पक्राउ गरी नेपाल ल्याएर सार्वजनिक गरेको छ।

लामो समयदेखि गुण्डागर्दीमा संलग्न रहँदै आएका गुण्डा नाइके बस्न्यातको निर्देशनमा रूपन्देहीको युवा संघका अध्यक्ष दुर्गा तिवारीको हत्या, अर्का गुण्डा नाइके दावा लामामाथि गोली प्रहार गरेर घाइते बनाउने र महासंघका अध्यक्ष गौचनको हत्या भएको प्रहरीले जानकारी दिएको छ।

गुण्डा नाइके बस्न्यातको निर्देशनमा युवा संघका अध्यक्ष तिवारीको २०७३ पुस ४ गते, गुण्डा नाइके लामालाई गौरीघाट नजिकै रहेको दिव्या पार्टी प्यालेस नजिकै २०७३ चैत २९ गते गोली हानी घाइते बनाएको र महासंघका अध्यक्ष गौचनको गत असोज २३ गते नयाँ बानेश्वरमा हत्या भएको थियो।

केही वर्षअघिबाट अपराध कर्मलाई पेसा बनाउँदै आएका बस्न्यातमाथि प्रहरीले निगरानी गर्न थालेपछि उनी नेपालभन्दा बाहिर बसेर गुण्डागर्दीलाई निरन्तरता दिँदै आएका थिए।

महासंघका अध्यक्ष गौचनको हत्या गरेपछि भारतबाटै प्रहरी र सञ्चारकर्मीलाई फोन गरेर हत्याको जिम्मेवारी लिएका थिए। गोली हानी हत्या गरिएका गौचनको स्वामित्वमा रहेको डाँफे कन्स्ट्रक्सनको शेयर बस्न्यातलाई दिने भनी गजुरमुखी कन्स्ट्रक्सनका सञ्चालक कुमार घैंटेमार्फत २ करोड ५० लाख लगानी गरेको अनुसन्धानका क्रममा खुलेको केन्द्रीय अनुसन्धान ब्युरोका प्रमुख प्रहरी नायव महानिरीक्षक पुष्कर कार्कीले जानकारी दिनुभयो।

लामो समयदेखि ठेक्कापट्टा गर्दै आउनुभएका गौचनले गुण्डागर्दीमा संलग्न रहँदै आएका व्यक्तिलाई प्रयोग गरी ठेक्का हत्याउने र उनीहरूलाई विभिन्न बहानामा कम्पनीको शेयर दिने भन्दै रकम दिने गरेको रहस्य पनि प्रहरीले पत्ता लगाएको छ। प्रहरी इन्काउन्टरमा मारिएका गुण्डा नाइके कुमार श्रेष्ठ (घैंटे) को लगानीमा सञ्चालित गजुरमुखी कन्स्ट्रक्सनमार्फत २ करोड ५० लाख डाँफे कन्स्ट्रक्सनमा लगानी गरेको भए पनि उक्त रकममध्ये १ करोड अभियुक्त बस्न्यातको भएको डीआईजी कार्कीले जानकारी दिनुभयो।



स्व. गौचन



प्रमुख योजनाकार समीरमान सिंह बस्न्यात

प्रहरी इन्काउन्टरमा घैंटे मारिएपछि अभियुक्त बस्नेतले गौचनलाई २ करोड ५० लाख रकम पूरै फिर्ता गर्न दबाब दिएपछि विवाद उत्कर्षमा पुगेको थियो। गौचनले रकम फिर्ता गर्न आनाकानी गरेपछि बस्न्यातले गौचनको हत्या गर्ने योजना बनाएर सार्पसुटर लोप्साङ लामालाई प्रयोग गरी हत्या गरेका थिए।

बस्न्यातले वीरगन्जदेखि विराटनगर जोड्ने हुलाकी राजमार्गको ठेक्का गौचनले पारेको र उक्त ठेक्काको रकम १२ अर्बको २ प्रतिशत कमिसन मागेका थिए। केही ठेकेदारलाई सेटिङ गरेर ठेक्का पारेका गौचनले २ प्रतिशत कमिसन दिन आनाकानी गर्नु पनि हत्याको मुख्य कारण रहेको प्रहरीले तयार पारेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

पछिल्लो समय बस्न्यातको प्रिय पात्र बनेका लामाले दुर्गा तिवारी, दावा लामा र शरद् गौचनमाथि गोली प्रहार गरेको पनि प्रहरीले जानकारी दिएको छ। गत वर्ष रूपन्देहीमा भएको तिवारी हत्याकाण्डको जिम्मेवारी मनोज पुनले लिएको भए पनि त्यसको मुख्य योजनाकार भने बस्न्यात नै रहेको डीआईजी कार्कीले जानकारी दिनुभयो। दावा लामालाई गोली हान्ने योजना बस्न्यातले बनाएको र लोप्साङ लामाले अमरबहादुर रानामगरलाई प्रयोग गरी हत्याको प्रयास गरेको प्रहरीको अनुसन्धानले देखाएको छ।

बस्न्यातसहितको मनोज पुनको टोलीले गौचनको हत्या गरेपछि बस्न्यात र पुनको समूहमा विवाद उत्पन्न भएका कारण पुनले बस्न्यातलाई छाडेर आफ्नो नयाँ समूह बनाएका थिए भने बस्न्यातलाई प्रहरीले खोजी गरेपछि बस्न्यात समूहको नेतृत्व लोप्साङ लामाले गरेको पनि प्रहरीले बताएको छ। गौचनको हत्यापछि भागेर भारतको बैंग्लोर पुगेका बस्न्यात र पुनको बीचमा झगडासमेत परेको थियो। बस्न्यातले पुनलाई तीन झापड हानेर आफ्नो सेल्टरबाट लखेटेपछि बस्न्यात र पुनबीच अर्को युद्ध शुरू भएको प्रहरीको अनुसन्धानले देखाएको छ।

प्रहरीले गौचन हत्याकाण्डमा संलग्न रहेका मुख्य योजनाकार बस्न्यात, वसन्त थेवे, धनराज योङहाङ, राजीव स्याङ्तान, प्रकाश बुढाथोकी, शिवजी महतो, मुकेशकुमार पाण्डे र सन्तोष गुरुङलाई पक्राउ गरेको छ। त्यस्तै उक्त हत्या काण्डमा संलग्न रहेका मनोज पुन, लोप्साङ लामा, गंगाप्रकाश लिङ्देन, श्याम गोम्बे गुरुङ, अमरबहादुर पुन, रोशन बुढाथोकी र अजय थापा फरार रहेका छन्।

> सरकारले गौचन हत्याकाण्डको छानविन गर्न एउटा समिति गठन गरेपछि सीआईबीले भारतमा लुकेर बसेका बस्न्यातलाई पक्राउ गर्न दुई महिनाअघि नै एउटा टोली भारत पठाएको थियो। उक्त टोलीले लामो अनुसन्धानपछि बस्न्यातलाई पक्राउ गर्न सफल भएको थियो। सीआईबीले बस्न्यातलाई पक्राउ गर्न झण्डै ५ लाख भारतीय रुपियाँसमेत खर्च गरेको छ।

सरकारले गौचन हत्याकाण्डको छानविन गर्न एउटा समिति गठन गरेपछि सीआईबीले भारतमा लुकेर बसेका बस्न्यातलाई पक्राउ गर्न दुई महिनाअघि नै एउटा टोली भारत पठाएको थियो। उक्त टोलीले लामो अनुसन्धानपछि बस्न्यातलाई पक्राउ गर्न सफल भएको थियो। सीआईबीले बस्न्यातलाई पक्राउ गर्न झण्डै ५ लाख भारतीय रुपियाँसमेत खर्च गरेको छ।

# मत नबेच्न प्रमुख आयुक्तको आग्रह

काठमाडौं, (नेस)

प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले पैसाको लोभमा परेर आफ्नो अमूल्य मत नबेच्न आम मतदातालाई आग्रह गर्नुभएको छ।

आयोगले निर्वाचनको तयारीका सम्बन्धमा आइतबार आयोजना गरेको पत्रकार भेटघाटमा बोल्दै उहाँले भन्नुभयो- 'आज सोमबार रातिदेखि मौन अवधि शुरू हुन लागेको छ। मौन अवधि शुरू भएपछि मत किन्ने र बेच्ने प्रयास हुन सक्दछ। यसमा आम मतदाता सचेत हुनुपर्दछ।'

मौन अवधि भनेको कुन दललाई मत दिने भनेर विचार गर्ने र सोच्ने समय रहेको बताउँदै प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो- 'यस अवधिमा अनावश्यकरूपमा मतदातालाई प्रभावित पार्ने काम कसैले नगरोस्। आयोगको चाहना यही छ।'

निर्वाचन आचार संहिताविपरीत पैसाको खोलो बगाइरहेको चर्चा भए पनि तथ्यगत सूचना र प्रमाण नभएकाले त्यस्ता त्यस्ता उम्मेदवारलाई कारबाही गर्न नसकिएको उहाँले बताउनुभयो। 'आचार संहिता भनेको निरपेक्ष हुन्न। समाज, राज्य, शासन गरिरहेको व्यक्तिहरूको सोच र चेतनाको समग्रतामा बुझ्नुपर्ने हुन्छ' -विगतका निर्वाचनको तुलनामा आचार संहिता पालनाको स्थिति सुधारोन्मुख रहेको दाबी गर्दै उहाँले भन्नुभयो। निर्वाचन आचार संहिता पालनाको अनुगमन गर्न १ सय १३ सहसचिव र ८८ जना उपसचिव सूक्ष्म अनुगमनका रूपमा जिल्ला जिल्लामा खटाइएको छ।

मंसिर २१ गते सम्पन्न हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मतदान अधिकृत र सहायक मतदान अधिकृतहरू हिजो र आजदेखि मतदानस्थलमा जाने पनि उहाँले जानकारी दिनुभयो। सुरक्षा व्यवस्था चुस्त दुरुस्त बनाइएको छ। आम मतदातालाई ढुक्क भएर मतदान गर्न पनि प्रमुख निर्वाचन आयुक्त डा. यादवले आग्रह गर्नुभयो। मतदाता सुरक्षित रहेको पनि उहाँको कथन रहेको छ। उच्चस्तरीय सुरक्षा समितिले सुरक्षाको रणनीतिलाई परिमार्जन गर्दै सुरक्षा व्यवस्था मिलाइएको पनि उहाँले जानकारी दिनुभयो।

प्रमुख निर्वाचन आयुक्त डा. यादवका अनुसार यसपटक पनि समय अभावले गर्दा मतदाता शिक्षालाई सोचेजस्तो प्रभावकारी बनाउन सकिएको छैन। तर, पनि विगतको स्थानीय तहको निर्वाचनको तुलनामा शिक्षा व्यापक र १६ भाषामा प्रचार भइरहेको छ। यसले गर्दा यसपटक बदर मत ५ प्रतिशतमा झर्ने पनि उहाँले जानकारी दिनुभयो।

पहिलो चरणको निर्वाचनको मतगणना दोस्रो चरणको निर्वाचन सकिएलगत्तै गणना गर्ने पनि उहाँले बताउनुभयो। आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी पूरा भइसकेको जनाएको छ।

# प्रचण्डको तीनबुँदे सहमति

काठमाडौं, (नेस)

आइतबार नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले बाँदरमुढे घटनाका पीडितसँग तीनबुँदे सहमति गर्नुभएको छ।

उहाँले सहमतिपत्रमा बाँदरमुढे घटनामा मृत्यु भएकाको आश्रित परिवारका काम गर्न सक्नेलाई रोजगारी तथा स्वरोजगार, काम गर्न नसक्नेका लागि जीवनवृत्ति र बालबालिकालाई पठनपाठनको व्यवस्था गर्ने प्रतिबद्धता जनाउनुभएको छ।

बाँदरमुढेमा १० बिगाह क्षेत्रफलमा स्मारक, नमुना संग्रहालय तथा चिडियाघर निर्माण गर्ने र माडीकै प्रमुख पर्यटकीयस्थल बनाउने सहमति पनि प्रचण्ड र पीडितहरूबीच भएको छ। सहमतिपत्रमा प्रचण्ड र पीडितका तर्फबाट कृष्ण तिवारी, मंगली पुन, विकास लामिछाने र हरि न्युरेले हस्ताक्षरसमेत गरेका छन्।




नेपाल समाचारपत्र

www.newsofnepal.com

2017, DEC
Monday
4



प्रतिनिधिसभा-प्रदेशसभा

# निर्वाचन विशेष



## काठमाडौंको पहिचान जोगाउन मेरो उम्मेदवारी

फिरोज राजोपाध्याय, काठमाडौं

प्रदेश नम्बर तीनको चुनावको मिति नजिकिँदै जाँदा राजधानीको वातावरण रंगिएको छ। हरेक टोल-टोलमा चुनाव प्रचार तीव्ररूपमा बढेको छ। राति पनि चुनावको पम्पलेट टाँस्न राजनीतिक पार्टीका कार्यकर्ता सक्रिय भइरहेका छन्। एक किसिमले राजधानी चुनावमय भइरहेको छ।

यसै सन्दर्भमा काठमाडौंको क्षेत्र नम्बर ९ का विभिन्न टोलमा चुनाव प्रचार-प्रसार तीव्ररूपमा हुँदै छ। यो क्षेत्रमा खेल जगत्का हस्ती इन्द्रमान तुलाधरले आफ्नो उम्मेदवारी दिएका छन्। तुलाधरले काठमाडौं क्षेत्र नम्बर ९ 'क' मा नेपाली कांग्रेसबाट चुनाव लड्दै छन्। तुलाधर अखिल नेपाल फुटबल संघ (एन्फा) को आकर्षक पद सीईओ (प्रमुख कार्यकारी अधिकृत) छाडेर प्रदेशसभामा आफ्नो भाग्य अजमाउन लाग्दै छन्।

त्यसो त तुलाधर खेल जगत्मा आबद्ध भए पनि राजनीतिमा पहिलेदेखि नै सक्रियरूपमा रहेका छन्। उनी कलेजमा पढिरहँदा पब्लिक युथ क्याम्पसमा स्ववियुका सभापतिसमेत भइसकेका थिए। राजनीतिमा लाग्नुको उद्देश्य रहर नभई काठमाडौंको पहिचान र यहाँका स्थानीयबासीलाई न्याय दिनका लागि पनि उम्मेदवार दिएको उनको भनाइ रहेको छ। साथै तुलाधरले आफ्नो क्षेत्रमा स्वच्छ वातावरण र ट्राफिक व्यवस्थितसमेत गर्ने बताएका छन्। उनले यसका लागि योजना बनाएको र जितेमा यो सम्भवत पहिलो प्राथमिकतामा रहने पनि बताए।

तुलाधरले बताए-
'मैले काठमाडौंका स्थानीयबासी धेरै नै पीछडिएको पाएँ। कहीं पनि कार्यालयमा स्थानीयको संलग्नता छैन। केही मात्रामा छन् तर उनीहरूबाट केही पनि हुन सकिरहेको छैन। मेरो उद्देश्य सकेसम्म स्थानीयलाई हकअधिकार दिनुपर्छ भन्ने हो। स्थानीयबासीले जति अरूले कहाँ बुझ्न सक्छन् र काठमाडौंको समस्या। अहिलेसम्म काठमाडौंका लागि कसैले केही पनि गर्न सकिरहेका छैनन्। कोही न कोही त स्थानीयबासी अगाडि
बढ्नुपर्‍यो, यहाँका जनतालाई हकअधिकार दिन। त्यसैले मैले उम्मेदवारी दिएको हुँ।'

यो मात्रै नभई तुलाधरले काठमाडौंको पहिचानसमेत हराउन लागेको बताएका छन्। उनले भने- 'काठमाडौंमा नयाँ-नयाँ नामले पुरानो नामलाई विस्थापित गर्दै छ। यस्तो हुनुहुँदैन भन्ने मेरो बुझाइ छ। किनभने यसले हाम्रो पहिचान हराउने मात्र होइन हामीसमेत विस्थापित हुन सक्छौं। उदाहरणका लागि ननीलाई चोक भनेर परिचित गरिँदै छ। यही पनि टेबहाल नभनी संकटा भनेर भन्न थालिसकेको छ। यो भनेको एउटा प्राचीन नाममा चर्चित रहेको टेबहालको अस्तितत्व हराउँदै गएको भन्नुपर्ने हुन्छ। यस्तो धेरै भइरहेको छ। यदि मैले जितेमा काठमाडौंको पुरानो पहिचानलाई जोगाउनेछु।'

## उदयपुरको चुनावी भिडन्त

उदयपुरको विकास योजनाबारे प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेदवाहरूसँग नेपाल समाचारपत्रका लागि दीपेन्द्र थापाले गरेको कुराकानी :



### सुरेशकुमार राई (हिमाल)

प्रतिनिधिसभाको उम्मेदवार क्षेत्र नं. २
माओवादी केन्द्र

मेरो पहिलो एजेन्डा संघीय गणतन्त्र नेपालको संविधान कार्यान्वयन, दोस्रो वाम गठबन्धनलाई विजय गराउने, बहुमतको सरकार निर्माण गर्ने र मुलुकमा रहेको साना-ठूला कम्युनिस्ट पार्टीहरूलाई एकता कायम गरेर शक्तिशाली पार्टी निर्माण गर्ने, चौथो समाजवादी व्यवस्था स्थापना गर्न सिंगो देशलाई नेतृत्व गर्ने, लामो समयसम्म मुलुकलाई नेतृत्व गर्ने र केन्द्र प्रदेश तथा स्थानीय सरकारको योजनालाई आम जनताको विकास निर्माण र आर्थिक समृद्धिका लागि राज्य अभियानको नेतृत्व गर्ने एजेन्डाहरू रहेको छ।



### कला घले

प्रदेशसभाको उम्मेदवार
उदयपुर क्षेत्र नं. २ 'क'
एमाले

मैले उम्मेदवारी दिएको १९ वडा, एक नगरपालिका र एक गाउँपालिका पर्छ। स्वस्थ्य, सडक, बिजुली, खानेपानीलगायतको समस्याहरू छन्। शिक्षाको उचित प्रबन्ध गर्नु पर्नेछ। म विजयी भएँ भने नीतिगतरूपमै यहाँको समस्यालाई समधानका लागि अगाडि बढ्नेछु। बेरोजगारको समस्यालाई समाधान गरी अगाडि बढ्नेछु। अव्यवस्थित बसोबासको समस्यालाई समाधान गर्नेछु।

लामो समयदेखि बसोबास गर्दै आएका स्थानीयबासीले अझै लालपूर्जा पाएका छैनन्। यसको समाधानका लागि मैले प्राथमिकतामा राखेको छु।



### रामकुमार खत्री

प्रदेशसभाको उम्मेदवार
उदयपुर क्षेत्र नं. २ 'ख'
नेपाली कांग्रेस

मिर्चैयादेखि पूर्वीसम्मको रोड चौडा बनाउने, मितेरी भञ्ज्याङबाट थाना गाउँसम्म जाने बाटो बनाउने एजेन्डा छ। कृषि क्याम्पसको शुरुआत भइसकेको छ।

टेक्निकल क्याम्पसहरू स्थापना गराउने, खानेपानी व्यवस्थापन गर्ने, स्वास्थ्य चौकीको विकास गने ', सिँचाइको व्यवस्था गर्ने, कटारी नगरपालिकामा खहरे खोलामा बाँध तटबन्धको व्यवस्था गर्ने मेरो योजना छ।



### नारायण वुर्जा

प्रदेशसभाको उम्मेदार
उदयपुर क्षेत्र नं. २ 'ख'
(स्वतन्त्र)
भऱ्याङ चि≈न

आसन्न निर्वाचनले प्रदेशसभा र प्रतिनिधिसभाका उम्मेदवार तय गर्नेछ। वाम गठबन्धनको स्थायी सरकार बनेपछि नयाँ आयमको शुरुआत हुनेछ। खानेपानी, विद्युत्, सडक, स्वास्थ्य, शिक्षाजस्ता समस्याहरूलाई दिगोरूपमा हल गर्दै जानेछु। २७ वर्षदेखि जनताको सेवामा समर्पित छु। आम मतदाताको सुख-दु:खमा साथ दिँदै आएको छु। जिल्लाको सामाजिक संघ-संस्थाहरू मार्फत सामाजिक कार्यमा समेत काम गर्दै आएको छु। यी नै चुनाव जित्ने आधार हुन्।

## लोकतन्त्रको रक्षा र दक्षिण ललितपुरको समग्र विकासलाई प्राथमिकता



**उदयशमशेर राणा**
उम्मेदवार, ललितपुर क्षेत्र नं. १
नेपाली कांग्रेस

हामी ललितपुरलाई समृद्ध बनाउन चाहन्छौं। यसका लागि पनि सक्षम योग्य राजनीतिक नेतृत्व निर्वाचित हुन आवश्यक रहेको छ। सबै क्षेत्र, वर्ग, लिङ्ग, जात, धर्म, सम्प्रदाय, भूगोललाई कार्यक्रममार्फत समटेरे ललितपुर क्षेत्र नं. १ मा नमुनाको रूपमा कार्य गर्ने अभियानमा निरन्तर क्रियाशील छौं। विकासलाई स्मरण गर्दा, २०७० सालमा नेपाली कांग्रेस निर्वाचनमा विजयी भएपश्चात् ललितपुरको विकासका योजनाहरू सम्पन्न गरेका छौं।

अबको पालो लोकतन्त्रको स्थायित्व र आर्थिक समृद्धिका लागि हो। यसका लागि नेपाली कांग्रेस अघि बढिरहेको छ। अब त कांग्रेसले बहुमतको सरकार बनाएर देशमा समृद्धि ल्याउनेछ। यसबाट अत्ताल्लिएका नेपालका कम्युनिस्टहरू एकाएक एकता प्रयासमा लागे। एक-आपसमा नीति, सिद्धान्त, कार्यदिशा र पद्धति नै नमिल्ने एमाले र माआवोदी कन्द्रबीचका गठबन्धन लोकतन्त्र र कांग्रेसलाई रोक्न खोज्ने दुस्प्रयास गरेका छन्।

वास्तवमा कम्युनिस्ट एकता हुनु नराम्रो हो इन तर गठबन्धनमार्फत जनमत हासिल गरेर संविधान परिवर्तन गरी नेपाललाई कम्युनिस्ट मुलुक बनाउँछौं भनेर लाग्नुचाहिँ प्रजातन्त्रमाथिको कुठाराघात हो। देश र जनताप्रति गम्भीर धोका पनि हो। तसर्थ, आम मतदाता यसमा अत्यन्त सचेत र चनाखो हुनुपर्छ। यो हामीले कदापि हुन दिनुहुँदैन। गहिरिएर विश्लेषण गर्दा, विश्वबाट कम्युनिस्ट पतन तथा लोकतान्त्रिक समाजवादको विश्वव्यापीकरणको आधुनिक युगमा नेपालमा कम्युनिस्टको शासन र सरकार हुनु राम्रो कुरो होइन।

४ वर्ष सांसद रहेर गरेका कामले गर्दा आसन्न निर्वाचनमा मेरो जित सुनिश्चित रहेको छ। ४ वर्षमा मैले गरेका विकासका कामहरू नै मेरो विजयको आधार हो। त्यसलाई निरन्तरता फेरि दिनेछु। विकास र रोजजारी मेरो पहिलो प्राथमिकता भएको छ। चुनावपछि देश आर्थिक समृद्धितर्फ अग्रसर हुनेछ। जनताले चाहेका विकास र रोजगारी प्राथमिकतामा राखेको छु। कृषि उत्पादनतिर पहिलो कदम चालेर घर-घरमै रोजगारीको सिर्जना गर्ने मेरो योजना रहेको छ।

लोकतान्त्रिक गठबन्धनको विजयीले मात्र संविधानको पूर्ण कार्यान्वयन र देशले आर्थिक विकासमा फड्को मार्न सक्नेछ। यस क्षेत्रमा मुख्यरूपमा पानी, बाटो, सिँचाइ, कृषिलगायतका क्षेत्रमा विकास गर्नुपर्ने देखेको छु।

मलाई विश्वास पनि यही छ कि, मैले गरेका कामहरूबारे त्यहाँका बासिन्दा जानकार छन् र ललितपुरको थप विकास र समृद्धिका लागि मतदाताले मलाई फेरि जिम्मेवारी दिनेछन्।

## संविधान संशोधनसहित समृद्धिका लागि मेरो उम्मेदवारी



**भीमकुमार महर्जन**
उम्मेदवार, काठमाडौं क्षेत्र नं. ९
नयाँ शक्ति पार्टी

अहिले संविधान कार्यान्वयन गर्ने क्रममा मुलुक उभिएको छ। संविधानप्रतिको बुझाइमा दुईवटा अतिवाद रहेका छन्। एक संविधानको कमा र पूर्णविराम कुनै पनि फेरबदल गर्नुहुन्न भन्ने बुझाइ। दोस्रो अतिवाद भनेको संविधान कागजको खोस्टो हो भन्ने बुझाइ। यी दुवै अतिवादलाई चिर्दै संविधानमा जे-जति राम्रा छन्, त्यसको कार्यान्वयन गर्नुपर्दछ। संविधानमा भएका कमजोरीहरू सच्याउनुपर्दछ। प्रादेशिक सीमांकन, भाषा, जाति, समानुपातिक समावेशी सवाल संविधान संशोधन आवश्यक रहेको छ। यसका लागि मैले उम्मेदवारी दिएको हुँ।

कांग्रेस, एमालेले वर्षौं वर्षसम्म शासन चलायो, तर देश आर्थिक समृद्धिको दिशामा अघि बढ्न सकेन। उल्टो भ्रष्टाचार, कमिसनखोर झन्-झन् मौलाउँदै गएको छ। माओवादी पार्टीसमेत यही बाटामो हिँडिरहेको छ। मुलुकको विकास, समृद्धि पुराना पार्टीबाट सम्भव छैन। यसका लागि नयाँ शक्ति राष्ट्रिय पार्टी बन्नुपर्दछ। यसै लक्ष्य प्राप्तिका लागि मैले उम्मेदवारी दिएको हुँ। त्यसैले सारभूत संघीयतासहित आर्थिक समृद्धि नै मेरो मुख्य एजेन्डा हो।

वैशाख १२ गतेको विनाशकारी भूकम्पले लडाएको सम्पदाको पुनर्निर्माण, भूकम्पपीडितलाई राहत वितरण, घर निर्माणका लागि अनुदान दिने कार्यलाई प्राथमिकता दिनेछु। ऐतिहासिक बस्तीको संरक्षण, सांस्कृतिक सम्पदाको संरक्षण गरेर पर्यटन उद्योग प्रवर्द्धन गर्ने, रोजगारीको सिर्जना पनि मेरो मुख्य एजेन्डा हुन्।

त्यसै गरी ३ नं. प्रदेशमा नेपालीपछि नेपाल भाषालाई सरकारी कामकाजी भाषाको रूपमा मान्यता दिलाउने, गैरन्यायीक सडक विस्तार कार्यलाई अन्त्य गर्न ऐतिहासिक सम्पदा, बस्ती र संस्कृतिमैत्री हुने गरी विकास निर्माणका कार्य अघि बढाउने कार्य गर्ने मेरो प्रतिबद्धता व्यक्त गरेको छु। बाटो विस्तार कार्य गर्दा सम्पदा, संस्कृति, संविधान र मानव अधिकारका कानुन र प्रचलित कानुनले निर्दिष्ट गरेबमोजिम हुनुपर्दछ। मुआब्जा तथा क्षतिपूर्ति नदिई घर, जग्गा जमिनबाट उठाएका जनतालाई अविलम्ब चलनचल्तीको पुनर्स्थापना, मुआब्जा र क्षतिपूर्ति उपलब्ध गराउनुतर्फ मेरो ध्येय रहनेछ। घरदैलोका क्रममा मतदाताहरूले म मेरो पार्टीप्रति उत्साह र सकारात्मक प्रतिक्रिया व्यक्त गरेको पाएको छु।

हरेक दिन सयौं युवा रोजगारीका क्रममा विदेश पलायन भइरहेका छन्। नेपाल बूढाबूढीको देश बन्दै छ। त्यसैले समृद्धि हाम्रै पालामा सम्भव छ र बनाउनुपर्ने विश्वास जनतालाई दिइरहेका छौं। मेरो प्राथमिकता पर्यटकीय उद्योग प्रवर्द्धन, युवा उद्यमशीलता र स्वरोजगार कार्यक्रमबाट रोजगारी सिर्जना गर्नेछु। यी कार्य पुराना पार्टीबाट सम्भव छैन। यसका लागि नयाँ शक्ति पार्टी जन्मिएको हो। यस पार्टीले प्रादेशिक सम्भाव्यता, भएका स्रोत र साधन परिचालन गर्ने हिसाबले विकासको खाका प्रस्तुत गरेको छ। यस आधारमा जनताले नयाँ शक्तिको महत्त्वलाई महसुस गर्नेमा म पूर्णरूपमा विश्वस्त छु। अरू पार्टीले कुरामात्र गर्दछन्। हामी कुरा गरेअनुसार त्यसलाई पूरा गर्नेछौं। त्यसैले आर्थिक समृद्धि विकासको आधार, पहिचानसहितको प्रदेशको अधिकारका लागि म चुनावी मैदानमा उत्रिएको छु।

## संविधान संशोधन र पहिचानका लागि उम्मेदवारी



**विजयप्रकाश सैंजु**
उम्मेदवार, काठमाडौं क्षेत्र नं. ७ 'क'
राष्ट्रिय पार्टी

प्रदेशको ऐतिहासिक पृष्ठभूमि, सामाजिक वनोट र जातीय जनसंख्याको आधारमा त्यहाँको पहिचान र सभ्यता र इतिहासको सम्मान गर्दै पहिचानको जगेर्ना गर्ने उद्देश्यले प्रदेशसभातर्फ उम्मेदवारी दिएको विजयप्रकाश सैंजुले बताउनुभएको छ।

नेपाल समाचारपत्रसँग कुराकानी गर्दै नेपा: राष्ट्रिय पार्टीका अध्यक्षसमेत रहनुभएका उम्मेदवार सैंजुले प्रदेशको भाषा, संस्कृति, कलाको संरक्षण र समतापूर्वक विकास गर्ने आफ्नो मुख्य एजेन्डा रहेको बताउनुभयो। 'विकसित समुदाय संस्कृति र वातावरणमैत्री हुनुपर्दछ। सडक विस्तारको नाममा यहाँका बासिन्दा र सम्पदालाई अतिक्रमण गर्ने विकास चाहिएको होइन। समतामूलक संस्कृति र पर्यावरणमैत्री विकास चाहिएको हो। यसैका लागि मेरो उम्मेदवारी हो', उहाँले भन्नुभयो-

'कुनै पनि व्यवस्थाको स्थायीत्वका लागि समाजमा देखिएका विभेदको अन्त्य हुनुपर्दछ। सबै प्रकारको विभेदविरुद्ध संघर्षका रूपमा उम्मेदवारी दिएका छौं।'

आदिवासी, जनजाति, मधेसी, दलित समुदायको अधिकार सुनिश्चित गर्ने, प्रदेश नं. ३ मा नेपालभाषा र तामाङ भाषालाई पनि सरकारी कामकाजी भाषाको रूपमा मान्यता दिलाउनुपर्ने पर्ने उहाँको भनाइ रहेको छ। आर्थिक समृद्धिका लागि विभेदरहित समाज निर्माण गर्ने, स्वदेशमा नै रोजगारी सिर्जना गर्ने, कृषिमा आधारित अर्थतन्त्र निर्माण, चीन र भारतको आर्थिक पुलको रूपमा काम गर्ने राज्यको निकायमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने मुख्य एजेन्डा रहेको पनि उम्मेदवार सैंजुको भनाइ रहेको छ।

वाम र लोकतन्त्रवादी मुलुकमा दुई दलीय अधिनायकवाद लाद्ने खतरा उत्पन्न भएको भन्दै त्यसविरुद्ध उभिएको पनि उहाँले बताउनुभयो। ठूला दलको गठबन्धनले विविध विचार र आस्थालाई निषेध गर्द खोजेको पनि उम्मेदवार सैंजुको आरोप रहेको छ। वाम र लोकतन्त्रवादी दुवै अलग-अलग विचारधाराको गठबन्धन भए तापनि आदिवासी जनजाति, मधेसीलगायत उत्पीडित समुदायको मुद्दाको सवालमा यी दुईवटै गठबन्धनको विचारमा खासै फरक नभएको पनि उहाँको धारणा रहेको छ। 'यो गठबन्धनले दुई दलीय तानाशाह लाद्ने खतरा छ। बहुल जाति, बहुल विचार भएको मुलुकमा दुई वटा दलले मात्र शासन चलाउने भनेको अरू जाति र विचारलाई नष्ट पार्ने खतरनाक षड्यन्त्र हो' -उहाँले भन्नुभयो।

हरेक प्रदेशमा भएको मौलिक पहिचानलाई जीवन्त राख्न र प्रदेशभित्रको स्वरलाई उँचो राख्नका लागि उम्मेदवारी दिएको पनि उहाँले जानकारी दिनुभयो। संविधान संशोधनमार्फत पहिचान, जातीय, भाषिक समानता सम्बोधन गर्ने लक्ष्यका रहेको पनि उहाँले जानकारी दिनुभयो।

# कामना फिल्म अवार्डस् पुस २२ मा




फाइल तस्वीर : लक्स कामना फिल्म अवार्ड्स् २०७३




नेपाल समाचारपत्रको सहप्रकाशन सिने मासिक कामनाले आयोजना गर्दै आएको *कामना फिल्म अवार्डस्*को तेस्रो संस्करण आगामी पुस २२ गते शनिबार राजधानीमा हुने भएको छ। ३ दशकभन्दा लामो यात्रा पार गरेको अवसरमा कामनाले सिजी इन्टरटेनमेन्टसँगको सहकार्यमा २०७१ सालबाट थालनी गरेको *सिजी कामना फिल्म अवार्डस्* राजधानीको भद्रकालीस्थित आर्मी अफिसर्स क्लबमा हुन लागेको हो।

कामनाको आयोजना तथा सिजी इन्टरटेनमेन्टको प्रस्तुतिमा हुने लक्स कामना अवार्डस् २०७४ मा गत वर्षबाट बहुराष्ट्रिय कम्पनी युनिलिभिर नेपालको उत्कृष्ट सौन्दर्य साबुन लक्सको समेत सहकार्य थपिएको छ। *लक्स कामना फिल्म अवार्डस् २०७४* मा *छक्का पञ्जा* सर्वाधिक धेरै १७ विधाको मनोनयनमा परेको छ। दीपाश्री निरौलाको डेब्यु निर्देशनमा बनेको *छक्का पञ्जा उत्कृष्ट चलचित्र, नवनिर्देशक, कथा, पटकथा, संवाद, अभिनेतृ, सहअभिनेता, सहअभिनेतृ, खलपात्र, हास्य कलाकार, पार्श्व गायक, नृत्य निर्देशक, पार्श्व संगीत, छायांकन, सम्पादन* र *ध्वनि मिश्रण* विधाको मनोनयनमा परेको छ। यो चलचित्रबाट पार्श्व गायकमा दुई गायक राजनराज शिवाकोटी र कृष्ण काफ्ले मनोयनमा परेका छन्।

प्रदीप भट्टराईको डेब्यु निर्देशनमा बनेको *जात्रा* र हेमराज बीसीको *गाजलु* १४-१४ विधाको मनोयनमा परेको छ। *जात्रा उत्कृष्ट चलचित्रका* साथमा *नवनिर्देशक, अभिनेता, अभिनेतृ, सहअभिनेता, खलपात्र, हास्य कलाकार, बाल कलाकार, पटकथा, संवाद, सम्पादन, शृंगार, ध्वनि मिश्रण* र *पार्श्व संगीत* विधाको मनोनयनमा परेको छ। हेमराज बीसीद्वारा निर्देशित चलचित्र *गाजलु उत्कृष्ट चलचित्रसँगै निर्देशक, अभिनेता, सहअभिनेता, सहअभिनेतृ, हास्य कलाकार, नवअभिनेतृ, कथा, पटकथा, संवाद, छायांकन, सम्पादन, शृंगार* र *ध्वनि मिश्रण* विधाको मनोनयमा परेको छ। निश्चल बस्नेतद्वारा निर्देशित चलचित्र *लुट-२ उत्कृष्ट निर्देशक, हास्य कलाकार, बाल कलाकार, संगीतकार, गायिका, नृत्य निर्देशक, पार्श्व संगीत, द्वन्द्व निर्देशक, छायाँकार, सम्पादक* र *शृंगार* गरी ११ विधाको मनोनयमा परेको छ। आकाश अधिकारीद्वारा निर्देशित *के म तिम्रो होइन र उत्कृष्ट चलचित्रसहित निर्देशक, सहअभिनेता, नवअभिनेता, नवअभिनेतृ, पार्श्व गायक, पार्श्व संगीत, द्वन्द्व निर्देशक, शृंगार* र *ध्वनि मिश्रण* गरी १० विधाको मनोनयनमा परेको छ। त्यसै गरी *बाटोमुनिको फूल-२* र *डाइङ क्यान्डल* (निभ्न लागेको दियो) ९-९ विधाको मनोयनमा छन्। *बाटोमुनिको फूल उत्कृष्ट निर्देशक, सहअभिनेता, सहअभिनेतृ, कथा, पटकथा, संवाद, गीतकार, गायिका, पार्श्व संगीत* तथा नरेशकुमार केसीद्वारा निर्देशित *डाइङ क्यान्डल उत्कृष्ट चलचित्र, अभिनेतृ, नवनिर्देशक, बाल कलाकार, कथा, पटकथा, छायांकन, सम्पादन* र *शृंगार* विधाको मनोनयमा परेको छ। चलचित्र *शब्द नवनिर्देशक, अभिनेता, नवअभिनेतृ, बाल कलाकार, संवाद, गीतकार, गायक* र *छायाँकार* गरी ८ विधा तथा *वीरविक्रम उत्कृष्ट अभिनेता, नवअभिनेतृ, खलपात्र, संगीतकार* र *पार्श्व गायक* गरी ५ विधाको मनोनयमा परेको छ। ऋषि लामिछानेद्वारा निर्देशित चलचित्र *किस्मत-२* पनि *गीतकार, गायिका, द्वन्द्व निर्देशक, नवअभिनेता* र *नृत्य निर्देशक* गरी ५ विधाको मनोनयनमा परेको छ।

दीपकराज गिरी यस वर्ष *छक्का पञ्जा*बाट खलपात्र विधाको मनोयनमा परेका छन् भने सोही फिल्मबाट उनी कथा पटकथामा पनि मनोनयमा परेका छन्। संवादमा उनीसहित केदार घिमिरे र जितु नेपाल मनोनयनमा परेका छन् भने यो एउटै फिल्मबाट केदार घिमिरे र बुद्धी तामाङ हास्य कलाकारको मनोनयमा छन्। ताराप्रकाश लिम्बु चलचित्र *वीर विक्रम*बाट संगीतकार र गायकको मनोनयनमा परेका छन् भने पुरुषोत्तम प्रधान *छक्का पञ्जा* र *लुट-२* बाट छायाँकार, कविराज गहतराज *छक्का पञ्जा, किस्मत* र *राधा* गरी ३ चलचित्रबाट नृत्य निर्देशक, एस कुमार एउटै फिल्म *बाटोमुनिको फूल*बाट कथा, पटकथा, संवाद गरी ३ विधा, हेमराज बीसी *गाजलु*बाट कथा, पटकथा र निर्देशन गरी ३ विधा, प्रदीप भट्टराई पटकथा, संवाद र नवनिर्देशक गरी ३ विधा, संवाद र नवनिर्देशक गरी ३ विधा, अर्जुन पोखरेल गीतकार र संगीतकार गरी २ विधा, नरेशकुमार केसी कथा, सुरेन्द्र पौडेल *गाजलु* र *लुट-२* बाट सम्पादक, सरोज बुढाथोकी *डाइङ क्यान्डल* र *गाजलु*बाट शृंगार तथा उत्तम न्यौपाने *गाजलु* र *चपली हाइट-२* बाट ध्वनि मिश्रण विधाको मनोनयमा परेका छन्। उत्कृष्ट ५ को मनोनयन गर्ने व्यवस्था भए पनि पार्श्व गायक र छायांकन विधामा निर्णायक मण्डलीबाट बराबर अंक पाएका कारण उत्कृट ६ जनाको सूची आएको छ।

अवार्ड समारोहमा चलचित्र क्षेत्रमा पुऱ्याएको योगदानको आधारमा कला र प्रविधि क्षेत्रबाट एक-एक जनालाई जनही १ लाख रुपियाँ नगदसहित *कीर्तिमय दीर्घ योगदान सम्मान* (लाइफ टाइम अचिभमेन्ट अवार्ड) अर्पण गरिनेछ। त्यसै गरी निर्णायक मण्डलको निर्णयका आधारमा प्रतियोगितामा रहेको एक फिल्म, कलाकार वा प्राविधिकलाई *जुरी अवार्ड* प्रदान गरिनेछ भने संगीत, फेसन र नाट्य विधामा *सिजी क्रिटिक्स अवार्ड* पनि प्रदान गरिनेछ।

# नेवा सुन्दरीको योमरी पुन्ही



*मिस नेवा ११३७* र *मिस लिटिल नेवा* २०१७ का विजेता, उपविजेता तथा पूर्व *मिस नेवा*हरुले आइतबार योमरी पुन्ही दिवस मनाएका छन्।

ती सौन्दर्य प्रतियोगिताका सहभागीहरुले नेप्लिज फेसन होममा भेला भएर एक-अर्कालाई योमरी बनाउन सिकाएर योमरी पुन्ही मनाएका हुन्। आफूहरुले सिकेको योमरी बनाउने कला आगामी दिनमा अरूलाई पनि सिकाउने र परिवारमा योमरी बनाएर यो चाड मनाउने *मिस नेवा:* विजेताहरुले बताए।

नेवार चाड पर्वमध्यको महत्त्वपूर्ण पर्व योमरी पुन्ही भएकाले यो दिवस मनाइएको नेप्लिज फेसन होमकी अध्यक्ष हेमा मानन्धरले बताइन्। योमरी संस्कृति नयाँ पुस्तामा हस्तान्तरण गर्न पनि आफूहरुले *मिस नेवा:*हरुलाई योमरी बनाउन सिकाएको अध्यक्ष मानन्धरले बताइन्।

यसैबीच नेवार समुदायको सांस्कृतिक महत्त्व, जातीय पहिचान, मूल्य मान्यता एवं भाषा, भेषभूषाको सम्वर्द्धन एवं प्रवर्द्धनलाई प्रतियोगितात्मक कार्यक्रमबाट युवापुस्तामा सचेतना फैलाउने उद्देश्यले १२ वर्षदेखि आयोजना हुँदै आएको *मिस नेवा:* प्रतियोगिताको तयारी आरम्भ भएको छ। *मिस नेवा: ११३८* का रूपमा आयोजना हुने यो प्रतियोगितामा सहभागी हुन चाहने नेवार समुदायका युवतीहरुका लागि आवेदन फाराम खुला गरिएको आयोजक संस्था नेप्लिज फेसन होमले जनाएको छ। रोजिन शाक्यको कोरियोग्राफी रहने प्रतियोगितामा पूर्व *मिस नेवा:* सुनीता डंगोल नेपाल भाषा प्रशिक्षक तथा रोहिया महर्जन डान्स कोरियोग्राफरका रूपमा रहनेछन्।

सन् २००५ बाट आरम्भ भएको यो प्रतियोगितामा हालसम्म सविता श्रेष्ठ, सुविता प्रधान, सुप्रिया तुलाधर, आकाशा व्रजाचार्य, योगिता महर्जन, सुजिना शाक्य, सुनीता डंगोल, सुदिना श्रेष्ठ, अलिशा व्रजाचार्य, सरिना स्थापित, एन्जेल श्रेष्ठ र इशु श्रेष्ठले *मिस नेवा:*को ताज पहिरिसकेका छन्।

# धुर्मुस-सुन्तली फाउन्डेसनलाई सम्मान

हेटौंडा, (नेस)। साहित्य संगम मकवानपुर र सिस्नुपानी नेपाल मकवानपुरले प्रदान गर्दै आएको *भैरव स्मृति सम्मान* २०७३ धुर्मुस-सुन्तली फाउन्डेसनलाई प्रदान गरिएको छ।

हेटौंडामा शनिबार आयोजित एक समारोहमा हास्य कलाकार तथा समाजसेवी सीताराम कट्टेल 'धुर्मुस' लाई प्राध्यापक तथा साहित्यकार डा. सुधा त्रिपाठीले नगद २१ हजार १ सय २१ रुपियाँसहित सम्मान प्रदान गरेका हुन्।

२०७२ सालको भूकम्पले क्षति पुऱ्याएपछि कट्टेल बस्ती पुनर्निर्माण अभियानमा छन्। तीन वटा बस्ती निर्माण गरी चौथो बस्ती निर्माणमा होमिएका उनलाई दु:खमा जनताको मन जित्ने अभियानमा लागेको भन्दै सम्मान प्रदान गरिएको साहित्य संगम मकवानपुरले जनाएको छ। कार्यक्रममा हेटौंडाका हास्य व्यंग्यकार राजकुमार लामिछानेको *पुतलाकको पावर* नामक पुस्तक विमोचन गरिएको छ। कार्यक्रममा पुष्पलाल स्मृति पुस्तकालय परिसरमा रहेको व्यंग्यकार भैरव अर्यालको प्रतीमामा माल्यार्पण गरिएको थियो।







सम्मान चलचित्रको
उत्सव उत्कृष्टताको

CG Entertainment
Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्डस् २०७४

मन परेको फिल्म र फिल्मकर्मीलाई
SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: RUSLAN 100% PURE MOVES
OFFICIAL BANK: prabhu Bank

ASSOCIATE SPONSOR:
NIC ASIA एन आई सी एशिया बैंक लि.
IME International Money Express Fast, Reliable And Secure Remittance
KILOMETER

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

विधा: सर्वोत्कृष्ट चलचित्र
छक्का पञ्जा
Type KFA space space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

विधा: सर्वोत्कृष्ट निर्देशक
सुवर्ण थापा – बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल – चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी – गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी – के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत – लुट-२
Type KFA space 2E & send to 32722

विधा: सर्वोत्कृष्ट अभिनेता
दयाहाङ राई - वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी - गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की - जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती - निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल - शब्द
Type KFA space 3E & send to 32722

विधा: सर्वोत्कृष्ट अभिनेतृ
प्रियंका कार्की – छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा – डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत - जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी - लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना - निर्भय
Type KFA space 4E & send to 32722

विधा: सर्वोत्कृष्ट खलपात्र
ध्रुव कोइराला - बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा - वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी – छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल - जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया - पलाँस
Type KFA space 5E & send to 32722

विधा: सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा - जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई - लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत - गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ - छक्का पञ्जा
Type KFA space 6E & send to 32722

विधा: सर्वोत्कृष्ट संगीतकार
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा - लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल - निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा - राधा/छपक्कै
Type KFA space 7E & send to 32722

विधा: सर्वोत्कृष्ट पार्श्व गायक
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले - छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास - के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं - पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वस्पराज आचार्य - शब्द/हरपल
Type KFA space 11F & send to 32722

विधा: सर्वोत्कृष्ट पार्श्व गायिका
जलजला परियार - बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य - हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त - किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला - लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई - राधा/छपक्कै
Type KFA space 10E & send to 32722

विधा: लक्स पपुलर च्वाइस अवार्ड
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

# विचार

ज्ञान नै शक्ति हो।
- फ्रान्सिस बेकन

असम्भव भन्ने शब्द मेरो शब्दकोशमा छैन।
- नेपोलियन बोनापार्ट

## सम्पादकीय

नेपाल समाचारपत्र

## बजार अनुगमनलाई प्रभावकारी बनाऊ

सरकारले गर्दै आएको बजार अनुगमन झारा टार्ने काम मात्रै भएको छ। सरकारले एकीकृतरूपमा बजार अनुगमन गर्न नसक्दा बेला–बेलामा हुने अनुगमन केवल झारा टार्ने काम मात्रै भएको देखिन्छ। बजार जुनरूपमा अनुगमन हुनुपर्ने हो त्यस अनुरूप हुन सकेको छैन। बजार अनुगमन तीव्र नहुँदा व्यापारीहरूले मनलाग्दी गर्दै आएका छन्। मानवस्वास्थ्यमा गम्भीर असर पर्ने खालका काम व्यापारीबाट हुँदै आउँदासमेत सरकारले प्रभावकारी अनुगमन गर्न नसक्नु मुलुककै लागि दुर्भाग्य मान्नुपर्दछ। आपूर्ति व्यवस्थापन विभागले दैनिक बजार अनुगमन गर्ने गरेको भनिए पनि त्यो प्रभावकारी हुन नसकेको गुनासो आमउपभोक्तले गर्दै आएका छन्। सरकारले बजार अनुगमनलाई तीव्रता दिनुको सट्टा झारा टार्ने खालका काम हुनु पक्कै पनि सुखद समाचार होइन। सरकारी निकाय फितलो हुँदा व्यापारीले मनलाग्दीरूपमा मूल्य राखेर व्यापार गर्ने गरेको आरोप लाग्ने गरेको छ। तर सरकारी निकायले यसलाई सुनेको नसुन्यै गर्नुले कतै सरकार नै व्यापारीसँग मिलेको त होइन भन्ने आशंका आमउपभोक्ताले गरेका छन्। त्यसैले सरकारले यसतर्फ ध्यान पुऱ्याउनै पर्छ।

राज्यले बजार अनुगमनका लागि पर्याप्त बजेट विनियोजन गरेको भए पनि रकमको सही सदुपयोग हुन सकेको छैन। बजार अनुगमनका लागि छुट्याएको रकमसही ठाउँमा उपयोग नहुनु दुःखद पक्ष हो। सरकारले राजधानीका बजारको अनुगमनका लागि २ करोड रुपियाँ छुट्याएको खबर बाहिर आएको छ। यो रकम सरकारी कर्मचारीले बजार अनुगमनका नाममा भत्ता लिनु आफैंमा हास्यास्पद विषय बन्न पुगेको छ। सरकारी भत्ता लिने तर अनुगमनचाहिँ नाम मात्रको हुनु राम्रो पक्ष होइन। कुनै पनि कार्य गरिन्छ भने त्यसको प्रतिफल हुनुपर्छ। राज्यले अनुगमनका नाममा खर्चचाहिँ गरिरहने तर त्यसको प्रतिफल प्राप्त नहुने हो भने अनुगमनको औचित्य नै के रह्यो र ? यसले अनुगमन कार्यमाथि नै प्रश्न चिन्ह खडा गरेको छ।

त्यसैले अनुगमन गर्ने निकायले भत्ता लिने मनसायले मात्र अनुगमन गर्नु भएन। बजार अनुगमन गर्ने निकाय उपभोक्ता व्यवस्थापन विभागले गर्ने अनुगमन साँच्चिकै प्रभावकारी हुनुपर्‍यो। विभागले अनुगमनका नाममा दैनिक टोली परिचालन गर्ने गरेको भए पनि यसको प्रभावकारिता नदेखिनुलाई के भन्ने ? यसतर्फ राज्यको ध्यान जान जरुरी देखिन्छ। बजारमा अहिले पनि म्याद नाघेका सामान खुल्लंखुल्ला वितरण हुने क्रम नरोकिनुलाई आमउपभोक्ताले राज्यको संयन्त्रमाथि प्रश्न उठाउँदै आएका छन्। आमउपभोक्ताले उठाउँदै आएको आवाजको जवाफ राज्यले दिनै पर्छ र बजार अनुगमनलाई प्रभावकारी बनाउनै पर्छ।

# निर्वाचनमा सीमित लोकतन्त्र सर्वव्यापी भ्रष्टाचार



कपिल काफ्ले

कुनै पनि सचेत नेपालीले भ्रष्टाचार नियन्त्रणसम्मको सपना त देख्ला, तर यसको उन्मूलन उसको कल्पनाभन्दा बाहिरको विषय भएको छ। भ्रष्टाचारलाई सरकारी वा सार्वजनिक संस्थामा हुने घूसखोरी र अनियमिततामा सीमित गरेर हेर्दा यसलाई निकै हदसम्म नियन्त्रण गर्न सकिने सम्भावना छ। जुन समाजमा परम्परागत संस्कारमै भ्रष्टाचार छ, त्यहाँ उन्मूलनको परिकल्पना भने तत्कालका लागि व्यर्थ छ। तर, 'नियन्त्रण'को उद्देश्य पूरा गर्नु छ भने पनि 'परिकल्पना' चाहिँ उन्मूलनकै राख्नुपर्छ भन्ने रणनीति हो भने कुरा बेग्लै हो।

ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई)को आगामी रिपोर्टमा नेपाल सोमालियाको अझ नजिक हुने प्रस्ट लक्षणहरू देखिएका छन्। पछिल्लो आमनिर्वाचनले नेपाललाई अझ बढी भ्रष्ट मुलुकतिर धकेलेको छ। राजनीतिक दल र शीर्ष नेताहरूले निर्वाचनका लागि टिकट दिँदा उम्मेदवारबाट सीधै 'चन्दा' उठाए। चुनाव लड्ने क्रममा उम्मेदवारहरूले भोट किन्न पैसा बाँडे। भोज-भतेर चलाए। सरकार र शक्तिमा रहेका व्यक्तिले हरेक राजनीतिक नियुक्तिमा करोडौं कमाए। सामान्य पदका कर्मचारीको नियुक्ति र सरुवाका लागि पनि ठूलो रकम घूस बुझाउनुपर्ने अवस्था आयो। लोकतान्त्रिक व्यवस्थालाई सुदृढ बनाउन पूर्वाधारका रूपमा रहेका कानुनी शासन, पारदर्शिता, जवाफदेहिता र इमानदारीजस्ता अवस्था र गुणहरूको अभ्यास भएन। हाम्रो लोकतन्त्र नेपाली जनताका लागि मतदान दिन पाउने र प्रश्न उठाउन सक्ने अभ्यासमा मात्र सीमित भयो। यसमा पनि पहिलो अधिकारको अभ्यास त सामान्यतः सन्तोषजनक नै छ, तर शक्तिमा रहेका व्यक्तिका अगाडि उभिएर प्रश्न गर्ने अधिकारको अभ्यास भने राम्रो छैन।

> पछिल्लो आमनिर्वाचनले नेपाललाई अझ बढी भ्रष्ट मुलुकतिर धकेलेको छ। राजनीतिक दल र शीर्ष नेताहरूले निर्वाचनका लागि टिकट दिँदा उम्मेदवारबाट सीधै 'चन्दा' उठाए। चुनाव लड्ने क्रममा उम्मेदवारहरूले भोट किन्न पैसा बाँडे। भोज-भतेर चलाए। सरकार र शक्तिमा रहेका व्यक्तिले हरेक राजनीतिक नियुक्तिमा करोडौं कमाए।

यही अवस्थालाई ख्याल गर्दै भ्रष्टाचारविरुद्धको अभियानमा लागेका मित्र केदार खड्काले आमनागरिकलाई सजिलो बनाउन केही सम्भाव्य प्रश्नहरू बनाई आफ्नो फेसबुक वालमा टाँसेका छन्। नवनिर्वाचित सांसदहरूलाई तत्काल सोध्न सकिने केही प्रश्नहरू यस्ता छन्- चुनावमा भएको खर्चको हिसाब निर्वाचन आयोगमा कहिलेसम्म पेस गर्नुहुन्छ, सम्पत्ति विवरण कहिलेसम्म बुझाउनुहुन्छ, भ्रष्टाचारविरुद्धको संकल्प प्रस्ताव संघीय संसद् र प्रदेशसभामा कहिले प्रस्तुत गर्नुहुन्छ, भ्रष्टाचारविरुद्ध लड्ने यहाँको कस्तो योजना छ, देशमा भ्रष्टाचार बढेर अन्तर्राष्ट्रिस्तरमा नेपालको बेइज्जती भैरहेको छ, यसमा सुधार ल्याउन के गर्न सक्नुहुन्छ, भ्रष्टाचारविरुद्ध काम गर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सबलीकरणका लागि के गर्नुहुन्छ, महालेखापरीक्षकले औंल्याएको एक खर्बभन्दा बढी बेरुजू घटाउन के गर्नुहुन्छ, मुलुकमा सुशासन प्रवर्द्धन गर्ने कुरा यहाँको प्राथमिकतामा पर्छ कि पर्दैन, भ्रष्टाचार गर्नेलाई संरक्षण गर्दिनँ भनेर सार्वजनिक प्रतिबद्धता जनाउन सक्नुहुन्छ, 'घूस लिन्न, घूस दिन्न र घूस खाएको देखेमा विरोध गर्छु' भनेर प्रतिबद्धता जनाउन सक्नुहुन्छ ? आदि प्रश्नहरूको सूची मित्र खड्काले बनाएका छन्।

नजिकै आएको ९ डिसेम्बरमा अन्तर्राष्ट्रिय भ्रष्टाचारविरुद्धको अभियानलाई साथ दिँदै नेपाली नागरिक समाजले विभिन्न कार्यक्रमका साथ ऐक्यबद्धता जनाउनु आवश्यक छ। 'नागरिक समाज : पारस्परिक जवाफदेहिता' परियोजनामा संलग्न ३४ जिल्लाका गैरसरकारी संस्था र नागरिक अभियन्ताहरूले गत भाद्र महिनादेखि नै भ्रष्टाचारविरुद्धको अभियानलाई देशव्यापी बनाएका छन्। उनीहरूले २०७४ भदौ २३ गते प्रधानमन्त्री, सभामुख, नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्रका अध्यक्षहरूलाई भ्रष्टाचारविरुद्धको ज्ञापनपत्र बुझाई यस अभियानको शुरुवात गरे। साथमा, काठमाडौं र ललितपुर महानगरका मेयरहरूलाई पनि सो पत्र बुझाइएको थियो। पत्रमा मुलुकमा भ्रष्टाचार मौलाउँदै गएका गम्भीर उदाहरणहरू प्रस्तुत गर्दै यसले आमनागरिकमा सिर्जना गरेको निराशा, असन्तुष्टि र आक्रोशको चर्चा गरिएको थियो। पछिल्लो समयमा नीतिगतरूपमै भ्रष्टाचार गर्ने परिपाटी मौलाएको, भ्रष्टाचारविरुद्ध लड्ने संरचनालाई कमजोर बनाइएको, मुलुक संघीयतामा गएका कारण सिर्जित संक्रमणकालीन अवस्थामा कानुनी अन्यौलताको फाइदा उठाउँदै भ्रष्टाचारीहरू अझ बढी सक्रिय बनेको आदि प्रसंग ज्ञापनपत्रमा उठाइएको थियो। तर, अधिकारीहरूले ज्ञापनपत्र बुझिलिने काममै आफूलाई सीमित गरे, त्यसपछिका संघीय र प्रादेशिक निर्वाचनमा अझ बढी सक्रियताका साथ भ्रष्टाचारमा संलग्न भए।

हरेक सचेत नेपालीलाई थाहा छ, भ्रष्टाचार तथा घूसखोरीका कारण मुलुकको छवि अन्तर्राष्ट्रियरूपमा नै धूमिल भएको छ। बाह्य तथा राष्ट्रिय अनुसन्धान तथा सर्वेक्षणहरूले यस तथ्यलाई सार्वजनिक गरिसकेका छन्। टीआईको रिपोर्टले भ्रष्टाचारमा नेपाल गम्भीर स्थितिमा रहेको देखाएको छ। विश्वका करिब २ सय मुलुकमा सबैभन्दा बढी भ्रष्टाचार हुने देशको नाम लिनुपर्दा क्रमशः सोमालिया, साउथ सुडान, नर्थ कोरिया र सिरियाको नाम पहिलो लहरमा आउँछ। विगत १० वर्षदेखि टीआईको रिपोर्टमा सोमालियालाई कसैलाई उछिन्न सकेको छैन। तर भ्रष्टाचारको गति यही रहने हो भने नेपालले एकदिन उछिन्न बेर छैन।

टीआईको रिपोर्ट लेख्छ, भ्रष्टाचारको सूचीमा अगाडि रहेका मुलुकको अवस्था प्रतिवेदनमा जति देखाए पनि सुधारका लागि प्रयास हुनुको साटो दिन-प्रतिदिन अवस्था खराब भएको पाइन्छ। मुलुक भ्रष्ट रहेको सामाजिक सूचकमा त्यस मुलुकबाट शरणार्थी भएर वा विभिन्न बहानामा कति नागरिक बाह्य विकसित मुलुकमा पलायन हुन्छन्, हेरे पुग्छ। सिरिया छोड्ने नागरिक हुन् वा भूटान छोड्ने नेपाली मूलका परिवार, यी सबैको पछाडि कुनै न कुनै स्वरूपको भ्रष्टाचारले भूमिका खेलेको पाइनेछ। द जर्मन लबिङ ग्रुपका अनुसार 'समाजमा शक्ति र सम्पत्तिको असमान वितरण भएका कारण भ्रष्टाचार हुन्छ र भ्रष्टाचारका कारण समाजमा शक्ति र सम्पत्तिको असमान वितरण हुन्छ, दुवैबीच चक्रीय सम्बन्ध रहन्छ'। टीआईका अध्यक्ष जोज उगाज भन्छन्, अधिनायकवादी नेतृत्व रहेको मुलुकमा राज्यका स्रोत-साधनको वितरणमा विभेद देखिन्छ, प्रेस स्वतन्त्रता कुण्ठित भएको हुन्छ भने न्यायपालिका पनि स्वतन्त्र रहन्न। टीआईले विश्वका १० न्यून भ्रष्टाचारयुक्त मुलुकमा डेनमार्कलाई पहिलो नम्बरमा राखेको छ। त्यसपछि क्रमशः न्यूजिल्यान्ड, फिनल्यान्ड, स्वीडेन, स्वीट्जरल्यान्ड, नर्वे, सिंगापुर, नेदरल्यान्ड, क्यानडा र जर्मनी रहेका छन्। बढी भ्रष्टाचार हुनेमा सिरियालाई यमन, सुडान, लिबिया, अफगानिस्तानले पछ्याएका छन्। गतवर्षको रिपोर्टमा नेपालको स्थान १३१औं रहेको छ। मात्र ४५ मुलुक हामीभन्दा बढी भ्रष्ट छन्। तर, मुलुकको पछिल्लो अवस्था हेर्दा, २०१७ को रिपोर्ट आउँदा हामी १०० तिर होइन २०० तिर झर्ने सम्भावना देखिएको छ। किनभने, मुलुकले लोकतान्त्रिक अभ्यासमा गति लिएको देखिए पनि यो कर्मकाण्डी र मतदानका लागि मात्र भएको छ।

यही अवस्थालाई ख्याल गरेर भ्रष्टाचारविरुद्धको अभियानमा सरिक 'पारस्परिक जवाफदेहिता' परियोजनाले सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोगमा जोड दिएको छ। सार्वजनिक सुनुवाइ, सूचनाको हक, सार्वजनिक परीक्षण, सार्वजनिक खर्च अनुगमन, सामाजिक परीक्षण, समुदाय अंकपत्र, नागरिक प्रतिवेदन पत्र, सेवाग्राही अभिमतजस्ता उपकरणको प्रयोगबाट भ्रष्टाचार नियन्त्रण गर्ने अभियान शुरु गरिएको छ। तर, यो अभियानको सफलता यसको व्यापकता र निरन्तरतामा निर्भर गर्दछ, त्यसैले हरेक नागरिकले शक्तिमा रहेका व्यक्तिका अगाडि उभिएर प्रश्न सोध्ने अभ्यास बढाउनु आवश्यक छ। यसो गरिएमा नै लेखको शीर्षकका रूपमा रहेको प्रश्नको जवाफ सकारात्मक आउनेछ।

## पाठक पत्र

### ह्वाङ्हो सभ्यता पढेर झार होइन, फूल फुलाऔं

चीनको मध्यपूर्वी भागमा एउटा लामो नदी छ, जसलाई चिनियाँहरू ह्वाङ्हो नदी भन्छन्। यसै नदीको किनारबाट शुरू भएको सभ्यतालाई हामी ह्वाङ्हो सभ्यता पनि भन्छौं। इसापूर्व २६ सय वर्षअगाडि शुरू भएको यो चिनियाँ सभ्यतासँगै चीनलाई धेरै राजाहरूले शासन गरे। उनीहरूले शासन मात्र गरेनन् चिनियाँ समाजमा अफिमजस्तो विषको बीजारोपणसँगै यसको व्यापारीकरण गरे। आफ्नो सीप र कौसलमा मूल्य देख्ने त्यति बेलाका गरिब जनतालाई शासकले भ्रष्ट बनाए। चीनका सबैजसो भूभागहरूमा अफिम खेतीको शुरूवात गरियो र चीनको प्रमुख आयस्रोत नै अफिम बन्यो। चीनको त्यति बेलाको उत्पादित अफिमको ठूलो मात्रा पश्चिमा मुलुकहरूमा खपत हुन्थ्यो, खास गरी फ्रान्स र बेलायतमा। चीन सामन्तकालीन त्यो समाजमै विकसित बाटोमा उन्मुख हुँदै थियो।

वैदेशिक मुद्रा भित्रिँदै जानु, चीन सम्पन्न बन्दै जानु, पश्चिमा मुलुकहरू खास गरी बेलायतका लागि यो एउटा दुःखद घटना हुँदै थियो। बेलायतले यसै समयमा घोषणा गऱ्यो- चिनियाँ अफिम अब प्रतिबन्ध हुनेछ। चीनभित्र यो घटना त्यति सहज हुन भने सकेन। बेलायती प्रतिबन्धका बाबजुद पनि चीनले यसलाई रोक्न सकेन। परिणामस्वरूप सन् १८३८ देखि सन् १८४२ सम्म अफिम युद्ध भयो, जसमा २० हजारभन्दा बढी मानिसले ज्यान गुमाउनुपऱ्यो। चीनको यसमा हार मात्र प्रमाणित भएन, उसले आफ्नो देशलाई दीर्घकालीन समयसम्म बाँध्न सक्ने बेलायती साम्राज्यको सन्धिपत्रमा हस्ताक्षर गर्नुपऱ्यो। त्यो सन्धिपत्रले चीनको दक्षिण-पूर्वी भूभाग हङकङ उसबाट अलग गऱ्यो। त्यस बेला चीनका ५ मुख्य बन्दरगाह खुल्ला गर्नुपर्ने, विदेशी वस्तुमा ५ प्रतिशतभन्दा बढी आयात कर लगाउन नपाइने र बेलायती नागरिकलाई चिनियाँ कानुन बाध्य नहुनेजस्ता अर्धऔपनिवेशिक मुलुकको स्वीकृतिपत्रमा चीनको हस्ताक्षर भयो। यो राज्यको सम्झौताबाट चिनियाँ जनता आहत भए। उनीहरूले छिटफुट विद्रोह पनि गरे तर सामन्तवादी सत्ता विदेशीसँग गर्नुपरेको सम्झौतामा कुनै आत्मग्लानिको महसुस गर्दै थिएन। चीनको त्यसपछिको समाज निकै गरिबी र समाजिक विपत्तिको सिकार हुन पुग्यो। सन् १९२८ सम्म चीन एउटा पछौटे सामन्तवादी मुलुकको रूपमा स्थापित भयो तर पछि केही सम्झौताहरू खारेज भए। तर पनि सामन्ती जमिनदारी प्रथा र यसको चरम विकास भएको बृहत् चीनमा मानिसहरू पशुजस्तै सजिलै किनबेच हुनु र भोकमरीले मर्नु कुनै अनौठो विषय थिएन।

कमजोर मानिसलाई विधिन्न रोगले गाँजेजस्तै चीनलाई सम्राज्यवादी मुलुकहरूले उपयोगको माध्यम बनाउन खोजे। यसै बीच अर्को त्यो समयको साम्राज्यवादी मुलुक जापानले चीनमाथि हमला गऱ्यो। निराश चिनियाँ जनता अब न त कुनै पनि विदेशी शक्तिलाई टिकिरहन दिन चाहन्थे, न त चीनभित्रका सामन्तहरू जसले फेरि जापानसँग सम्झौता गर्न लाग्दै थिए उनीहरूसँग नै। सन् १९२१ मा निर्माण भएको चिनियाँ कम्युनिस्ट पार्टी नै भावी चीनको भविष्य बन्न खोज्दै थियो। चीनका सुख्खा पहाडहरू, कठोर हिमले भरिएका बस्तीहरू र मरुस्थलहरूबाट अब चीन गर्जंदै थियो। जनता तयार भए सन् १९२७ मा चीन तयार भयो स्वतन्त्र, स्वाधीन र विशाल चीनको निर्माण यात्रामा निस्कन। हजारौं बस्तीहरू जले, तोप र गोलाहरू महँगो भए र जीवन निकै सस्तो भयो। आफ्ना भावी सन्ततिहरूको निमित्त चीनको एउटा पुस्ताले परिवर्तनको आगोमा बारुद बनेर पड्किन तयार भए। परिणामतः सन् १९४९ मा चीनले पुन जन्म पायो।

अब चीन स्वतन्त्र छ, ९९ सय वर्षअगाडि बेलायतले जुन साम्राज्यवादी शैलीमा चीनको एउटा सुन्दर भूभाग हङकङ खोसेको थियो, स-सम्मान फिर्ता गरेको छ। आज चीन संसारकै तीव्रगतिको बुलेट रेलको गतिमा दौडिरहेको छ। आजका चीनका पुस्ता पुर्खाको त्यो इतिहासको जगमा विश्वकै उत्कृष्ट चीन निर्माणको यात्रामा लम्किरहेका छन्। म विशाल चीनलाई देखेर टोलाइरहेको त्यो क्षणमा एक चिनियाँ मित्र भन्छन्- आजको चीन चिआनहरूमाथि फुलेको सुन्दर फूल हो। झन्डै ८२ लाख मानिसको चिहानहरूमाथि आजको चीन दौडिरहेको छ। म झ्याल खोल्छु र पर हेर्छु, सडकका किनाराहरूमा फूलहरूको छेउमै दुई प्रेमीहरू हाँस्दै बसिरहेका छन्। सोच्छु, १९४९ को शिशु चीन साँच्चै जवान भएको छ। जब चीनको विशालतासँगै यसको इतिहासमा डुबुल्की मार्न खोज्छु, तब आफ्नो देशको इतिहाससँग जोड्न मन लाग्छ।

हामीले पनि सामन्ती समाज नभोगेको कहाँ हो र ? हामीले पनि हाम्रो भूमि नगुमाएको कहाँ हो र ? सबैभन्दा प्रिय कुरा कुनै गुमायौं भने ती हाम्रा आफन्तहरू थिए, तर पनि हामी चिनियाँहरूको त्यही समाजमा छौं, जहाँ मानिसहरूको बिक्री हुन्थो। फरक यत्ति छ कि उनीहरू आफ्नै देशभित्र बिक्री हुन्थे, हामी अन्तर्राष्ट्रिय वस्तुजस्तै बिक्री भैरहेका छौं। त्यो समाज, जहाँ मानिस अकाल मर्ने गर्थे, हाम्रोमा कुपोषणको सिकार भएर मरिरहेका छन्। राज्य लुटेराहरूको हातमा परेको छ। आज पनि हाम्रो मानवताको मरूध्यानमा जीवनरूपी विकासको फूल फुल्न सकेको छैन। यसको लागि हामीले हाम्रा पुर्खाहरूको रगतहरूले सिञ्चिएको यो भूमिमा झारहरू होइन, सुन्दर फूलहरू फुलाउनुपर्ने बेला भएको छ।

*- सुमन सुस्केरा, रसुवा*

### शान्ति सुरक्षाको प्रत्याभूति चाहियो

पहिलो चरणको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन करिब-करिब छिटफुट घटनाका बाबजुद शान्तिपूर्णरूपमा सम्पन्न भएको छ। पहिलो चरणको निर्वाचन सकिएर दोस्रो चरणको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन नजिकिँदै जाँदा जनधनकै क्षति गराउने गरी बम विस्फोटका घटना बाक्लिन थालेका छन्। दाङको तुलसीपुरमा आयोजित चुनावी सभालाई लक्षित गरी गराइएको बम विस्फोटमा परी एकजनाको ज्यान नै गएको अवस्था छ, थुप्रै घाइते भएका छन्। पहिलो चरणको मतदान शान्तिपूर्ण ढंगले सम्पन्न गराएको सरकारले शृङ्खलाबद्ध विस्फोटको निरन्तरताका कारण मतदानअघि-पछिको समयमा पनि सुरक्षा व्यवस्थापनलाई विशेष ध्यान दिनुपर्ने अवस्था देखिएको छ।

चुनाव बिथोल्ने नियतले आमनागरिकलाई आतंकित पार्ने गरी बम विस्फोटका घटना निरन्तर भइरहँदा समेत कुनै पक्षले पनि जिम्मेवारी नलिनुले आश्चर्य हुन पुगेको छ। सरकारबाट पनि यसमा संलग्नबारे स्पष्ट धारणा सार्वजनिक हुन नसक्नुले आमनागरिकमा अन्यौल सृजना भएको छ। विगतको पृष्ठभूमि, शंकास्पद गतिविधि र चुनाव बहिष्कारका कारण नेत्रविक्रम चन्द नेतृत्वको नेकपा नै यसमा संलग्न रहेको अनुमान मात्र गरिनुले सरकारप्रति प्रश्न उठ्नु स्वाभाविक हो। यसमा नेकपाको संलग्नता छैन भन्न सकिने आधार पनि छैन र सरकारले किटानीसमेत गर्न सकिरहेको छैन। यति बेला नेकपाको मौनताको फाइदा अर्को कुनै समूहले उठाउने जोखिम पनि कम खतर्नाक छैन। जसले, जसरी र जुन उद्देश्यका साथ गरेको भए पनि व्यक्ति अंगभंग हुने र ज्यानै जाने गरी गराइएका यस्ता आपराधिक क्रियाकलाप गैरराजनीतिक र भर्त्सनायोग्य छन्। चुनाव बिथोलेर आफ्नो राजनीतिक अभिष्ठ पूरा गराउन खोज्नु शदियौंदेखिको पूरा हुन नसकेका जनताका अधिकारलाई संस्थागत गराउने प्रयासलाई असफल गराउने उद्दण्डता मात्र हो।

विस्फोट उम्मेदवार र चुनावीसभा लक्षित छन्। उम्मेदवार चढेको गाडी, उनीहरूको घर र सभालाई लक्षित गरेर विस्फोट गराइएका छन्। दाङको तुलसीपुरमा प्रधानमन्त्री शेरबहादुर देउवाले सम्बोधन गर्न लागेको सभामै विस्फोट भयो, जुन घटनामा म्यादी प्रहरी २३ वर्षीय विनोद चौधरीको ज्यानै गएको छ भने नौ जना घाइते भए। उदयपुरको दनुवारबेसीमा विस्फोट हुँदा कांग्रेसका प्रतिनिधिसभा सदस्य उम्मेदवार नारायणबहादुर कार्कीसहित सातजना घाइते भए।

चुनावी प्रचारप्रसार बाक्लिँदै जाँदा विभिन्न राजनीतिक दलका शीर्ष नेता, मन्त्रीलाई समेत लक्षित गरी विस्फोट गराइएका छन्। प्रधानमन्त्री र मन्त्री उपस्थित सभा र सवार गाडी विस्फोटको निशानामा पर्नुले राज्यको सुरक्षा व्यवस्थापन कति कमजोर रहेछ भन्ने देखाउँछ। यसले खासगरी सुरक्षा निकायको सूचना संयन्त्रमाथि प्रश्न खडा गरेको छ। चुनावविरोधी गतिविधिमा लागेको आरोपमा थुप्रै पक्राउ परे पनि विस्फोट गराउने क्रियाकलापमा संलग्न अधिकांश व्यक्ति सुरक्षा निकायको आँखा छल्दै सुरक्षित स्थानमा जानुले सुरक्षाकर्मीहरूको कमजोरीको उजागार गरेको छ।

सरकारले अहिले सिर्जित सुरक्षा चुनौती सामना गर्न सुरक्षा रणनीति बदल्नुपर्छ। आतंक फैलाउने यस्ता क्रियाकलाप नियन्त्रणमा दृढताका साथ अघि बढ्दै आमनागरिकमा शान्ति, सुरक्षाको प्रत्याभूति दिलाउन सक्नुपर्छ। समयमा सरकार गम्भीर नहुने हो भने, ठूलै धनजनको क्षति नहोला भन्न सकिने अवस्था छैन।

*- सुदीप पाठक, काठमाडौं*

## सामाजिक सञ्जाल



उम्मेदवार लक्षित घटना घटे, बम धेरै पड्के तर अपराधी पक्राउ गर्न सकेनन्। नैतिकता भएको भए गृहको कार्यभार सम्हालेका देउवाले राजीनामा दिनुपर्थ्यो।

**Kedar marasini**
**@kedarmarasini**



जिन्दगीमा कसैलाई पनि बेकार नसम्झनु, किनकि बन्द घडीले पनि दिनमा दुईपटक समय दिन्छ।

**Sujita Adhikari**
**@Sujita02885974**



विनाचुनाव चीन विश्वकै शक्तिशाली र बलियो अर्थतन्त्र बन्दै छ। विश्वले नाकाबन्दी गर्दा उत्तर कोरियाले अमेरिका थर्काएकै छ। सोभियत युनियनविना नै रसियाले अमेरिकालाई टक्कर दिएकै छ। यो सबै कम्युनिस्टविना सम्भव थिएन।

**Kisor Subedi**
**@mindkisor**

२०७४, मंसिर
सोमबार
१८

# नेपाल

> य:मरी पुन्हीका दिन गृहणीहरू शुद्ध भएर चामलको पिठो मुछेर रोटीको माथिल्लो भाग गजुरजस्तै चुच्चो बनाई तल्लो भागको गर्भमा चाकु, तिल, मास, गुदपाक, खुवा राखी त्रिकोण आकार बनाई पानीको बाफमा पकाउने गरिन्छ।



१४औं ज्यापु दिवसको अवसरमा निकालिएको र्‍यालीमा य:मरीलाई शहर परिक्रमा गराइँदै।
*तस्वीर: मन्जेस महर्जन/काठमाडौं*

## ५४ सञ्चार माध्यमद्वारा निर्वाचन आचारसंहिता उल्लंघन

काठमाडौं, (नेस)

प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनका क्रममा ५४ वटा सञ्चारमाध्यमले निर्वाचन आचारसंहिता उल्लंघन गरेका छन्। प्रेस काउन्सिलले आमसञ्चार माध्यममा आचारसंहिता पालनाको अवस्थाबारे कात्तिक २६ गतेदेखि गरेको विशेष अनुगमनका क्रममा विभिन्न ५४ वटा सञ्चारमाध्यममा आचारसंहिता उल्लंघनका १ सय १३ वटा घटना देखिएका छन्।

बिहीबार राति १२ बजेदेखि मौनअवधि शुरू हुनुअघिसम्म विभिन्न ५४ वटा आमसञ्चारमाध्यममा आचारसंहिता उल्लंघनका १ सय १३ वटा घटना देखिएको प्रेस काउन्सिल नेपालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। जसमा छापामा ३४, रेडियोमा ३२, टीभीमा २७ र अनलाइनमा २० वटा घटना रहेका छन्। आमसञ्चारमाध्यमले राजनीतिक दल तथा उम्मेदवारका चुनावी कार्यक्रमको प्रत्यक्ष प्रसारण गर्ने, विज्ञापन प्रकाशन/प्रसारण गर्ने, असन्तुलित समाचार सम्प्रेषण गर्नेजस्ता कार्य गरेको प्रेस काउन्सिल नेपालले बताएको छ। विज्ञप्तिमा भनिएको छ- 'निर्वाचन आचारसंहिता प्रतिकूलका घटनाका सम्बन्धमा काउन्सिलद्वारा प्रत्यक्ष फोन, एसएमएस, ईमेल, पत्राचार र सार्वजनिक अपिलमार्फत् पत्रकार तथा निर्वाचन आचारसंहिता पालनामा सचेत रहन ध्यानाकर्षण गराइएको छ। कतिपय आमसञ्चारमाध्यमसँग स्पष्टीकरण सोधिएको छ।'

# कांग्रेसले हार स्वीकार गरिसक्यो : *नेपाल*

**नेपाल समाचारपत्र**
काठमाडौं

एमाले वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले दोस्रो चरणको निर्वाचनअघि नै कांग्रेसले पराजय स्वीकार गरिसकेको बताउनुभएको छ। प्रेस चौतारी नेपाल र प्रेस सेन्टर नेपालको मिडिया डेस्कद्वारा आइतबार आयोजित अन्तरक्रिया कार्यक्रममा कांग्रेसले हार स्वीकार गरेकै कारण जनताबीच एजेन्डाभन्दा वाम गठबन्धनविरुद्ध कू-प्रचार बढी गरिरहेको दाबी गर्नुभयो।

'जनता वाम गठबन्धनलाई बहुमत दिएर जिताउन आतुर देखिएपछि अत्तालिएर कांग्रेस भ्रमपूर्ण कू-प्रचारमा लागेको छ, जनताका बीचमा आफ्ना एजेन्डा नभएपछि पहिले-पहिलेजस्तै कम्युनिस्ट सरकार आए बूढाबूढी मार्न खाल्डो खन्छ भनिरहेका छन्', नेपालले भन्नुभयो- 'त्यसैले कांग्रेसले दोस्रो चरणको चुनावअगावै पराजय स्वीकार गरिसकेको छ।'

तर ०४६ पछि ३ पटक बहुमत दिँदा पनि देश सम्हाल्न नसक्ने कांग्रेसलाई किन मत दिने भन्ने प्रश्न गरिरहेको भन्दै नेपालले जनता यस पटक वाम गठबन्धनलाई बहुमत दिएर जिताउन आतुर बनिरहेको दाबी पनि गर्नुभयो। नेपालले पहिलो चरणको निर्वाचनले वाम गठबन्धनले प्रष्ट बहुमत ल्याउने संकेत देखिएको पनि बताउनुभयो। 'बिहानीले दिउँसोको संकेत गरेजस्तै पहिलो चरणको निर्वाचनले वामपन्थीको पक्षमा जनलहर देखिएको छ, अब देशमा बहुमतसहितको सरकार बन्छ' -नेपालले भन्नुभयो।

उहाँले भ्रष्ट्राचार र ढिलासुस्तीको अन्त्य, कानुनी शासनको प्रत्याभूति, विकासको अभियान तीव्र बनाएर रोजगारीका अवसर सिर्जना गर्न तथा सुखी नेपाली र समृद्ध नेपालको नारा साकार पार्न जनताले वाम गठबन्धनलाई जिताएर बहुमतको सरकार बनाउनुपर्ने बताउनुभयो।

**तालमेलमा कांग्रेसको खुवी देखियो**

नेपालले एमाले र माओवादी केन्द्रको चुनावी तालमेलले चुनावलगत्तै एकीकरणको रूप लिने पनि प्रष्ट पार्नुभयो। 'हामीले एकीकरणसमेत गर्नेगरी चुनावी तालमेल गर्‍यौं, तर कांग्रेसले गरेको तालमेलको प्रयास देशैभर असफल भयो', नेपालले भन्नुभयो- 'यसबाट कांग्रेस पार्टीको खुबी र क्षमता प्रष्ट भएको छ।'

## नयाँ शक्तिका उम्मेदवार सिम्खडा एमालेमा प्रवेश

काठमाडौं, (नेस)

नयाँ शक्ति पार्टी नेपाल काठमाडौं-२ का उम्मेदवार गणेश सिम्खडा एमालेमा प्रवेश गरेका छन्। आइतबार आयोजित अन्तरक्रिया कार्यक्रममा सिम्खडाले एमाले वरिष्ठ नेता नेपालको जित सुनिश्चित गर्न पार्टी प्रवेश गरेको घोषणा गरे।

'नयाँ शक्ति पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराई राष्ट्रिय पार्टीका लागि संघर्ष गरिरहनुभएको छ, उहाँले जित्ने सम्भावना पनि नदेखिएकाले अब समृद्ध नेपाल बनाउने अभियान वाम गठबन्धनको सरकारबाट मात्र सम्भव हुने निष्कर्षका साथ म नेपाललाई सघाउन एमाले प्रवेश गरें' -सिंखडाले भने।

## २० लाखसहित दम्पती पक्राउ

ललितपुर, (नेस)

ललितपुर महानगरपालिका-१० यूएन पार्कमा बा४६प ५८१३ नम्बरको मोटरसाइकलमा सवार काठमाडौं जोरपाटी बस्ने खेम गुरुङ र उनकी श्रीमती ज्योती गुरुङलाई कालो लेडिज ब्यागमा राखेको अवस्थामा स्रोत नखुलेको नगद २० लाखसहित शनिबार प्रहरीले पक्राउ गरेको छ।

# दान पर्वको रूपमा मनाइयो य:मरी पुन्ही

पुष्कर बुढाथोकी, भक्तपुर

आइतबार भक्तपुरका नेवार समुदायले समयसूचक चाड एवं दान पर्वको रूपमा य:मरी पुन्ही मनाएका छन्। धार्मिक विश्वासअनुसार आजको दिनदेखि दिन लामो र रात छोटो हुँदै जाने भएकाले यो पर्वलाई समयसूचकका रूपमा लिने गरिन्छ। धान्य पूर्णिमा अर्थात् य:मरी पुन्हीका अवसरमा दान गरे फलिफाप हुने विश्वासअनुसार दान दिने प्रचलन रहेको छ।

मल्लकालदेखि यो पर्वमा आजको दिन कुनै पनि चीज दान गर्दा पुण्य प्राप्त हुने विश्वासले य:मरी लिने र दिने परम्परा रहेको हो। मंसिर-पुषको जाडोमा य:मरी दान गर्ने चलनसमेत रहेको छ। आजको दिन बिहानैदेखि य:मरी चढाएर पूजा गर्नेहरूको शिवालयमा भीड लाग्ने गर्छ।

तिहारमा द्यौसी/भैलो खेलेझैं टोल-टोलका घरघरमा गएर युवायुवतीले गीत गाउँदै य:मरी माग्ने प्रचलन छ। य:मरी पुन्हीका दिन गृहणीहरू शुद्ध भएर चामलको पिठो मुछेर रोटीको माथिल्लो भाग गजुरजस्तै चुच्चो बनाई तल्लो भागको गर्भमा चाकु, तिल, मास,



गुदपाक, खुवा राखी त्रिकोण आकार बनाई पानीको बाफमा पकाउने गरिन्छ।

पूर्णिमाका दिन य:मरीलाई धानका भकारीलगायतमा चढाउने गरिन्छ। यसो गर्दा धनसम्पत्ति र अन्न लाभ हुने जनविश्वास छ। परम्पराअनुसार य:मरी पकाएको ४ दिन, ६ दिन र १२ दिनसम्म धानको भकारीमा य:मरी पूजा गर्ने र छोरीचेली तथा आफन्तलाई बोलाएर भोज खुवाउने प्रचलन पनि रहेको छ।

य:मरीलाई कुवेर र गणेशका प्रतीकका रूपमा समेत लिइन्छ। आजको दिनलाई सकिमना पुन्ही अर्थात् पिंडालु उसिन्ने पूर्णिमाका रूपमा पनि नेवार समुदायले मनाउने गर्दछन्। आजका दिन पिँडालु, सख्खरखण्ड उसिनेर खाने गर्दछन्। य:मरी, पिँडालु खानाले जाडो सहन सक्ने ऊर्जा र कफ नष्ट गर्ने शक्तिको विकास हुन्छ भन्ने मान्यता रहेको छ।

किम्बदन्तीअनुसार पाञ्चाल देश (हालको पनौती) मा सुचन्द्र नाम गरेका दानी र धर्मात्मा महर्जन बस्दथे। उनका दम्पती भगवान् विष्णुका परमभक्त थिए। उनीहरूको दयालु स्वभाव जाँच गर्न एकदिन धनपति कुवेर गरिब ब्राह्मणको भेषमा भिक्षा माग्न सुचन्द्रका घरमा पुगे। सुचन्द्रकी श्रीमतीले ब्राह्मणरूपी कुवेरलाई श्रदापूर्वक आफूले तयार पारी राखेको य:मरी खुवाइन्।

उनको सत्कारदेखि प्रशन्न भई कुवेरले आफ्नो असलीरूप देखाई य:मरीको गुण र धानको भकारीमा श्री गणेश, कुवेर, लक्ष्मीको पूजा गरी य:मरी चढाउने विधि बताएर गए। सोही अनुरूप सुचन्द्र दम्पतीले य:मरी धानको भकारीमा चढाएर ४ दिनपछि प्रसादको रूपमा बाँडेर खाएकाले उनीहरूको धनसम्पत्ति वृद्धि भयो र य:मरी खाएका कारण शरीरसमेत हृष्टपुस्ट हुन थाल्यो।

विस्तारै यो कुरा जताततै फैलिएपछि त्यही बेलादेखि नेवार समुदायमा य:मरी पूर्णिमाको संस्कृति विकास भएको देखिन्छ। धनसम्पत्ति वृद्धि र धनधान्य वृद्धि हुने विश्वासले नेवार समुदायमा य:मरी पूर्णिमाका दिन सबैले य:मरीसहित विभिन्न देवीदेवताको पूजा गरी दान गर्ने गर्दछन्। नेवार समुदायमा क्षमताअनुसार पैसा, धान, चामल र य:मरी दान गर्ने प्रचलन रहेको छ।

य:मरी नयाँ धानको चामलको पिठोबाट बनाइन्छ। य:मरी भगवतीलाई अन्नपूर्णदेवीको प्रतीकका रूपमा पनि लिइन्छ। यस दिन नेवार समुदायले य:मरीको कुवेर, गणेश, लक्ष्मी, ज्यापु ज्यापुनी, ख्या: महादेव, पार्वतीलगायतको मूर्ति बनाएर आफ्ना अन्नका भकारी र भण्डार कोठामा चढाएपछि मात्र आफूले खाने चलन रहेको छ। यसरी य:मरी चढाउँदा आफ्नो अन्नमा वृद्धि हुने र त्यसको प्रभावमा घर अन्नले भरिपूर्ण हुने तथा धनलाभ हुने जनविश्वास रहिआएको छ। नेवार समुदायले नयाँ धान घरमा भित्र्याएपछि यसै दिन विभिन्न नयाँ परिकार बनाएर खाने चलन रहेको स्थानीयको भनाइ छ।

संस्कृतिविद् ओम धौभडेले य:मरी पूर्णिमालाई जाति विषेशको चाड मात्र नभनी देशभरि नै फैलाउनुपर्ने बताउनुभयो । यसैबीच य:मरी पूर्णिमा (धान्य पूर्णिमा) अर्थात् आजको दिन साँझ नेवार समुदायको घरआँगनमा गुञ्जिने लोकभाका अचेल गुञ्जिन छाडेका छन्। लोकप्रिय र महत्त्वपूर्ण पर्वमध्येको एक य:मरी पुन्हीको साँझ नेवार समुदायको घरआँगनमा गुञ्जिने य:मरी भाका परम्परागत चाडपर्व आधुनिकताको चपेटामा परेसँगै लोप हुँदै गएका हुन्।

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धन नोक्सानी, मानसिक चञ्चलता, आँखामा समस्या, असन्तोष।
**वृष** : उत्तम भोजन, पुरस्कार-गिफ्ट पाइने सम्भावना, भाग्य चम्किने।
**मिथुन** : नोक्सानी, राम्रै बोले पनि उल्टो अर्थ लाग्ने, स्वास्थ्य समस्या।
**कर्कट** : धन वा सेवा-सहयोग प्राप्ति, सुख-सन्तोष, मन प्रफुल्लित।
**सिंह** : सुख-सन्तोष, हर्षविभोरका साथै गरेको काममा सफलता।
**कन्या** : राजनीतिज्ञबाट भय, इज्जत-प्रतिष्ठामा धक्का, कष्टदायक यात्रा।
**तुला** : रोगव्याधिले शिथिलता, आकस्मिक खर्च, काममा असफलता।
**वृश्चिक** : आर्थिक लाभ, आइपरेका समस्याको समाधान, अधुरा कार्य पूरा।
**धनु** : द्रव्यलाभ, खेलकुद, पठनपाठन, परीक्षामा सफलता, परिवार-सुख।
**मकर** : ग्यास्टिक-अपचजस्ता समस्याले सताउला, आलस्यता, कार्य बाधा।
**कुम्भ** : परिवारमा विवाद, झाडापखालाको सम्भावना, व्यर्थको दौडधुप।
**मीन** : पैसा प्राप्ति, सम्मानित, पुरस्कृत एवम् ठूलै उपलब्धिको सम्भावना।

# नेपाल

तिमीहरुका लागि ठीक लाग्छ भने हामी बाधक बन्दैनौं भन्ने बुबा र दाजु भाउजूको सहमतिपछि विवाह गरेको प्रभातले बताउनुभयो।

# ट्याक्टर दुर्घटना हुँदा ७ घाइते

## तीनको अवस्था गम्भीर

**विमल विष्ट, डोटी**



डोटीमा सेप्त ८८१ नम्बरको ट्याक्टर दुर्घटनामा परी ७ जना घाइते भएका छन्। जिल्ला प्रहरी कार्यालय डोटीले दिएको जानकारीअनुसार डोटीको दिपायल सिलगढी नगरपालिका-१ तिखाको मोडमा आइतबार दिउँसो भएको ट्याक्टर दुर्घटनामा परी कैलाली धनगढी उपमहानगरपालिका-१६ बस्ने वर्ष २० का बेफुराम चौधरी, सोही नगरपालिका-२ बस्ने वर्ष २३ का विजय थारु, वडा नम्बर ३ बस्ने वर्ष २६ का पुनाराम डगौरा, ४ बस्ने वर्ष २२ का भागीराम थारु, वर्ष २३ का लालबहादुर चौधरी, वडा नम्बर २ बस्ने वर्ष २७ का रामसिंह चौधरी र सोही नगरपालिका बस्ने वर्ष २३ का ट्याक्टर चालक विनोद चौधरी घाइते भएका छन्।

त्यस्तै घाइते हुनेमध्ये तीन जना विनोद चौधरी, लालबहादुर चौधरी तथा रामसिंह चौधरीको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। ट्याक्टर चालक विनोद चौधरीको टाउकोमा गम्भीर चोट लागेको र अहिलेसम्म होस नआएकाले उनलाई थप उपचारका लागि कैलालीतर्फ पठाइएको जिल्ला प्रहरी कार्यालय डोटीले जनाएको छ।

अन्य घाइतेको दिपायल पिपल्लास्थित शैलेस्वरी अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनामा परेकाहरू आदर्श गाउँपालिका क्षेत्रमा भइरहेको विद्युत् विस्तारका लागि काम गर्न गएका कामदार भएको प्रहरीले जनाएको छ। ट्याक्टर कसरी दुर्घटना भयो त्यो विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# विप्लव निकट प्रधानाध्यापक पक्राउ

खोटाङ, (नेस)

खोटाङमा नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल शिक्षक संगठनमा आवद्ध प्रधानाध्यापक पक्राउ परेका छन्। प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनका क्रममा चुनावविरोधी गतिविधिमा संलग्न भएको आरोपमा लामिडाँडा गाउँपालिका-१ कुभिन्डेस्थित रत्नराज्यलक्ष्मी आधारभूत विद्यालयका प्रअ शेखर पोखरेल पक्राउ परेका हुन्।

सोही गाउँपालिका-२ खार्पा स्थायी ठेगाना भएको पोखरेललाई जिल्लामा भएको चुनावका समयमा उम्मेदवार, नेता तथा जनप्रतिनिधिको घरजग्गा कब्जा गर्ने, बम विस्फोट गराउनेलगायतका गतिविधिमा संलग्न भएको सूचनाका आधारमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय खोटाङका डीएसपी लोकदर्शन थापाले बताउनुभयो। पोखरेललाई शनिबार साँझ पक्राउ गरिएको प्रहरीले जनाएको छ।

# 'नयाँ शक्ति चुम्बकले तानिने धातु होइन'

**नेपाल समाचारपत्र**

हेटौंडा



नयाँ शक्ति नेपालका केन्द्रीय संयोजक तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले नयाँ शक्ति फरक एजेन्डासहित आएकाले आफ्नो पार्टी अन्य पार्टीजस्तो नभएको बताउनुभएको छ।

शनिबार राति करिब ११ बजे हेटौंडा आइपुग्नुभएका भट्टराईले कार्यकर्तालाई होटल लिडोमा सम्बोधन गर्दै नयाँ शक्तिले महत्त्वपूर्ण जित हासिल गर्ने दाबी गर्नुभयो। मध्यरातसम्म जारी कार्यक्रममा उहाँले कार्यकर्तालाई विचलित नहुन आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो- 'नयाँ शक्ति चुम्बकले तानिने धातु होइन, यो फरक एजेन्डासहित आएको शक्ति हो।' नयाँ शक्तिले आफूलाई यही निर्वाचनबाट स्थापित गर्ने र राष्ट्रिय पार्टी बनेर देशमा सम्मानजनक अवस्था हासिल गर्ने दाबी गर्नुभयो।

निरास र हठात नभएर अभियानमा लाग्न कार्यकर्तालाई निर्देशन दिँदै भट्टराईले कार्यकारी राष्ट्रपति पार्टीको मुख्य एजेन्डा भएको बताउनुभयो। ढिलो चाँडो नेपालका दलहरू यही एजेन्डामा आउने बताउँदै अहिले नै केही हुँदैन कि भनी निरास नहुन कार्यकर्तालाई उहाँले सम्झाउनुभयो।

थोरै मान्छेले पनि सही एजन्डाका लागि काम गर्नसक्ने भन्दै भट्टराईले नयाँ शक्तिलाई राष्ट्रिय पार्टी बनाउन जनता आतुर रहेको बताउनुभयो। 'म जहाँ पुगेको छु, त्यहाँ नयाँ शक्तिको राम्रो अवस्था छ, यसकारण धैर्यतापूर्वक अभियानमा जुट्नुस्' -डा. भट्टराईले भन्नुभयो।

भेलामा उहाँले अहिलेको प्रतिकूल अवस्थालाई मध्यनजर गर्दै निरास नहुन कार्यकर्तालाई निर्देशन पनि दिनुभयो। जिल्ला परिषद्का सदस्यलाई भट्टराईले एक ढिक्का भएर चुनावी अभियानमा लाग्न आग्रह समेत गर्नुभयो।

नयाँ शक्तिका ३ नम्बर प्रदेश संयोजक तथा मकवानपुर प्रतिनिधिसभा-२ का उम्मेदवार सोनामसिंह स्यांतान, समानुपातिक उम्मेदवार तथा कलाकार करिश्मा मानन्धरलगायतका नेता कार्यक्रममा सहभागी थिए।

# मतदान अधिकृतद्वारा राजीनामा

डोटी, (नेस)

डोटीको भवानीस्थान मावि 'क' मतदात केन्द्रमा खटिएका मतदान अधिकृत चेतराज फुलाराले राजीनामा दिनुभएको छ। सो मतदान केन्द्रमा खटिएका फुलारा नेपाल परिवार नियोजन संघ डोटीको शाखा प्रबन्धक अर्थात् गैरसरकारी संस्थाको कर्मचारी भएको भन्दै वाम गठबन्धनको दल नेकपा एमालेले निर्वाचन आयोगमा उजुरी हालेपछि फुलाराले राजीनामा दिनुभएको हो।

उता मुख्य निर्वाचन अधिकृत जयानन्द पनेरुले मतदान अधिकृत चेतराज फुलाराको विषयमा केन्द्रीय निर्वाचन आयोगमा उजुरी परेको भए पनि अहिलेसम्म यसो गर्नु भन्ने कुनै परिपत्र नआएको र विभिन्न पत्रपत्रिका र एफएम रेडियोहरूमा समाचार आएपछि उहाँले आफैले राजीनामा पेस गरेको बताउनुभयो।

मतदान अधिकृत चेतराज फुलारा खटिएको भवानीस्थान मावि 'क' मतदान केन्द्रमा निमित्त महिला विकास अधिकृत सविना श्रेष्ठलाई खटाइएको मुख्य निर्वाचन अधिकृत पनेरुले बताउनुभयो। उहाँले भन्नुभयो- 'फुलाराजीका विषयमा विवाद भएपछि उहाँले राजीनामा दिनुभयो, निर्वाचनको जगेडामा रहनुभएकी निमित्त महिला विकास अधिकृत सविनाजीलाई उक्त केन्द्रको मतदान अधिकृत तोकेर पठाएका छौं।'

# रुकुमपूर्वको काम पश्चिमबाट

**धनवीर दाहाल, रुकुम**

रुकुमपश्चिममा रहेको जिल्ला शिक्षा कार्यालयले अब रुकुमपूर्वको काम पनि गर्ने भएको छ। रुकुम सिंगो हुँदा गर्ने काम जस्तै दुई जिल्लामा विभाजन भएपछि पनि सोहीअनुसार गर्ने भएको हो। जिल्ला विभाजन भएर प्रदेश नं ५ र प्रदेश नं ६ मा भएपछि कसरी काम गर्ने भन्ने अन्यौल रहेको थियो। अर्को व्यवस्था नहुँदा सम्मका लागि पश्चिमरुकुममा रहेको जिल्ला शिक्षा कार्यालयले नै रुकुमपूर्वको काम गर्ने गरी शिक्षा मन्त्रालयले परिपत्र गरेको छ।

शिक्षा मन्त्रालयको पत्रअनुसार अब काम गर्न सजिलो भएको जिल्ला शिक्षा अधिकारी कर्णबहादुर कुँवरले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। प्रदेश नं ५ मा पर्ने रुकुमपूर्वका तीन वटा स्थानीय तह सिस्ने गाउँपालिका, भुमे गाउँपालिका र पुथा उत्तरगंगा गाउँपालिका र प्रदेश नं ६ मा पर्ने रुकुमपश्चिमका तीन नगरपालिका आठबीसकोट, मुसिकोट र चौरजहारी एवं तीन गाउँपालिका त्रिवेणी, बाँफिकोट र सानीभेरीमा शिक्षासम्बन्धीका सबै कर्मचारी सम्बन्धित स्थानीय तहमा खटिएका छन्।

जिल्लास्तरको समन्वयको काम गर्दा जिल्ला शिक्षा कार्यालयले दुवै जिल्लाको समन्वयको काम गर्ने छ। जिल्ला शिक्षाले गर्ने भौतिक पूर्वाधार वितरण, छात्रवृत्ति, शैक्षिक सुधार, सीप विकास तालिमलगायतका कामहरू गर्ने अधिकार पाएको छ। नयाँ संविधानअनुसार रुकुम दुई भागमा विभाजन भई फरक-फरक प्रदेशमा परेको भए पनि शिक्षा मन्त्रालायले भने एउटै जिल्ला मानी काम गरिरहेको छ।

नयाँ जिल्ला रुकुमपूर्वको सदरमुकाम मुसिकोटमा अन्य सरकारी कार्यालय भने स्थापना भइरहेका छन्। सबै कार्यालय स्थापना नभए पनि जिल्ला प्रशासन, जिल्ला समन्वय समिति, जिल्ला अदालत, जिल्ला प्रहरी, राष्ट्रिय अनुसन्धान, कोष तथा लेखा नियन्त्रण, मालपोत, नापीलगायतका कार्यालय स्थापना भइसकेका छन्। अरु कार्यालय पनि स्थापना हुने क्रममा छन्। यसै गरी रुकुमपूर्वको सदरमुकाम रुकुमकोटमा नेपाल बैंकले पनि आफ्नो शाखा स्थापना गरी काम थालेको छ। यसअघि प्रभु बैंक र डिग्रे साइकुमारी बचत तथा ऋण सहकारी संस्थाले काम गरिरहेका थिए।

# 'सिस्टम सिकाउने लोकसेवा !'

**रामधन राई, खोटाङ**

बेरोजगरीको चर्को समस्या रहेको देश नेपालमा लोकसेवा आयोगले सिस्टम सिकाउने काम गरेको लोकसेवा आयोगका अध्यक्ष उमेशप्रसाद मैनालीको दाबी छ। लोकसेवा आयोग सगरमाथा अञ्चल कार्यालय खोटाङको नवनिर्मित भवन उद्घाटन कार्यक्रममा बोल्दै उहाँले कुनै पनि प्रणाली स्थापित हुन नसक्दा वितृष्णा फैलिरहेको अवस्थामा लोकसेवा आयोगले सिस्टम स्थापित गरेको अध्यक्ष मैनालीले दाबी गर्नुभएको हो।

हालै आयोजित उद्घाटन कार्यक्रमका विशिष्ट अतिथि मैनालीले नवनिर्मित भौतिक पूर्वाधारले आयोगका कर्मचारीलाई साना परीक्षा, ल्याब परीक्षाजस्ता काम गर्न सहज बनाउने जनाउनुभयो। मैनालीले जिल्लामा निर्मित भवन लोकसेवा आयोगको मूल्य मान्यताको प्रतीकका रुपमा रहने समेत बताउनुभयो।

मैनालीले लोकसेवा आयोग सबैभन्दा पुरानो संवैधानिक निकाय रहेको जनाउँदै त्यसको साख गुम्न नदिन पाठ्क्रम, परीक्षा प्रविधि परिवर्तन र आयोगलाई प्रविधिमैत्री बनाउँदै युवाहरूको अटुट आस्था तथा मिहेनतलाई कदर गर्न लोकसेवा आयोग खडा रहेको भनाइ राख्नुभयो। अपवादबाहेक लोकसेवा आयोगमा कुनै समस्या नरहेको पनि प्रष्ट पार्नुभयो।

सगरमाथा अञ्चल आयोगले २०४५ साल असार ३० गते दिक्तेलका रामकुमारी सैंजु, तुलसीराम आचार्य र मनराज आचार्यको ६ रोपनी १ दाम जग्गा खरिद गरी २०६७ सालदेखि कागजी प्रक्रियासँगै भवन बनाउन थालेको थियो। २०७० असार ११ गते दिवा निर्माण सेवा प्रालि सातदोबाटो नामक निर्माण कम्पनीबाट आयोगले भवन जिम्मा लिएर कामकाज गर्दै आइरहेको थियो।

सगरमाथा अञ्चलभित्र कर्मचारी पदपूर्ति गर्नका लागि २०२४ सालमा स्थापना भएको लोकसेवा आयोग सगरमाथा अञ्चल कार्यालयको आफ्नै भवन नहुँदा ४६ वर्षदेखि भाडामा बस्दै आएको थियो। २ करोड ६३ लाख ६६ हजार ९ सय ५२ रुपियाँमा निर्माण सम्पन्न भवन ४ वर्षपछि उद्घाटन गरिएको हो। समयमा अनुकूलता र प्राविधिक कारणले औपचारिक उद्घाटनमा ढिलाई भएको लोकसेवा आयोग सगरमाथा अञ्चल कार्यालयका निर्देशक सूर्य कोइरालाले बताउनुभयो।

# माझकिरात खोटाङमा धुमधाम मनाइयो उधौली



**नेपाल समाचारपत्र**

खोटाङ

आइतबार शुरू भएको किरात समुदायको प्रमुख सांस्कृतिक चाड उधौली माझकिरात खोटाङमा धुमधामका साथ मनाइएको छ। किरात राई समुदायको घनाबस्ती रहेको जिल्लास्थित ऐतिहासिक किराती थातथलो तथा बस्तीहरूमा साकेला सिली नाच्दै एकआपसमा शुभकामना आदानप्रदान गरी धुमधामका साथ यो चाड मनाइएको हो।

प्रकृति र पितृपूजक किरातीहरूले आफ्ना पुर्खा र पितृहरूको सम्झनामा पूजाआजा गरी मनाउने यो चाडका अवसरमा किरातीहरूको ऐतिहासिक थलो मानिने मझुवागढी, रुपाकोटलगायतका विभिन्न स्थानमा भेला भई जिल्लाका किरात समुदायले साकेला सिली नाचेका छन्। किरात समुदायले अन्नबाली सप्रियोस, सुब्यफाब्य होस्, रोगव्याध नलागोस् भन्ने कामना गर्दै साकेला चाड मनाउँदै आएका छन्। यो चाडलाई किरात समुदायले छोरीचेली-बाउमाइती तथा आफन्त, इष्टमित्र भेटघाट गर्ने अवसरका रूपमा लिने गरेको पाइन्छ।

चराचुरुंगी लेकबाट बेंसीतिर झर्ने जाडोयाम अर्थात् मंसिरमा उधौली र बेंसीबाट लेकतिर जाने गर्मीयाम वैशाखमा उभौली गरी हरेक वर्षको चारै किरात राई, लिम्बू, याक्खा र सुनुवार समुदायले यो चाड उल्लासमय ढंगले मनाउने गर्दछन्।

यस अवसरमा किरात समुदायका सांस्कृतिक खानाका परिकार लिँदै आपसमा शुभकामना आदानप्रदान गर्ने चलन छ। यो क्रम १५ दिनसम्म चल्छ।

# तराईदेखि हिमालसम्म कालाजारका बिरामी

बाँके, (नेस)

पूर्वी नेपालका १२ जिल्लामा मात्रै देखिँदै आएको कालाजार मध्य र सुदूरपश्चिमका विभिन्न जिल्लामा फैलिएको छ। मध्य र सुदूरपश्चिमका तराईदेखि हिमालसम्म कालाजारका बिरामी देखिएपछि स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको एउटा टोली पश्चिममा खटिएको छ।

'चेन्ड फ्लाई' नामक भुसुनाले टोकेर कालाजार फैलाउने गर्दछ। यो भुसुना तराईदेखि हिमालसम्म नै फैलिएको छ। भारतमा विभिन्न शहरमा मजदुरी गरेर फर्किएका व्यक्तिमा बढी कालाजार देखिएको छ। कतिपय यहींका बिरामी छन्।

जिल्ला जनस्वास्थ्य कार्यालय, बाँकेका भेक्टर कन्ट्रोल अधिकृत रत्नलाल शर्माका अनुसार, कालाजार बाँके, बर्दिया, दाङ, सुर्खेत, प्युठान, कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, हुम्ला, मुगु र डोल्पामा समेत देखिएको छ। पछिल्लो तीन वर्षका बिरामीलाई हेरेर इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको टोली बाँके र बर्दियामा आउने भएका छन्। बिरामीको संख्या बढ्दै गएपछि महाशाखाका भेक्टर कन्ट्रोल अधिकृत उत्तम प्याकुरेल र जनस्वास्थ्य अधिकृत रेशम लामिछाने स्थलगत निरीक्षणका लागि आउन थालेका हुन्।

नेपालगन्ज बजारमा पनि कालाजारका बिरामी देखिएका छन्। अहिले जिल्ला जनस्वास्थ्य कार्यालयले बिरामीको तथ्यांक लिने र घरमै गएर बुझ्ने काम गरिरहेको छ। भेक्टर कन्ट्रोल अधिकृत शर्माले बिरामीको तथ्यांक लिने, कहींबाट सारेर ल्याएको हो कि यहीं हुँदा लागेको हो बुझ्ने, घरवरिपरि भुसुना मार्ने र शंकास्पदलाई जाँच गर्ने अभियान थालेको बताउनुभयो। 'सर्वेबाट यहींकै बिरामी देखिएमा बाँके र बर्दियामा कालाजार नियन्त्रण कार्यक्रम सञ्चालन हुन्छ', शर्माले भन्नुभयो- 'कालाजार अब पूर्वका १२ जिल्लामा मात्रै सीमित रहेन।'

तराईका जिल्लामा मात्रै देखिएको मलेरिया मुगुलगायतका जिल्लामा बढेजसरी कालाजार पनि हुम्ला, डोल्पा, मुगु, डोटी, डडेल्धुरासम्म पुगेको छ। लामखुट्टे पुग्न सक्ने ठाउँमा कालाजार सार्ने भुसुना पनि बाँच्न सक्ने शर्माले बताउनुभयो। पुरानो सर्वेअनुसार ६ हजार फिटसम्म लामखुट्टे देखिएको छ। हुम्ला, जुम्ला, मुगुमा कर्णालीको तिर, खोजहरूमा लामखुट्टे देखिएका छन्।

कालाजारका बिरामी देखिएपछि त्यो कहाँबाट सऱ्यो या यहीं देखिएको भन्ने सर्वे गर्न इपिडिमियोलोजी महाशाखाको टोली आउन थालेको हो। जिल्ला जनस्वास्थ्य कार्यालयले जिल्लाका सबै अस्पतालमा टोली पठाएर पछिल्लो समयमा आएका कालाजारका बिरामीको तथ्यांक संकलन थालेको छ। यहाँका अस्पतालमा प्रत्येक वर्ष नै कालाजारका बिरामी आएको भेटिएको छ।

# दुई अपांगलाई प्रविधिले बनायो जीवन साथी

**नेपाल समाचारपत्र**

लमजुङ

अपांग महासंघमा आवद्ध भएका सदस्यलाई प्रविधिले फेसबुकमार्फत् साथीहरू बनाउने क्रममा दुई अपांगलाई दम्पती बनाएको छ। दुई वर्षअघि दाम्पत्य जीवनमा बाँधिएका उहाँहरूलाई जिल्लास्तरमामनाइएको २६औं अन्तर्राष्ट्रिय अपांग दिवसको कार्यक्रमका अवसरमा लमजुङको भोटेओडारमा भेटाइएको हो।

दुवै जनाले स्नातकोत्तर उत्तीर्ण गरेका जोडीमा प्रभात घिमिरे र सभ्यता गौतम हुनुहुन्छ। प्रभात लमजुङको दोर्दी गाउँपालिका-३ स्थित मञ्ज्याङ गाउँका स्थायी बासिन्दा हुनुहुन्छ भने सभ्यता हेटौडा उपमहानगरपालिका-११ स्थित नवलपुर टोलकी बासिन्दा। उहाँहरूको उमेर क्रमश: २९ र २४ वर्ष रहेको सभ्यताले बताउनुभयो।

उहाँका अनुसार आफूहरूको सामाजिक सञ्जाल फेसबुकमार्फत् चिनाजानी भएपछि अढाई वर्षसम्म प्रेम चलेर घरपरिवारका अभिभावकहरूको सहमति लिएर विवाह गरेको सभ्यताले बताउनुभयो।



तिमीहरूका लागि ठीक लाग्छ भने हामी बाधक बन्दैनौं भन्ने बुबा र दाजु भाउजूको सहमतिपछि विवाह गरेको प्रभातले बताउनुभयो। 'आफ्नो शुभविवाह २०७२ को मंसिरमा सम्पन्न भएको हो, त्यो पनि जिल्ला प्रशासन कार्यालय लमजुङमा कोट म्यारिजमार्फत्' -सभ्यताले सुनाउनुभयो।

यतिबेला प्रभात बेंसीशहर नगरपालिका-१ उदीपुरस्थित जनकल्याण माविमा मावि तहका सांग विद्यार्थीका लागि नेपाली विषयको शिक्षण गर्नुहुन्छ भने सभ्यता जिल्ला समन्वय समिति लमजुङको नासु पदमा काजमा हुनुहुन्छ।

आफ्नो जीवन खुसी र सुखी रहेको दुवैको भनाइ छ। भोलिका दिनमा सभ्यताले आफ्नो योग्यताअनुसार नेपाल सरकारको अधिकृतस्तरको नोकरी गर्ने र प्रभातलाई त्रिविवि केन्द्रीय क्याम्पसको प्राध्यापक हुने सपना देखेर लागिपरेको उहाँहरूको भनाइ छ।

जिल्लामै पहिलोपटक विद्युतीय उपकरण प्रयोग गरेर लिफ्टमार्फत् खानेपानी आयोजना निर्माण सञ्चालन भएको हो। मुसिकोट नगरपालिका वडा नं ११ भलाक्चामा विद्युत्मार्फत् गाउँभन्दा करिब ३ सय २० मिटर तलको पानीलाई तानेर गाउँमा बाँड्ने गरी आयोजना शुरु गरिएको हो।

# गाउँमा पानी पुग्ने भएपछि स्थानीय खुसी

धनवीर दाहाल, रुकुम

मुसिकोट नगरपालिका-११ का ६६ वर्षीया बलीभद्र पुनले त्यति धेरै टाढाको पानी आफ्नो घरअगाडि आउला भन्ने कल्पनासमेत गरेका थिएनन्। सधैं गाग्रीमा पानी बोक्ने बानी परेका पुनलाई तलको पानी माथि आउला भन्ने त सोच्नसम्म सकेका थिएनन्। तर दुई मिटर तलको पानी माथि आउनेभएपछि उनीलगायत स्थानीयमा खुसीको सीमा रहेन। जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रुकुमले वर्षौंदेखिको खानेपानी समस्या समाधान गरिदिएको छ।

जिल्लामै पहिलोपटक विद्युतीय उपकरण प्रयोग गरेर लिफ्टमार्फत् खानेपानी आयोजना निर्माण सञ्चालन भएको हो। मुसिकोट नगरपालिका वडा नं ११ भलाक्चामा विद्युत्मार्फत् गाउँभन्दा करिब ३ सय २० मिटर तलको पानीलाई तानेर गाउँमा बाँड्ने गरी आयोजना शुरू गरिएको हो। १ वर्ष अघिदेखि निर्माण कार्य शुरू गरिएको सो आयोजनाको अहिले मुहानदेखि २ सय मिटर माथिसम्म खानेपानी पुर्‍याउन सफल भएको छ। खैरे खोला मुहानबाट ३ सय २० मिटर माथिको भलाक्चा गाउँमा पानी पुर्‍याइएको हो। जिल्लामा विद्युत्बाट खानेपानी लिफ्ट गर्न लागिएको यो पहिलो आयोजना हो। योभन्दा अघि सौर्य ऊर्जामार्फत् स-साना योजना भने सम्पन्न भइसकेका छन्।

जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रुकुमको आर्थिक सहयोगमा खानेपानी आयोजना निर्माण हुन लागेको हो। विद्युत्को सहायताले पहिलोपटक यति लामो वर्षबाट शुरू यो आयोजनाको अहिले मुहानबाट २ सय मिटरमाथि पहिलो चरणको लिफ्ट गरेर पानी गाउँमा पुर्‍याएको छ।

गाउँमा भन्दा २ सय मिटर लिफ्ट भएको र अब अर्को ठाउँमा ट्यांकी निर्माण गरेर फेरि १ सय २० मिटरमाथि लिफ्ट गरिने बताइएको छ। २ करोड ४० लाखको लगानीमा निर्माण हुने सो आयोजनामा एक घर,



दूरीमा लिफ्ट गरेर खानेपानी ल्याउने आयोजना सम्पन्न हुन लागेको कार्यालयका प्रमुख इन्जिनियर विकेश वधानथाछेले बताउनुभयो। गाउँभन्दा माथि खानेपानीको मुहान नभएपछि उक्त प्रविधि प्रयोग गरेर गाउँमा खानेपानी ल्याउन लागिएको उहाँको भनाइ छ। गत तलबाट आएको पानीको गति प्रतिसेकेन्ड साढे २ लिटर रहेको छ। २ सय मिटर माथिसम्म प्रतिसेकेन्ड साढे २ लिटर तान्नुलाई प्राविधिकरूपमा राम्रो मानिने प्रमुख वधानथाछेले बताउनुभयो। पहिलो मोटरको सहायताले २ सय मिटरमाथि पानी एक धारा निर्माणको अवधारणा राखिएको छ। आयोजना निर्माण भएपछि मुसिकोट नगरपालिका ११ का १ सय ४० घरधुरीभन्दा बढी स्थानीय र त्यहाँका वडा कार्यालय, स्वास्थ्य चौकी तथा विद्यालयले प्रत्यक्षरूपमा लाभ लिने कार्यालयको भनाइ छ।

## वादी बालबालिकाको पीडा

# एक छाक टार्नकै लागि गिटी कुट्छन्

ललित सिंह, बझाङ

'के गर्नु? भोक लाग्छ, घरमा खान केही छैन, केही सीप नलागेपछि दैनिक हथौडा समातेर ढुंगा फोर्ने गरेकी छु, जीवनको सहारा नै यही हो' -यो भनाइ हो थलार गाउँपालिका-३ खोलिकी ७ वर्षीया करुणा वादीको।

'खेतबारी छैन, दैनिक मजदुरी गरेर परिवार चलेको छ, सँगैका साथीसंगी विद्यालय गएर पढ्छन् र कलिला हातमा कलम कापी समात्छन्, मैले भने हथौडा समातेर गिटी कुट्नुपरेको छ' -उनले भनिन् ।

करुणाजस्तै अर्की ९ वर्षीया कल्पना वादीको पनि उस्तै पीडा छ । बाबुआमाको आम्दानीको स्रोत एक रुपियाँ छैन, अक्षर पनि नचिनेकाले कालो अक्षर भैंसीबराबर भएको उनले बताइन्।

उनले भनिन्- 'विद्यालय जान निकै रहर छ । विद्यालय पठाउने कोही छैन। पाँच जनाको परिवार हथौडाको भरमा चलेको छ। छिमेकी घरका गैरदलितका छोराछोरी विद्यालय जान्छन्, आफूले विद्यालय जाने समयमा मंसिरको चिसोमा गिटी कुट्नुपरेको छ। हामी वादी बालबालिकालाई सरकारी र गैर सरकारी संस्था कसैले हेरेका छैनन्। एक बोरा गिटीको ८० रुपियाँ दिने गरेका छन्। दिनभर एक बोरासम्म कुट्न सकिन्छ।'



विद्यालय जाने मन भए पनि घरमा बिहान बेलुकाको हातमुख जोड्न एक मुठ्ठी अन्न घरमा नभएपछि वादी समुदायका बालबालिका भोक न तिर्खा नभनी आमासँग गिटी गुट्न बाध्य भएका हुन्।

'जमिनको नाममा एक मुठ्ठी छैन ।पहिले नाच्दै गाउँदै घरघरमा पुग्ने गरेका थियौं, अहिले टीभी र मोबाइलमा फिल्म हर्ने जमाना आएपछि नाचगान गर्ने पेसा नै संकटमा पर्‍यो ।त्यसैले दैनिक मजदुरी गरी परिवारको हात मुख जोड्ने गरेका छौं' -जयपृथ्वी नगरपालिका-११ की ४५ वर्षीया राधा वादीले बताइन्।

उनले भनिन्- '३६ परिवार हामी वादीको दैनिकी ज्यालादारीमा चलेको छ, राज्यले दिएको पोषण भत्तासमेत सबैले पाएका छैनन्। जिल्लाका सरोकारवाला निकायसँग कि त रोजगारी देऊ हैन भने छोराछोरी पढाइ देऊ भनेर माग राखे पनि कसैले पनि सुनिदिएन।'

वादी परिवारका बालबालिकाको जन्म दर्ता पनि निकै कमले मात्र गरेका छन् । विवाह दर्ता छँदै छैन भने पनि हुन्छ । आवश्यक प्रक्रिया नपुगेकाले पोषण भत्तामा छुटेको हुन सक्ने थलारा गाउँपालिकाकी उपाध्यक्ष गंगु खडायतले बताइन्। उनले भनिन्- 'अब वादी समुदायका घर-घरमा पुगेर जन्म दर्ता गराउने र सबैलाई सीपमूलक तालिम दिएर वादी समुदायको जीवनस्तरमा सुधार ल्याउने योजना बनाएका छौं।'

# क्यान्सरपीडितको याचना

खोटाङ, (नेस) । खोटाङस्थित केपिलासगढी गाउँपालिका-७ सुङदेलका १२ वर्षीय क्यान्सरपीडित बालक बचाउनका लागि सहयोगको याचना गरिएको छ। पारिवारिक आर्थिक अवस्था कमजोर भएको बालक सन्देश राईको नाकको पछिल्लो भागमा भएको क्यान्सर रोगको उपचार गराउन आर्थिक सहयोगको याचना गरिएको हो।

हाल, ललितपुरस्थित नेपाल क्यान्सर हस्पिटलमा उपचारका क्रममा रहेका बालकको थप उपचारका लागि आर्थिक अभाव भएको छ।

# बालविवाह अन्त्यका लागि कार्ययोजना

बैतडी, (नेस)

बैतडीमा बालविवाह अन्त्यका लागि जिल्ला रणनीतिक कार्ययोजना ड्राफ्ट तयार भएको छ। सन् २०३० मा नेपाललाई बालविवाहमुक्त घोषणा गर्ने नेपालसरकारको लक्ष्यअन्तर्गत बैतडी जिल्लालाई पनि बालविवाहमुक्त जिल्ला घोषणा गर्नुपर्ने भएकाले जिल्लामा रणनैतिक कार्य योजनाको ड्राफ्ट तयार पारिएको हो। रणनीतिक कार्य योजना निर्माणका लागि जिल्लाका सरोकारवालासँग छलफल भएको यूएनएफपीएका जिल्ला अधिकृत गणेश शाहीले बताउनुभयो।

बैतडीका १० वटै स्थानीय तहका उपप्रमुख, उपाध्यक्ष, किशोरीवृत्त, प्रतिष्ठित धामी समूह, पत्रकारलगायत सरोकारवालाले बालविवाहमुक्त जिल्ला घोषणा गर्नका लागि कस्ता क्रियाकलाप गर्ने भन्नेबारेमा छलफल गरी रणनैतिक कार्ययोजना तयार पारिएको हो। जनप्रतिनिधि र धार्मिक अगुवाहरूसँग निरन्तर परामर्श गरिरहेको र सबै पक्षलाई सहभागी गराई जिल्लास्तरीय २ दिने कार्ययोजना तर्जुमा गोष्ठी शनिबार सम्पन्न भएको ओआरडीएस संस्थाका पृथ्वीराज अवस्थीले बताउनुभयो। बालविवाह अन्त्यका लागि जिल्ला रणनैतिक कार्ययोजना तर्जुमा परामर्श गाष्ठीमा सहभागीहरूले बालविवाह न्यूनीकरणका लागि ५ वर्षसम्म गर्नुपर्ने क्रियाकलापलाई छलफल गरेर कार्ययोजना बनाएको हो। जिल्ला समन्वय समितिको आयोजनामा युएनएफपीए, नेपाल रेडक्रस सोसाइटी र ओआरडीएस नेपालको आर्थिक प्राविधिक सहयोगमा कार्यक्रम गरिएको हो।

कार्यक्रममा बालविवाह न्यूनीकरणका लागि गर्ने ६ वटा मुख्य बुँदाबारे समूह विभाजन गरेर कार्य योजना तयार पारिएको हो। नेपाल सरकारले तयार पारेको बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीतिका आधारमा रहेर जिल्लामा कसरी बालविवाह अन्त्य गर्न सकिन्छ त्यहीअनुसार कार्ययोजना बनाइएको छ। सन् २०३० सम्म नेपालबाट बालविवाह अन्त्य गर्ने लक्ष्यसहित नेपाल सरकारले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ जारी गरेको हो। किशोरकिशोरीसँग सम्बन्धित सबै मुद्दा सम्बोधन गर्न र बालविवाह अन्त्यका लागि कानुन कार्यान्वयन गर्न यस रणनीतिले प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

# हुम्लामा खाद्य परिकारको महोत्सव

हुम्ला, (नेस)

कृषि विकास कार्यालय हुम्लाको आयोजनामा स्थानीय कृषि उत्पादन प्रदर्शनी तथा खाद्य परिकार महोत्सवको आयोजना सम्पन्न गरेको छ।

दोस्रो पटक हुम्लामा स्थानीय बालीका विभिन्न परिकारको प्रचारप्रसार र खाद्यान्नको महत्त्वलाई लिएर अर्ग्यानिक खाद्यान्न भन्दै स्थानीय परिकारको महोत्सव आयोजना गरिएको हो। स्थानीय खाद्यान्न महोत्सवमा स्थानीयस्तरमा उत्पादित विभिन्न बालीका ९ वटा परिकारको प्रदर्शनी गरिएको हो। जिल्ला कृषि विकास कार्यालयमै नै खाद्य परिकार महोत्सवको आयोजना गरेको जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत चन्द्रप्रसाद सिराले बताए।

फापरबाट विभिन्न प्रकारका परिकार बन्न सक्ने र यसले सुगरका बिरामीलगायतका बिरामीको उपचार गर्न सक्नेसमेत बताएका छन्। हुम्लामा पाइने कालो कागुनोको खिर र सिस्नुको फाँडो (थुक्पा) जस्ता यहाँका रैथाने खाद्य परिकारले स्थान नपाएकाले यसलाई निरन्तरता दिनुपर्ने पूर्वपर्यटनमन्त्री जीवनबहादुर शाहीले बताए।

कागुनोका हलुवा, चिनो खिर, कोदोको ढिंडो, फापरको पकौडा, आलु बन्दा र चोतोको मोमो, लठ्ठेमार्सेको लड्डु, स्याउ, बन्दा, स्थानीय केराउ र गाजरको सलाद, घुँडा मच्चाको चिया र सिस्नुको फाँडो, र स्थानीय महलगायतका विभिन्न परिकार महोत्सवमा प्रदर्शन गरिएको थियो।

# बस पुगेपछि फूलमाला

नेपाल समाचारपत्र

हेटौंडा

हेटौंडाबाट भीमफेंदी गाउँपालिका वडा नम्बर-८, इपासम्म यात्रुबाहक बस सेवा शुरू भएको छ। भीमफेंदी गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को विनियोजित बजेटबाट मोटरबाटो स्तरोन्नतिपछि कोगटेसम्म बस सञ्चालन आरम्भ गरिएको हो।

भीमफेंदी गाउँपालिकाको चमेली कोगटेदेखी थामलेक, देउराली इपा, किटिनीसम्म सडक सुधार र स्तरोन्नति गरेर गाउँमा बस पुग्दा स्थानीयले फूलमालाले स्वागत गरे। गाउँबाट दैनिक बस सेवा सञ्चालनमा आएपछि स्थानीय लाभान्वित भएका छन्।

बस पुगेपछि इपा, महादेवटार, चन्द्राम, फाप्लाङ, स्वाँरा मालगाउँ, धार्के, महभीरका स्थानीय लाभान्वित भएका छन् भने छिमेकी जिल्ला ललितपुरको माल्टा र धुसेलका स्थानीयका लागि पनि बजार आवातजावतका लागि सहजता मिलेको छ।



भूकम्पको पीडामा रहेका सर्वसाधारणलाई घर निर्माणका लागि सामान ढुवानी गर्न अब बसबाट सजिलो हुने स्थानीयले अपेक्षा गरेको इपाका सामाजिक अभियन्ता रामकुमार दानीले जानकारी दिनुभयो। 'अब यात्रुका लागि सहजतासँगै आवश्यक सामान ढुवानीका लागि पनि सर्वसाधारणलाई ठूलो राहत मिलेको छ' -दानीले भन्नुभयो। इपाबाट बिहान ७ बजे बस छुट्ने र दिउँसो हेटौंडाबाट १ बजे फर्कने गरी व्यवस्था मिलाइएको वडा अध्यक्ष जगतमान घिसिङले बताउनुभयो।

# लैंगिक हिंसा रोक्न हाजिरीजवाफ

लमजुङ, (नेस)

लमजुङमा लैंगिक हिंसा रोक्न दम्पतीबीच हाजिरीजवाफमार्फत् सचेतना कार्यक्रम गरिएको छ। लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानका क्रममा महिला तथा बालबालिका कार्यालय लमजुङको आयोजनामा सो प्रतियोगिता गरिएको हो।

जिल्लाको पूर्वी क्षेत्रस्थित रागिनास नगरपालिका- ५ स्थित धमिलीकुवामा जोडी हाजिरीजवाफ प्रतियोगिता गरिएको हो। श्रीमान् र श्रीमतीबीचको सम्बन्धलाई सुमधुर बनाई लैंगिक हिंसा न्यून गर्न सचेतना बनाउने उद्देश्यले सो प्रतियोगिता गरिएको महिला तथा बालबालिका कार्यालयका प्रमुख विष्णुमाया पौडेलले बताउनुभयो।

# मतदाता परिचयपत्र नहुँदा पेन्सन लिन समस्या

नेपाल समाचारपत्र

बैतडी

भारतीय बैंकले मतदाता परिचयपत्र अनिवार्य गरेपछि सयौं भारतीय पेन्सन लिइरहेका नेपाली समस्यामा परेका छन्।

मतदाता परिचयपत्र नबनाएका भारतीय पेन्सनधारी नेपालीलाई समस्या भएको हो। भारतीय बैंकले डिसेम्बर १५ तारिखभित्र कागजात बुझाउन सूचना जारी गरेको छ। भारतीय बैंकले सबैको पेन्सन खाता अद्यावधिक गर्न लागेको छ। भारतीय नागरिकको पनि नागरिकताँगै आधार कार्डलगायतका अन्य पहिचान खुल्ने कागजात खोजेको छ। नेपाली नागरिकलाई नागरिकतासँगै मतदाता परिचयपत्र मागेको हो।

मासिकरूपमा निकासा हुने भए पनि उनीहरूले ४/५ महिनाको फरकमा भारतीय बैंकबाट रकम झिक्ने गरेका छन्। परिचयपत्र नहुँदा खाता नवीकरण गर्न नसकेको भारतको बंगाल प्रहरीबाट सेवा निवृत दशरथचन्द-७ का रामदत्त बडूकी श्रीमती कमलादेवी बडूले बताउनुभयो। 'परिचयपत्र बनाउन टोली आएका बेला ध्यान पुगेन, अन्य समयमा आवश्यक भएन', उहाँले भन्नुभयो- 'बैंकले मतदाता परिचयपत्र नभएसम्म मान्दैन।'

नाम फरक परेका, विवरण नमिलेकालगायतका समस्या जिल्ला प्रशासन कार्यालयको सिफारिसका आधारमा सुल्झिँदै आएका थिए। यसपटक मतदाता परिचयपत्र खाजेकाले समस्या परेको हो। भारतीय सेना, प्रहरीमा कार्यरत श्रीमान्को पेन्सन लिने अधिकांश महिलाले मतदाता परिचयपत्र लिएका छैनन्। निर्वाचन नसकिएसम्म नयाँ परिचयपत्र बनाउन नाम दर्ता गर्न नसकिने भएकाले तत्काल केही गर्न नसकिने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। दिनहुँ समस्या लिएर आउनेको संख्या बढेकाले गृह मन्त्रालय र निर्वाचन आयोगलाई जानकारी पठाउन लागेको सहायक प्रमुख जिल्ला अधिकारी दीपककुमार आचार्यले बताउनुभयो। जिल्ला प्रशासनमा १ सय जना बढीले मतदाता परिचयपत्र बनाउने ब्यवस्था मिलाउन आग्रह गरेको आचार्यले बताउनुभयो। '५०/६० जनाले यो समस्याबारे निवेदन दिएका छन्। १ सय बढीले मौखिक अनुरोध गरेका छन्', सहायक प्रजिअ आचार्यले भन्नुभयो- 'निर्वाचनसम्म परिचयपत्र बनाउने अवस्था छैन, माथिल्लो निकायमा जानकारी गरेर समाधान निकाल्ने प्रयासमा छौं।'

प्रदेश नं. ७ का बैतडी, डडेल्धुरा, दार्चुला र कञ्चनपुरमा भारतीय सेना र प्रहरीबाट पेन्सन सुविधा लिने २ हजार बढी छन्। मतदाता परिचयपत्र नबुझाएसम्म पेन्सन रोकिन सक्ने जिल्ला सैनिक बोर्डले जनाएको छ। निर्वाचन नसकिएसम्म परिचयपत्र बनाउन नसकिनेबारे भारतीय दूतावासको कल्याणकारी शाखामा पठाइएको भारतीय पूर्व सैनिकको कार्यालय जिल्ला सैनिक बोर्ड महाकाली कार्यालय बैतडीका सेक्रेटरी नारायणबहादुर सिंहले बताउनुभयो।

निर्वाचन आयोगले फोटोसहितको मतदाता नामावली संकलन गरी मतदाता परिचयपत्र वितरण गरेर नेपाली पेन्सनधारीको समस्या समाधान गर्न आवश्यक रहेको छ।

यता जिल्ला निर्वाचन कार्यालय बैतडीले भने तत्काल फोटोसहितको मतदाता नामावली संकलन गर्ने कार्य नहुने जनाएको छ। 'प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनपश्चात् निर्वाचन आयोगले निर्देशन दिएपछि मात्रै मतदाता नामावली संकलन कार्य हुनसक्छ' -जिल्ला निर्वाचन अधिकारी माधवप्रसाद फुँयालले बताउनुभयो। उहाँले भन्नुभयो- 'तत्काल मतदाता नामावली संकलन गर्नेबारे केही निर्णय भएको छैन।'


## हार्दिक समवेदना



जन्म मिति
१९८२/०१/०५

स्व. गंगा देवी माथेमा

स्वर्गारोहण मिति
२०७४/०८/०६

यस सामाजिक गुठीका सदस्य पुरुषोत्तम कुमार माथेमाका ममतामयी माता **गंगा देवी माथेमा** ( स्व. पदम कुमार माथेमाकी श्रीमती ) को असामयिक दुःखद निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

माथेमा सामाजिक गुठी
ओमबहाल, काठमाडौं

# विश्व

**खोजी**

दक्षिण कोरियाको भन्चेयोनको सागरमा माछा मार्ने सानो जहाज दुर्घटना भएपछि उद्धार र खोजीकार्य गरिंदै।



**हड्ताल**

तलबप्रति असन्तुष्टि जनाउँदै जर्मनीमा हड्तालमा उत्रेका अमेजन कम्पनीका कामदार।




2017, DEC Monday 4

**विश्व २ मिनेट**

**फ्रान्स**

## यती होइन भालु

पेरिसद, (एजेन्सी)

वैज्ञानिकहरूले हिमाली क्षेत्रमा पाइने दाबी गरिएको हिम मानव 'यती' वास्तवमा भालु भएको बताएका छन्। मिथकहरूमा अत्यन्तै लोकप्रिय रहेको हिममानव हिमालयमा मानव पुग्न नसक्ने ठाउँहरूमा पाउने गरेको बताइन्छ। तर वैज्ञानिकहरू अब उक्त मिथकमा रहेका जीव यती नभएर एसियाली कालो, तिब्बती खैरो वा हिमाली खैरो भालु भएको निस्कर्षमा पुगेका छन्। हिममानव अस्तित्त्वको प्रमाणका रूपमा भेटिएका जति पनि तथ्य छन्, ती सबैले त्यो भालु नै भएको संकेट गरेको उनीहरूले बताए। युनिभर्सिटी अफ बेफेलो कलेजकी कार्लोट लिक्विस्टले मिथकमा रहेको यतीको जैविक आधार स्थानीय भालुमा पाइने बताएकी छिन्।

**अमेरिका**

## जकरवर्ग पीडित

सियाटल, (एजेन्सी)

अलास्का एयरलाइन्सले फेसबुककी पूर्वकार्यकारीलाई एक यात्रीबाट अभद्र व्यवहार गरेको मामिलामा जाँच गरिरहेको जनाएको छ। ती पीडित यात्री मार्क जकरवर्गकी दिदी रेन्डी जकरवर्ग हुन्। उनले गत बुधबार लस एन्जलसबाट मेक्सिकोको उडानका क्रममा उक्त दुर्व्यवहार भएको विषयमा सामाजिक सञ्जालमा उल्लेख गरेकी थिइन्। आफूसँगै बसेका ती व्यक्तिले फर्स्ट क्लासमा बसेका र आफूमाथि लगातार भद्दा टिप्पणी गरिरहेकाले उडान कर्मचारीलाई गुनासो गरेको तर उनीहरूले ती व्यक्ति त्यस्तै स्वभावको भएको बताउँदै आफूलाई नै अर्को सिटको व्यवस्था गरेको बताइन्। यसले आफूलाई अत्यन्तै दुःख लागेको जकरवर्गले बताइन्।

**दक्षिण कोरिया**

## तेह्र व्यक्ति वेपत्ता

सोल, (एजेन्सी)

दक्षिण कोरियाको समुद्री तटमा आइतबार एउटा माछा मार्ने सानो जहाज ३ सय ३६ टनको अर्को टयांकरसँग ठोकिँदा कम्तीमा १३ व्यक्तिको ज्यान गएको छ। दक्षिण कोरियोका तटरक्षकहरूले दुई जना अझै हराइरहेको तथा खोजी र उद्धारकार्य जारी रहेको बताएका छन्। दुर्घटनाको समयमा सियोनचांग- १ नामक माछा मार्नकै लागि चार्टर गरिएको उक्त जहाजमा चालक दलका दुई जना सदस्य र अन्य बीसजना यात्रु सवार रहेको बताइएको छ। यिओन्गहेुंग टापुनजिकको भन्चेयोनको दक्षिणपश्चिमी जलीय क्षेत्रमा सैनिक हेलिकोप्टरहरू र दर्जनौ जहाज खोजीकार्यमा रहेका छन्।

**यमन**

## वार्ता प्रस्तावको स्वागत

साना, (एजेन्सी)

यमनस्थित साउदी अरेबियाको नेतृत्वमा रहेको गठबन्धन फौजले आइतबार त्यहाँका पूर्वराष्ट्रपति अली अब्दुल्लाह सालेहद्वारा समस्या समाधानका लागि राखेको वार्ताको प्रस्तावको स्वागत गरेको छ। सालेहका फौज र गठबन्धन फौजबीच लामो समयदेखि युद्ध हुँदै आएको छ। गठबन्धन फौजले सालेहको इरान समर्थित लडाकूहरूबाट राष्ट्रलाई मुक्त पार्ने विचारको स्वागत गरिएको एक विज्ञप्तिमार्फत् जानकारी दिएको छ। सालेहले उत्तरी यमनमा लागाइँदै आएको नाकाबन्दी हटाइएको र आक्रमण रोकिएको खण्डमा आफू सम्झौता गर्न तयार रहेको बताएका थिए।

# आणविक युद्धको भिख मागेको आरोप

वासिंगटन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा सल्लाहकार एचआर म्याकमास्टरले अमेरिका उत्तर कोरियाबाट सिर्जना भएको खतरालाई सम्बोधन गर्ने दौडमा रहेको जानकारी दिएका छन्।

उनले शनिबार क्यालिफोर्नियामा आयोजित रक्षा मञ्चमा प्रत्येक दिन युद्धको सम्भावना बढिरहेको तर सशस्त्र द्वन्द्व मात्र समस्याको समाधान नभएको बताएका छन्। संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्को नाकाबन्दीलाई बेवास्ता गर्दै उत्तर कोरियाले दुई महिनापछि पुनः अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको कही दिनपछि म्याकमास्टरको यो प्रतिक्रिया बाहिर आएको हो।

प्योङ्याङको पछिल्लो क्षेप्यास्त्र विगतको भन्दा लामो दूरी तय गरी जापानी जलीय क्षेत्रमा खसेको थियो। गत सेप्टेम्बरमा उत्तर कोरियाले पहिलो आणविक परीक्षण गरेको थियो। पछिल्लो क्षेप्यास्त्र प्रक्षेपण सफल भएकोमा उत्तर कोरियामा शनिबार विशाल उत्सवको आयोजना भएको छ।

साथै उत्तरको सरकारी सञ्चार माध्यमले अमेरिकाले दक्षिण कोरियासँग संयुक्त सैनिक अभ्यास गरी आणविक युद्धको भिख मागिरहेको आरोप पनि लगाएको छ।



# आर्टिफिसियल इन्टेलिजेन्समा रूस र चीनसँग पछारिंदै अमेरिका





मस्को (एजेन्सी)

रुस र चीनले आफ्ना सेनालाई आर्टिफिसियल इन्टेलिजेन्सबाट सुसज्जित पार्दै अत्याधुनिकरण गर्न चाहेका छन्। उक्त क्षेत्रमा अमेरिका पछाडि पर्ने खतरामा रहेको एक ताजा प्रतिवेदनले जनाएको छ। पूर्वरक्षाअधिकारी तथा त्यस क्षेत्रका विज्ञहरूले तयार पारेको प्रतिवदेनमा अमेरिकाका दुई ठूला सैन्य प्रतिस्पर्धीहरूले एआईलाई लिएर तीव्रताका साथ अगाडि बढिरहेका छन्। 'उनीहरूले अमेरिकी सेनाका लागि या त भावी परिवर्तनको नेतृत्व लिन वा यसको सिकार हुन विकल्प छोडेका छन्' -प्रतिवेदनमा उल्लेख गरेको छ।

रुसका सेनाले क्रुज क्षेप्यास्त्र र ड्रोनमा आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरेका छन्। रुसले गत हप्ता बन्दुक जडित फाइनल एक्सपेरिमेन्टल डेमोन्स्ट्रेसन अब्जेक्ट रिसर्च (फेडोर) रोबोटलाई अन्तरिक्षमा पठाउने योजनामा प्रगति भइरहेको घोषणा गरेका थिए।

उक्त अत्याधुनिक रोबोटले गाडी चलाउन सक्ने, व्यायाम गर्न सक्ने र सन् २०२० सम्ममा रुसको अन्तरिक्ष यान फेडरात्सियालाई पृथ्वीको कक्षमा पुऱ्याउन मद्दत गर्नेछ। रुसले तेस्रो पुस्ताको सैन्य पोसाक रेत्निक-३ पनि सार्वजनिक गरिसकेको छ।

चीन पनि यो दौडमा प्रवेश गरिसकेको छ। चिनियाँ राष्ट्रपति सी जिनपिंङले पिपुल्स लिबरेसन आर्मी (पीएलए) सशक्त बनाउँदै नयाँ साइबरमा आधारित प्रविधिलाई समावेश गरेका छन्। उनको सरकारले यसै वर्षको पूर्वाद्धमा अमेरिका र रुसलाई उछिन्न एआईमा मात्रै अर्बौं डलरको लगानी गर्ने घोषणा गरेको थियो।

यो दिशामा चीनले आफ्ना कार्यक्रम अगाडि सारिसकेको छ। यसै महिना चीनले यिटु टेकको थालनी गर्दै अनुहार पहिचान प्रविधि विकासको प्रतिस्पर्धा गर्दै त्यसका लागि २५ हजार डलरको पुरस्कारको व्यवस्था गरेको थियो। उक्त प्रविधिका लागि अमेरिकाको आफ्नै डिफेन्स इन्टेलिजन्स एजेन्सीको अनुसन्धान शाखा लागेको छ। चीनको प्राविधिकरूपमा कमजोर स्थिति अब छैन। उसले आर्टिफिसियल इन्टेलिजेन्समा अमेरिकालाई उछिनेर अगाडि बढ्न सक्ने हैसियत बनाइसकेको छ। जनमुक्ति सेना (पीएलए)ले सेनाको नवीकरणबाट परम्परागत अस्त्रमा व्यापक परिवर्तन ल्याउँदै नवीन उपलब्धि हासिल गर्ने लक्ष्य लिएको न्यु अमेरिकन सेक्युरिटीका एल्सा केनियाले एक प्रतिवेदनमा उल्लेख गरेको छ।

अमेरिकी सेनाले एफ- ३५ लाइटनिङ जेट-२ लगायत उसको अत्यन्त शक्तिशाली हतियारहरूमा आर्टिफिसियल इन्टेलिजेन्सबाट सुसज्जित गर्ने काम गरिसकेका छन्। केनिया र विज्ञहरूको सरकारी समूह गोविनीले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई एआईको विकासका लागि दीर्घकालिन रणनीति ल्याउन आग्रह गरेको छन्।


**नेपाल सरकार**
सहरी विकास मन्त्रालय
**सहरी विकास तथा भवन निर्माण विभाग**
डिभिजन कार्यालय, धनुषा

**आशयपत्र सम्बन्धी सचना।**

(प्रथम पटक प्रकाशित मिति २०७४।०८।१८)

यस कार्यालयद्वारा तपसिलका निर्माण कार्यका लागि नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित वोलपत्र सूचना बमोजिम रितपूर्वक प्राप्त भएका सम्पूर्ण सिलबन्दी बोलपत्रहरु मध्ये तपसिलको बोलपत्र दाताको वोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को दफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारबालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | आयोजनाको नाम | ठेक्का नं. | न्युनतम मूल्याङ्कित बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | Construction of boundry wall at manimandap at dhanusha | DUDBC/DHANUSHA/WORK/NCB/35-073/074 | ढुकुचु/चौधरी जे.भी बुद्धनगर | १,४४,१४,८२७७४ |
| २ | Construction of health post building jhatiyahi dhanusha | DUDBC/DHANUSHA/WORK/NCB/38-073/074 | प्रमोद कन्स्ट्रक्सन जनकपुर | २,१०,५२८६२३४ |
| ३ | Construction of health post building laxmipur bagewa dhanusha | DUDBC/DHANUSHA/WORK/NCB/39-073/074 | प्रमोद कन्स्ट्रक्सन जनकपुर | १,९५,७५७०६।९० |

...............
गंगा प्रसाद यादव
डिभिजन प्रमुख


# टयाटुको सन्देशको सम्मान गर्दै बिरामीलाई मर्न दिए

फ्लोरिडा, (एजेन्सी)




के तपाईंले सुन्नुभएको छ? अस्पतालमा डाक्टरका अगाडि कुनै बिरामी आएको छ, तर उसलाई बचाउने वा मर्न दिने भन्नेमा उनीहरू अलमलमा परे। सुन्नमा यो अनौठो लाग्न सक्छ। तर अमेरिकाको फ्लोरिडा राज्यमा त्यस्तै घटना भएको छ। फ्लोरिडाको एक अस्पतालमा डाक्टरहरू त्यतिबेला यो द्विविधामा परे, जब उनीहरूकोमा बेहोस अवस्थामा एक बिरामी आए, जसले आफ्नो छातीमा 'फेरि जीवित नबनाउनु' भन्ने टयाटु बनाएका थिए। डाक्टरहरूमा उक्त टयाटुलाई जीवन अन्त्य गर्ने उनको गहन इच्छालाई सही तरिकाले अवगत गराएको संकेतका रूपमा लिने वा नलिने विषयमा अन्योलता उत्पन्न गराए।

७० वर्षीय ती व्यक्तिलाई श्वासप्रश्वाससम्बन्धी र अन्य समस्या देखिएपछि ज्याक्सन मेमोरियल अस्पतालमा भर्ना गराएको द नयु इंग्ल्यान्ड जर्नल अफ मेडिसिनमा प्रकाशित विज्ञप्तिमा डाक्टरले बताएका थिए। बिरामीले शरीरमा कुँदेको टयाटुबाट द्विविधा सिर्जना गराएको डाक्टरहरूले बताए।

शुरूमा त बिरामीको उपचार गराउने निर्णय लिइएको तर बिरामीले आफ्नो इच्छा पूरा गर्नका लागि बिरामीले उक्त कठोर कदम उठाएको हुन सक्ने विषयमा डाक्टरहरूले विचार गरेका थिए। उनको छातीमा पुनः जीवन प्राप्तिलाई अस्वीकार गरिएको र त्यसमा उनको हस्ताक्षर पनि थियो। डाक्टरहरूले धेरैसँग गहन छलफल गरे र उनीहरूलाई बिरामीको टयाटुमा व्यक्त गरिएको इच्छाको सम्मान गर्न सल्लाह सुझाव आए। ती व्यक्तिको बिनाउपचार बिहीबार राति मृत्यु भयो।

मियामीको एक अस्पतालमा पनि सन् २०१२ मा यस्तै खालको घटना भएको थियो। जसमा ५९ वर्षीय बिरामीले टयाटुमा लेखिएको सन्देश उसको इच्छा नभएर उसले युवा अवस्थामा नशामा चुर भएर शर्त लगाएका कारण टयाटु बनाउनुपरेको बताएका थिए।

> ‘वातावरणमा आएको परिवर्तनले मानव जीवनमा नकारात्मक प्रभाव पारिरहेको छ, पानीका स्रोत र पर्यावरणमा असर देखिएको छ’, राष्ट्रपति भण्डारीले भन्नुभयो- ‘यही कारणले कृषि उत्पादन, खाद्य सुरक्षामा समेत असर परिरहेको छ।’



१४औं राष्ट्रिय ज्यापू दिवस (यःमरी पुन्ही)को उपलक्ष्यमा यःमरी खाँदै गरेका महिला। तस्वीर : उजोल डंगोल/काठमाडौं

# विकास र वातावरणलाई सन्तुलनमा राख्न राष्ट्रपतिको आग्रह

**नेपाल समाचारपत्र**

काठमाडौं

राष्ट्रपति विद्यादेवी भण्डारीले वातावरण सन्तुलनका साथ विकास निर्माणकार्य अघि बढाउनुपर्नेमा जोड दिनुभएको छ। यो कार्य कुनै एउटा मुलुकको पहलले मात्रै सम्भव नहुने उहाँको भनाइ छ।

जलवायु परिवर्तन, वातावरण विनाशका असर र समस्यासँग जुध्ने उपायको खोजीका लागि काठमाडौंमा आइतबार शुरू भएको अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रपति भण्डारीले यस्तो विचार व्यक्त गर्नुभएको हो। ‘जैविक विविधताले भरिपूर्ण यो पृथ्वी प्रकृतिको बहुमूल्य साझा उपहार भएको छ’, उहाँले भन्नुभयो- ‘तर प्रकृतिको संरक्षणकार्य राष्ट्रिय सीमानामा मात्रै सम्भव छैन। यसका लागि आपसी समझदारी र सहकार्य अपरिहार्य छ।’

एसियाली क्षेत्रको दिगो विकासका उपाय खोज्न हिन्दकुश हिमालय क्षेत्रका विज्ञ र सरोकारवाला सहभागी सम्मेलन आइतबारदेखि शुरू भएको हो। सो सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रपति भण्डारीले विश्व तापमान वृद्धिमा नेपालको योगदान ज्यादै न्यून भए पनि नेपालजस्ता विकासोन्मुख र पर्वतीय मुलुकले वातावरणको असर सामना गर्नुपर्ने अवस्था रहेको बताउनुभयो। यस्तै कारण हिमालय क्षेत्रमा तीव्र गतिमा हिउँ पग्लिने, हिमताल विस्फोट हुने, बाढी, पहिरो, खडेरीजस्ता समस्या बढ्दै गएको र बहुमूल्य प्राकृतिक स्रोतको विनाश भइरहेको उहाँको भनाइ थियो। ‘वातावरणमा आएको परिवर्तनले मानव जीवनमा नकारात्मक प्रभाव पारिरहेको छ, पानीका स्रोत र पर्यावरणमा असर देखिएको छ’, राष्ट्रपति भण्डारीले भन्नुभयो- ‘यही कारणले कृषि उत्पादन, खाद्य सुरक्षामा समेत असर परिरहेको छ।’

पर्वतीय क्षेत्रको अध्ययन/अनुसन्धानमा क्रियाशील अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र जनसंख्या तथा वातावरण मन्त्रालयको संयुक्त आयोजनामा सम्मेलन शुरू भएको हो। सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै जनसंख्या तथा वातावरणमन्त्री मिथिला चौधरी, युरोपियन युनियनकी राजदूत भरोनिका कोडी, भुटानको कृषि मन्त्रालयका सचिव दासो रिजिङ दोर्जीलगायतले जलवायु परिवर्तनले निम्त्याएका असर र अनुकूलनका अभ्यास खोज्न र कार्यान्वयन गर्न सम्मेलन प्रभावकारी बन्ने विचार व्यक्त गर्नुभयो।

राजदूत कोडीले युरोपियन युनियनले नेपालको प्रकोप व्यवस्थापन र वातावरण संरक्षणमा आर्थिक सहयोग गर्दै आएको स्मरण गर्दै त्यस्तो सहयोग आगामी दिनमा पनि निरन्तर रहने बताउनुभयो। बुधबार समापन हुने सम्मेलनमा श्रीलंका र माल्दिभ्सबाहेक सार्कका सबै सदस्य राष्ट्रसहित चीन र म्यानमारका सरोकारवाला र विज्ञ सहभागी छन्। नेपालबाहेक विभिन्न २६ मुलुकका करिब २ सय ५० विज्ञ सहभागी सम्मेलनमा भुटानका वनमन्त्री, बंगलादेशबाट प्रधानमन्त्रीका सल्लाहकारसमेत सहभागी रहनुभएको छ। विभिन्न ११ सत्रमा विभाजन हुने सम्मेलनका विज्ञले वातावरण र प्रकोप समस्या समाधानका विकल्प खोज्नेछन्। यही विषयको महत्त्व झल्काउने उत्कृष्ट पोस्टर र तस्वीर प्रदर्शनीमा रहेका छन्।

# राप्रपा देशको चौथो ठूलो दल बन्ने दाबी

हेटौंडा, (नेस)

राप्रपाका केन्द्रीय अध्यक्ष तथा उपप्रधानमन्त्री कमल थापाले राप्रपा देशको चौथो ठूलो दल बन्ने बताउनुभएको छ। हेटौंडामा स्टेटभिजन मिडिया प्रालिले गरेको साक्षात्कारमा थापाले राप्रपाले देशरभरमा प्रत्यासी बनाएका सबै उम्मेदवारको जित निश्चित भएको दाबीसमेत गर्नुभयो।

ऊर्जामन्त्रीसमेत हनुभएका थापाले आफ्नो पार्टीले समानुपातिकतर्फ अप्रत्याशीत मत ल्याएर राप्रपा देशकै चौथो ठूलो शक्ति बन्ने दाबी गर्नुभयो। उहाँले मकवानपुरमा मात्र नभएर देशभर नै लोकतान्त्रिक गठबन्धनले जित हासिल गर्ने र सरकार लोकतान्त्रिक गठबन्धनको नै बन्ने करिब निश्चित भएको बताउनुभयो।

उहाँले लोकतान्त्रिक गठबन्धन वाम गठबन्धनविरुद्ध नभएर देश विकास र समृद्धिका लागि भएको जिकिर गर्नुभयो। राष्ट्रिय अखण्डताका लागि लोकतान्त्रिक गठबन्धनले मात्र कार्य गर्नसक्ने उहाँको दाबी छ। उहाँले हिमाल, पहाड र तराई जोड्न लोकतान्त्रिक गठबन्धनले मात्र सक्ने बताउनुभयो। कांग्रेस र राप्रपा सम्मिलित लोकतान्त्रिक गठवन्धनको बहुमत आउने भन्दै थापाले आगामी सरकारको नेतृत्व लोकतान्त्रिक गठवन्धनले गर्ने बताउनुभयो।

‘पटकपटक मन्त्री हुँदा पनि विकास गरेनन् भन्ने जनताको गुनासो छ नि?’ भन्ने पत्रकारको प्रश्नमा थापाले मकवानपुरमा विकासका सबै आधारभूत कामहरू आफूले गरेको दाबी गर्नुभयो। मन्त्री थापाले आफूले मकवानपुरमा विगतमा विकासका कार्यहरू धेरै गरेको तर विकासे कुरामात्र गर्दा चुनाव हारिन्छ कि भन्ने डर भएको बताउनुभयो।

विकासे कुरा नगरी चुनाब जित्ने तरखरमा रहेको उहाँले दाबी गर्नुभयो। उहाँले आफ्नो धेरै अपेक्षा नभएको भन्दै अब मकवानपुरमा केही समय सक्रिय रहने र मकवानपुरे पार्टीको अभिभावक भएर बस्न चाहेको बताउनुभयो। कार्यक्रममा राप्रपा समानुपातिक उम्मेदवार मधु अधिकारीले आफ्नो धारणा व्यक्त गरेका थिए। कार्यक्रम मिडिया अध्यक्ष गिरिजा अधिकारीको सभाध्यक्षतामा भएको हो।

# शहीद पत्नी भोट माग्न व्यस्त

वीरगन्ज, (नेस)

मधेस आन्दोलनका क्रममा शहादत प्राप्त गरेका सोहन साहकी धर्मपत्नी हुन्, विनिता। वीरगन्ज महानगरपालिका १६ नम्बर वडाका सदस्य पनि छिन् विनिता। २२ वर्षीया विनिता अहिले भोट माग्न घरदैलो कार्यक्रममा व्यस्त छिन्। बिहान उठेपछि उनी पार्टीका लागि आफ्नो वडा र आसपासका क्षेत्रमा समूह बनाएर भोट माग्दै हिँड्छिन्। उनले चलाउँदै आएको चिया पसल पनि केही दिनदेखि बन्द छ।

बिहानै पार्टीको काममा निस्किनुपरेकाले चिया पसल बन्द राखेको उनी बताउँछिन्। उनका दुई छोरा छन्- राजन गुप्ता ५ वर्षका र रवि गुप्ता दुई वर्षका। जेठो छोरा विद्यालय जान्छन् भने कान्छोलाई उनकी सासूले हेरचाह गर्छिन्। प्रखर बन्दै गएको छ यिनको बोली। विनितालाई एक वर्षअघि तेस्रो मधेस आन्दोलनका क्रममा भेट्दा विक्षिप्त अवस्थामा थिइन्।

उनीसँग जोसुकै भेटोस् रुने र कराउने गर्थिन्। कारण थियो, उनको पति सोहन साहको मृत्यु। तेस्रो मधेस आन्दोलनका क्रममा प्रहरीको गोलीबाट मारिएका थिए सोहन। सामान्य परिवारका सोहन वीरगन्जको नगवामा चिया पसल गर्दै आएका थिए। उनलाई पत्नी विनिताले सहयोग गर्दै आएकी थिइन्। सोहन मारिएपछि विनिताको पसल धेरै दिनसम्म बन्द नै रहेको थियो। मधेसवादी राजनीतिक दलका नेताहरूले विभिन्न कार्यक्रममा बोलाउने गरेका थिए।

अहिले विनिता संघीय समाजवादी फोरम नेपालमा सक्रिय छिन्। सोही पार्टीबाट उनले महानगरपालिकाको वडा सदस्यमा जित हासिल गरिन्। सोहन मारिएपछि स्थानीय फोरम नेता प्रदीप यादवले सहयोग गरेका थिए। अहिले विनिता सोही पार्टीमा छिन्। चुनावी माहोलमा उनको दिनचर्या नै फेरिएको छ। तेस्रो मधेस आन्दोलनका क्रममा वीरगन्जमा ८ जना मारिएका थिए। सोहनको टाउँकोमा गोली लागेको विभत्स फोटो सामाजिक सञ्जालमा भाइरल हुँदा आन्दोलनकारी झनै आक्रमक भएका थिए। सोही क्रममा थप एक जनाको विद्यार्थीको यहाँ मृत्यु भएको थियो।

# जुवा खालबाट २६ जना पक्राउ

दोलखा, (नेस)

दोलखा प्रहरीले जिल्लामा जुवातास नियन्त्रण गर्न विशेष अभियान सञ्चालन गर्दै आएको छ।

विभिन्न बहानामा हुने जुवातास नियन्त्रणका लागि प्रहरीको सबै युनिटलाई सजग गराइएको र जिल्लामा कुनै पनि बहानामा जुवातास खेल्न नदिने प्रहरी नायब उपरीक्षक रामेश्वर कार्की बताउँछन्।

अभियानकै क्रममा प्रहरीले धान्यपूर्णेपर्वको अवसरमा दोलखा कालिञ्चोक गाउँपालिकाको कालिनाग मन्दिर आसपास जुवा खेलिरहेका २६ जनालाई शनिबार राति पक्राउ गरेको छ। ८२ हजार १ सय ७५ रुपियाँ नगद, १६ थान कौडा र ५२ प्रति तासससहित २६ जनालाई जुवा खालबाट पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक कार्कीले जानकारी दिए।

पक्राउ पर्नेहरूमा कालिञ्चोक गाउँपालिकाको वडा नम्बर ९ का दानबहादुर शिवाकोटी, गणेशप्रसाद सेढाईं, रामबहादुर थापा, लक्ष्मण सेढाईं, आइतमान थामी, सोम थामी, वडा नम्बर ८ का शंकर शिवाकोटी, खड्गबहादुर कार्की, गोपाल सार्की, अर्जुन शिवाकोटी, पुरुषोत्तम शिवाकोटी, रिवन पौडेल, गणेश पौडेल, राजन आर्चाय, सीताराम कार्की, सिद्धिबहादुर आर्चाय, रामशरण शिवाकोटी, गोपालप्रसाद खरेल, वीरबहादुर पौडेल, डम्बर सेढाईं, हिमाल पाण्डे, भेषबहादुर पाण्डे, भीमेश्वर नगरपालिका वडा नम्बर ५ का वैकुण्ठ बस्नेत, वडा नम्बर २ का धुव्र बस्नेत, वडा नम्बर १ का विष्णुप्रसाद शिवाकोटी र सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नम्बर ५ का अम्बरबहादुर श्रेष्ठ रहेको जिल्ला प्रहरी कार्यालय दोलखाले जनाएको छ।

# मतदान केन्द्रमा निर्वाचन सामग्री लैजान शुरू

इलाम, (नेस)

प्रतिनिधिसभा तथा प्रदेशसभाका लागि आउँदो २१ गते हुने निर्वाचनका लागि इलामका मतदान केन्द्रसम्म धमाधम निर्वाचन सामग्री आइतबारबाट पठाउन थालिएको छ।

जिल्लाका सवारी साधन चल्ने मतदान केन्द्रमा ल्यान्डरोभर, जिपलगायत सवारीसाधनमा र सवारी नचल्ने मतदान केन्द्रमा पिठ्युँमै बोकेर निर्वाचन सामग्री लैजान थालिएको हो।

निर्वाचनमा प्रयोग हुने सामग्री दिन सदरमुकामस्थित जिल्ला निर्वाचन कार्यालय र मुख्य निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन खटिने कर्मचारीको भीड लागेको छ। मतदान केन्द्रमा प्रयोग हुने ६४ किसिमका निर्वाचन सामग्रीमध्ये मुख्य निर्वाचन अधिकृतको कार्यालयले मतपत्र र बाँकी सबै सामाग्री जिल्ला निर्वाचन कार्यालयले दिँदैछ। मतदानमा खटिने कर्मचारीले सोमबारसम्म यहाँबाट सामग्री बुझेर धमाधम मतदान केन्द्र पुगिरहेको जिल्ला निर्वाचन अधिकारी प्रेमकुमार काफ्लेले जानकारी दिए।

मतदानमा प्रयोग हुने सामग्री कर्मचारीलाई वितरण गर्न भ्याइनभ्याई रहेको र सोमबारसम्म सबै मतदान केन्द्रमा सामग्री पुगिसक्ने काफ्लेको भनाइ छ। सामग्री पुगेपछि मतदान केन्द्रको व्यवस्थापनमा कर्मचारीहरू लाग्ने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। मतदान केन्द्रमा पुग्ने मतदान अधिकृत र सहायक अधिकृत गोलाप्रथाबाट छानिएका छन्।

# मदिरा बेचबिखनमा रोक

सल्यान, (नेस)

जिल्ला प्रशासन कार्यालय सल्यानले आइतबारदेखि मदिरामा पूर्णप्रतिबन्ध लगाएको छ। यही मंसिर २१ गते सल्यानमा हुन लागेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनलाई शान्तिपूर्ण र भयरहित तवरले सम्पन्न गर्न आइतबारदेखि २२ गते शुक्रबारसम्म जिल्लाभर मदिराजन्य पदार्थ विक्री, वितरण तथा सेवनमा पूर्ण रोक लगाइएको सार्वजनिक सूचना जारी गर्दै जिल्ला प्रशासन कार्यालय सल्यानले जनाएको छ।

यस अवधिमा मदिराको विक्रीवितरण, ओसारपसार र सेवन गरेको पाइए कानुनबमोजिम हदैसम्मको कारबाही हुने बताइएको छ। निर्वाचनमा हुनसक्ने अवाञ्छित क्रियाकलाप रोक्नका लागि मदिराको कारोबारमा प्रतिबन्ध लगाइएको हो।

साथै २१ गते निर्वाचनको दिन सवारीसाधन चल्न रोक लगाइएको पनि सूचनामा भनिएको छ।

# मतदान सामग्री मतदान केन्द्रमा पठाइँदै

भद्रपुर, (नेस)

यही मंसिर २१ गते हुने प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनको व्यवस्थापन तयारी अन्तिम चरण पुगेको जिल्ला निर्वाचन कार्यालय झापाले जनाएको छ। कार्यालयका अनुसार मतदानमा खटिने कर्मचारीलाई नियुक्तसँगै मतपत्र, मतपेटिका र मतदानमा चाहिने आवश्यक ६८ प्रकारको सामग्री बुझाउने कार्य शुरू भइसकेको जनाएको छ।

जिल्लामा रहेको २ सय ८३ मतदानस्थलमा ६ सय ९२ मतदान केन्द्रमध्ये आइतबार ३ सय १२ वटा मतदान केन्द्रमा खटिने कर्मचारीले मतपत्र र मतदान सामग्री बुझेर लगिसकेको जिल्ला निर्वाचन अधिकारी गोपाल आचार्यले बताए। झापा क्षेत्र नम्बर ४ र ५ का सम्पूर्ण मतदान केन्द्र र क्षेत्र नम्बर १ अन्तर्गतको मेची नगरपालिकाको वडा नम्बर १, २, ३ र ४ मा पर्ने केन्द्रमा निर्वाचन सामग्री पठाइसकेको आचार्यले बताए।

निर्वाचन सामग्रीलाई सुरक्षितरूपमा मतदान केन्द्रसम्म पठाउन निर्वाचन कार्यालयले ढुवानीका लागि ट्रक र बसको व्यवस्थापन गरेको उनको भनाइ छ। क्षेत्र नम्बर १, २ र ३ मा पर्ने ३ सय ८० मतदान केन्द्रमा सोमबार मतपत्र र मतदान सामग्री पठाइने उनले जनाए। एउटा निर्वाचन स्थलमा १ जना मतदान अधिकृत, १ जना सहायक मतदान अधिकृत, ४ सहायक कर्मचारी र २ जना सहयोगी कर्मचारी गरी ८ जनासहितको कर्मचारीको टोली खटाइएको उनले बताए।

झापामा ५ हजार ५ सय ३६ जना जना कर्मचारी र २ हजार ६४ स्वयंसेवक गरी ७ हजार ६ सय कर्मचारी खटाइनेछ। निर्वाचन केन्द्रमा खटाइएको कर्मचारी सोमबारसम्म सबै केन्द्रमा पुगेर आफ्नो जिम्मेवारी सम्हालिसक्ने कार्यालयले जनाएको छ।

# गाउँमा पुगेन मतदाता शिक्षा

हेटौंडा, (नेस)

मंसिर २१ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि मकवानपुरका मतदातामा मतदाता शिक्षा नहुँदा आफ्नो मत सदुपयोग नहुने भन्दै चिन्तित बनेका छन्।

निर्वाचन आयोगमार्फत् दिइने मतदाता शिक्षा कार्यकर्ता अझ सबै ठाउँमा नपुग्दा स्थानीय मत कसरी हाल्ने भन्ने चिन्तामा मात्र परेका छैनन्, आफ्नो मत बदर हुने भन्दै चिन्तित भएका छन्।

मकवानपुर सदरमुकाम हेटौंडाको सीमा जोडिएको आमभञ्ज्याङका स्थानीयले मतदान कसरी गर्ने भन्ने अझै थाहा नभएको बताए। सदरमुकामनजिक भए पनि आमभञ्ज्याङकै मात्र होइन, जिल्लाका अधिकांश स्थानमा मतदाता शिक्षा कार्यकर्ता पुग्न नसक्दा स्थानीयले मतदान कसरी गर्ने भन्ने अन्योलमा छन्।

मतदान गर्न लालायित मतदाताहरू मतदाता शिक्षा अभावमा आफ्नो मत खेरजाने चिन्ताले यतिबेला दु:खी छन्। करिब १ महिनाअघिबाट मतदाता शिक्षा कार्यकर्ता परिचालन भए पनि निर्वाचन हुने दिन नजिक आइसक्दासमेत निर्वाचन कार्यालयकै नजिकका गाउँपालिकामा मतदाता शिक्षा लिएर कर्मचारी र कार्यकर्ता पुगेका छैनन्।

मतदातामा मतदाता शिक्षा नपुगेको भन्दै निराशा छाइरहेको बेला जिल्ला निर्वाचन मकवानपुरका निर्वाचन अधिकृत गोविन्दप्रसाद पौडेल भने मतदाता शिक्षा केही स्थानमा छुटेको भए पनि सबै स्थानमा पुगेको दाबी गर्नुहुन्छ।

# राष्ट्र जोगाउन वाम एकता

हेटौंडा, (नेस)

नेकपा माओवादी केन्द्रका पोलिट्ब्युरो सदस्य लेखनाथ न्यौपानेले राष्ट्र जोगाउन वाम एकता भएको बताउनुभएको छ। वाम शक्तिको वर्चस्व हुँदाहुँदै पनि वाम शक्तिहरू अलगअलगरूपमा रहेकाले देशले सोचेजस्तो गति लिन नसकेको उहाँको भनाइ थियो।

हेटौंडा-१६, १७ र १८ को हटियामा भएको संयुक्त चुनाबीसभामा न्यौपानेले अब नेपालीको सुखको दिनको शुरू भएको बताउनुभयो। चुनावपछि बन्ने वाम सरकारले समाजवादी कार्यक्रम शुरुआत गर्ने बताउँदै उहाँले भन्नुभयो- ‘जनताका आधारभूत सेवामा राज्यको दायित्व बढाउँदै लैजान्छौं। त्यसपछि कोही जनता अभावमा रहनुपर्दैन।

**धरान उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**एक (१) थान (JEEP TYPE) सवारी साधन खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित: २०७४/०८/१८

यस कार्यालयको लागि एक थान (JEEP TYPE) सवारी साधन आवश्यक भएको हुनाले उक्त सवारी साधन खरिद कार्यका निमित्त बोलपत्रको माध्यमबाट आपूर्ति गर्न मान्यता प्राप्त इच्छुक कम्पनी, कम्पनी बिक्रेता, सप्लायर्स आदिलाई आफ्नो दर्ताको कम्पनी दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र , आ.व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणका कागजातहरु लगायत यस कार्यालयको बिस्तृत सूचना बमोजिमको अन्य कागजातहरु संलग्न राखी तोकिएको समय भित्र शिलबन्दी बोलपत्र पेश गर्न सूचित गराइन्छ। अन्य जानकारीका लागि यस कार्यालय, श्री इलाका प्रशासन कार्यालय धरान, श्री मालपोत कार्यालय धरानको सूचना पार्टीमा टाँसिएको सूचना अध्ययन गर्नुहुन वा यस कार्यालयको खरिद उपशाखामा सम्पर्क राख्नु हुन समेत सूचित गरिन्छ।

**तपसिल**

| ठेक्का नं. | विवरण | किसिम | फाराम दस्तुर | सिलबन्दी बोलपत्र जमानत रकम | बोलपत्र/दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति/समय र स्थान |
|---|---|---|---|---|---|---|---|
| NCB/GOODS/04/2074/075 | (JEEP TYPE) सवारी साधन | बोलपत्र | ३०००।- तीनहजार | २,००,०००।- दुईलाख मात्र । | २०७४/०९/१८ कार्यालय समयसम्म | २०७४/०९/१९ गते १२ बजे सम्म | २०७४/०९/१९ गते दिनको १ बजे धरान उपमहानगरपालिका |



# अर्थ

३ हजार ७ सय मिटर उचाईमा रहेको पर्यटकीय क्षेत्र भिमथाङ, ४ हजार एकसय मिटरको उचाईमा रहेको पोङ्कर ताल, मनास्लुलगायतका दर्जन हिमाल, लार्के पासजस्ता आकर्षक ठाउँका कारण पदमार्गमा वर्षेनी हजारौं पर्यटक आउने गर्दछन्। पदमार्गको निर्माण, मर्मत तथा पदमार्गमा भौतिक पूर्वाधारको विकास नहुँदा पर्यटन व्यवसायी र पर्यटकले सास्ती खेप्नुपरेको स्थानीय पर्यटन व्यवसायी पुष्प गुरुङको गुनासो छ।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।
नेपालमा पहिलो पटक, नेपालकै लागि
NS:191 IS : 1786
Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC

अधिकतम बिक्री मूल्य (MRP)
(२०७४ मार्ग १८ गतेदेखि लागू भएको)

| Products | Basic Price/MT |
|---|---|
| **Bitumen** | |
| Bitumen 80/100 grade/VG-10 (New M. S. drum packed) | 70,100.00 |
| Bitumen 60/70 grade/VG-30 (New M. S. drum packed) | 72,100.00 |
| **CATIONIC BITUMEN EMULSION *(HIMALSION):*** | |
| Rapid Setting - R/1 (R/S 60%) | 63,300.00 |
| Rapid Setting - R/2 (R/S 65%) | 67,200.00 |
| Rapid Setting - R/3 (R/S 70%) | 71,100.00 |
| Medium Setting - M/1 (M/S 60%) | 64,100.00 |
| Medium Setting - M/2 (M/S 65%) | 68,100.00 |
| Slow Setting - SS (S/S 60%) | 65,300.00 |
| Slurry Seal - S-S (S/Seal 60%) | 70,400.00 |

- माथिको मूल्य सूची कारखाना अमलेखगञ्जको हो ।
- उपरोक्त बिक्री मूल्यमा मू.अ.कर तथा ढुवानी भाडा समावेश गरिएको छैन ।

नेपाल बिटुमिन तथा ब्यारेल उद्योग लि.
कृष्णगल्ली, पुल्चोक, ललितपुर
फोन नं. (०१) ५५३६३११, ५५२०३४३ फ्याक्स नं. ५५३६८१५
कारखाना: अमलेखगञ्ज, बारा
फोन नं. (०५३) ५७०१०३ फ्याक्स ५७०१०९

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ मंसिर १८ डिसेम्बर ४ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।८५ | १०३।४५ |
| युरो १ का रु. | १२२।३० | १२३।०१ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३८।५६ | १३९।३७ |
| स्विस फ्रन्क १ का रु. | १०५।३२ | १०५।९३ |
| अस्ट्रलियन डलर १ का रु. | ७८।२६ | ७८।७२ |
| क्यानाडियन डलर १ का रु. | ८१।१२ | ८१।५९ |
| सिङ्गापुर डलर १ का रु. | ७६।३६ | ७६।८१ |
| जापानी यन १० का रु. | ९।१७ | ९।२३ |
| चिनियाँ युआन १ का रु. | १५।५४ | १५।६३ |
| साउदी अरब रियाल १ का रु. | २७।४२ | २७।५८ |
| कतारी रियाल १ का रु. | २८।२५ | २८।४१ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रु. | ३।१५ | ३।१७ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।०० | २८।१६ |
| मलसियन रिङ्गिट १ का रु. | २५।१५ | २५।३० |
| दक्षिण कारियन वन १०० का रु. | ९।४९ | ९।५५ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।३० |
| डनिस क्रानर १ का रु. | १६।४३ |
| हङकङ डलर १ का रु. | १३।१६ |

**नोट:** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# अनुगमन नहुँदा मूल्यवृद्धि उच्च

काठमाडौं, (नेस)

पछिल्लो समयमा सर्वसाधारणले दैनिक उपभोग्य सामानको मूल्य साविकको भन्दा चर्को तिर्नुपरेको छ। चुनावको बेला अनुगमन नहुने भएकाले व्यवसायीहरूले उपभोक्ताबाट चर्को मूल्य असुल्दै आएको सरोकारवालाहरूको भनाइ छ।

उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष प्रेमलाल महर्जनअनुसार व्यवसायीको चुनावका बेला पैसा असुल्ने योजनाका कारण बजारमा मूल्यवृद्धि उच्च रहेको छ। नेपाल समाचारपत्रसँग कुरा गर्दै महर्जनले भन्नुभयो- ' मूल्यवृद्धिले बजारमा प्रभाव पार्नुको मूल कारण राजनीति हो। चुनावको समयमा राजनीतिक दलका भड्किलो खर्च नै बजारमा पैसाको प्रवाह बढाउने मूख्य कारण हो।' उहाँका अनुसार अहिले बजारमा देखिएको मूल्यवृद्धि धेरै ठूलो होइन। चुनाव सकिएपछि यो दर विस्तारै बढ्दै जाने उहाँको दाबी छ। उहाँले भन्नुभयो- 'चुनावको समयमा हुने पैसाको प्रभाव तत्कालका लागि कमै देखिए पनि चुनावको एक हप्तापछि क्रमश: देखा पर्न थाल्छ। यतिबेला सबैको ध्यान चुनाव तथा चुनावी परिणाममा जाने भएकाले मूल्यवृद्धितर्फ चासो हुँदैन।'

उभोक्तासँग सिधै सम्पर्कमा रहने आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग चुनावको अवसरमा बजार अनुगमन गर्न नसकिएको स्वीकार्छ। चुनावको समयमा कर्मचारी मतदानस्थलमा खटिने हुँदा अनुगमन गर्ने कर्मचारी अभाव भएको विभागका महानिर्देशक कुमारप्रसाद दाहाल बताउनुहुन्छ। सबै कर्मचारी चुनावमा गएको हुँदा अहिले कार्यालयमा आफूसहित ३ जना मात्र रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो- 'चुनावको समयमा अनुगमन गर्न नसकिए पनि मंसिर २२ गतेदेखि कार्यतालिका अनुसार अनुगमनमा जान्छौं।

२०७० सालको दोस्रो संविधानसभाको निर्वाचन सकिएको एक हप्ताभित्रै थेग्नै नसक्ने गरी मूल्यवृद्धि भएको थियो। त्यसैको परिणाम सो वर्षको वार्षिक मुद्रास्फिति १४ प्रतिशत पुगेको थियो। पछि त्यो विस्तारै घटेर ९ दशमलव ९ प्रतिशतबाट ९ दशमलव १ प्रतिशत हुँदै ७ दशमलव २ प्रतिशतमा सीमित भएको थियो। अहिले पनि त्यसै गरी मूल्यवृद्धि भएको हुँदा निर्वाचनपछि उपभोक्ताले थेग्न नसक्ने गरी महँगी हुने सरोकारवालाहरूको भनाइ छ।

व्यवसायी भन्छन्-

# 'जसको बहुमत आए पनि काम गर्ने वातावरण चाहियो'

नेपाल समाचारपत्र

काठमाडौं

उद्योगी, व्यापारीहरू चुनावपछि कस्को सरकार आउने हो, उद्योग व्यवसाय धरापमा पर्छन् भनेर सशंकित हुन थालेका छन्। नयाँ सरकार निजी क्षेत्रमैत्री नहुने हुने हो कि भनेर सशंकित भएका हुन्। यद्यपि, उनीहरू खुलेर यस विषयमा चर्चा गर्न रुचाउदैनन्।

देशमा चुनावी माहोल तातेको बेलामा आफूहरू राजनीतिक अस्थिरताको वातारवरण समाप्त होला र आफूले चाहेको लगानीयोग्य वातावरण सिर्जना होला भन्ने आशा गरेको उद्योगी व्यवसायीको भनाइ छ। निर्वाचनको समयमा चलायमान बनेको अर्थतन्त्र र त्यसपछि बन्ने बहुमतको जुनसुकै सरकारले ल्याउने विकासका योजनाले देश नयाँ दिशामा बढ्ने विश्वास उनीहरूको छ। देशमा लगानी वृद्धिको वातावरण बने चाँडै नै देशमा आर्थिक समृद्धिको लहर जाग्नेमा उनीहरू विश्वस्त छन्।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणा भने नयाँ सरकारमा जुनसुकै दल र गठबन्धनको आए पनि आफूहरूलाई खासै असर नपर्ने बताउनुहुन्छ।

> 'उद्योगी व्यवसायी लोकतान्त्रिक गठबन्धनमा झुकाव हुने मान्यता राखिए पनि निजी क्षेत्र वाम गठबन्धनको विपक्षमा रहेको कुरामा कुनै सत्यता छैन। व्यवसायी वामको विपक्षमा रहेको कुरा आजसम्म कतै आएको छैन।

नेपाल समाचारपत्रसँग कुरा गर्दै राणाले भन्नुभयो- 'उद्योगी व्यवसायी लोकतान्त्रिक गठबन्धनमा झुकाव हुने मान्यता राखिए पनि निजी क्षेत्र वाम गठबन्धनको विपक्षमा रहेको कुरामा कुनै सत्यता छैन। व्यवसायी वामको विपक्षमा रहेको कुरा आजसम्म कतै आएको छैन। किनकी विगतमा हामी जुनसुकै सरकार आए पनि मिलेर काम गरेका छौं।' त्यसैका आधारमा व्यवसायी कसैको पक्षमा नरहेको उहाँको दाबी छ।

लोकतान्त्रिक वा कम्युनिष्ट जुनसुकै सरकार भए पनि निजी क्षेत्रको हितमा हुने काम गरे पुग्ने उहाँको भनाइ छ।

राणाले भन्नुभयो- 'जसको सरकार आए पनि निजी क्षेत्र फस्टाउनुपर्छ, लगानीको वातावरण बनाउनुपर्छ। जो आए पनि आर्थिक समृद्धिका एजेन्डा प्राथमिकतामा राख्नुपर्छ, निजी क्षेत्रको कार्यक्षमता बढाउनुपर्छ।'

यस्तै नेपाल निर्माण व्यवसायी महासंघका महासचिव रामशरण देउजा जुन सरकार बने पनि निजी क्षेत्रसँग सहकार्य गरेर जाने सरकार बनोस् भन्ने निर्माण व्यवसायीको मत रहेको बताउनुहुन्छ। सरकारले निर्माण क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरे देशको भविष्य उज्ज्वल रहेको उहाँ बताउनुहुन्छ। उहाँले भन्नुभयो- निजी क्षेत्रलाई उपेक्षा गरेर देशमा आर्थिक क्रान्ति कदापी सम्भव छैन।

वाम गठबन्धनले दुई तिहाई ल्याए पनि व्यवस्था लोकतान्त्रिक गणतन्त्र हुन्छ। तसर्थ, हामीलाई खासै अप्ठ्यारो पर्दैन। लोकतान्त्रिकको भन्दा वामको काम गर्ने तरिका फरक होला तर लगानीमैत्री अवसरको सिर्जना गर्ने जस्तो सुकै सरकार हामीलाई मान्य छ।'

# मनास्लु बेस क्याम्पका लागि नयाँ पदमार्ग

नेपाल समाचारपत्र

लमजुङ

मनास्लु बेस क्याम्पका लागि पदमार्गको निर्माण गरिएको छ। गोरखाको आरुघाटबाट दुई साताको पैदलयात्रा गर्दै पुगिने मनास्लु बेस क्याम्पमा अब लमजुङबाट आउँदा उनीहरू एक सातामै पुग्न सकिने छ।

पदमार्गको निर्माण कार्य सकिएपछि मनाङको तिल्चे, गोवा हुँदै विश्व प्रसिद्ध मनास्लु पदमार्गमा आएका पर्यटकहरू ३ घण्टाको पैदल यात्रापछि मनास्लु बेस क्याम्प पुग्न सक्ने अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना संरक्षण क्षेत्र व्यवस्थापन समिति तिल्चेका अध्यक्ष गुनराज गुरुङले बताउनुभयो। उहाँका अनुसार पदमार्गको निर्माण कार्यपछि गोरखाबाट मात्रै आरोहण गरिँदै आएको मनास्लु हिमालमा अब मनाङबाट पनि आरोहण गर्न सकिने भएको छ।

मनाङ जानका लागि गोरखाबाट भन्दा लमजुङबाट धेरै सहज हुने हुन्छ त्यसैले अब मनास्लु जाने पदयात्रीहरू लमजुङ भएर आउने छन् लमजुङ उद्योग वाणिज्य संघका अध्यक्ष राजेश थापाले बताउनुभयो। उहाँका अनुसार मनाङ जानका लागि पायक र सडक तथा पदमार्गका हिसाबले लमजुङ सहज रहेको उहाँको भनाइ छ। मनाङ र गोरखाको सीमा क्षेत्रमा पर्ने मनास्लु हिमालको आरोहण गर्न र दृश्यावलोकन गर्न आउने पर्यटकलाई लक्षित गरी पदमार्गको निर्माण गरिएको मनाङका पूर्वसांसद कोमल घलेले बताउनुभयो। उहाँका अनुसार मनाङबाट मनास्लु बेस क्याम्प जाने भनेको त्यसको प्रस्थान बिन्दू लमजुङ भएको हुँदा यसको लाभ लमजुङले पनि लिनेछ।

सो पदमार्ग निर्माणका लागि पूर्वराज्यमन्त्री टेकबहादुर गुरुङले संसदीय क्षेत्र विकास कोषबाट १० लाख रुपियाँ विनियोजन गरेपछि निर्माण थालिएको घलेले बताउनुभयो। मनाङको नासो गाउँपालिका- ६ स्थित भिमथाङ नजिकै हाबु मिलेरेपादेखि पदमार्गको ट्र्याक खोलिएको पदमार्ग अनुगमन समितिका संयोजक धनबहादुर गुरुङले बताउनुभयो। उहाँका अनुसार मिलेरेपादेखि मनास्लु बेस क्याम्पसम्मको कुल ८ किलोमिटर पदमार्गमध्ये झण्डै ३ किलोमिटर निर्माणकार्य सम्पन्न भइसकेको छ। मनाङ क्षेत्रबाट मनास्लु हिमालको बेस क्याम्प छोटो दूरीको भएको हुनाले पदमार्गको निर्माणमा जुटेका हौं गुरुङले बताउनुभयो।

उहाँका अनुसार नासो गाउँपालिका तिल्चेका युवाले पदमार्ग निर्माणसँगै दूधखोलामा काठेपुलको निर्माण गर्ने, पदमार्ग छेउछाउका झाडीहरू हटाउने जस्ता काममा डेढ महिनाको श्रमदान गरेका छन्। माउन्ट किलरको नामले विख्यात मनास्लु हिमाल आरोहणका लागि आउने विदेशी पर्यटक गोरखाको आरुघाटबाट दुई साताको पैदल यात्रा गर्दै आइपुग्ने गरेका थिए।

# दर्जनौं लघु जलविद्युत् आयोजना अलपत्र

कालीबहादुर मल्ल, कालिकोट

रकम अभावमा जिल्लामा निर्माणाधीन दर्जनौं लघु जलविद्युत् आयोजना अलपत्र परेका छन्। जिल्लाका उच्छव खोला, हाउडीगाड, बालीगाड, घट्टेगाड, थिर्पुगाड, मालकोट लघु जलविद्युत् आयोजना निर्माणाधीन अवस्थामै अलपत्र परेका हुन्।

केही समय सञ्चालन भएर पनि मर्मतको अभावमा बन्द भएका लघु जलविद्युत्मा घट्टेखोला, लाफागाउँ, औंलाखोला, बच्चुगाड, भर्तागाड, बालीगाड, नाग्मगाड छन्। सान्नीगाड र भ्याकुने लघु जलविद्युत् मात्रै सञ्चालनमा छन्। रकम अभाव, स्थानीयको विवादलगायतका कारणले ती आयोजना अलपत्र भएका हुन्। अलपत्र परेकामा तिलागुफा नगरपालिका-१ फाइमहादेवको नाग्मगाडस्थित ५७ किलोवाट, नरहरीनाथ गाउँपालिका-७ माल्कोटको ३० किलोवाट क्षमताको उच्छव खोला आयोजना छन्।

यसैगरी ३० किलोवाट क्षमताको तिलागुफा नगरपालिका-७ छाप्रेको वालिगाड खोला आयोजना छन्। साथै ३०/३० किलोवाट क्षमताको कालिका गाउँपालिकाको हाउडीगाड, नरहरीनाथ गाउँपालिकाको माल्कोट र तिलागुफा नगरपालिकाको वालीगाड खोला लघु जलविद्युत् आयोजना, १८ किलोवाट क्षमताको घट्टेगाड, २० किलोवाट क्षमताको थिर्पुगाड लघु जलविद्युत् आयोजना पनि रकम अभावले अलपत्र छन्।

रकम अभावले काम शुरु हुन नसकेको स्थानीय शंकर न्यौपानेले बताउनुभयो।



दर्जनौं लघु जलविद्युत् आयोजना भए पनि रकम अभावका कारणले बन्द भएको जिल्ला समन्वय समितिका प्रमुख अनिपाल शाहीले बताउनुभयो। 'विभिन्न कारणले निर्माण रोकिएका लघु जलविद्युत् बनाउन पहल गरिरहेका छौं।' उहाँले भन्नुभयो-' विद्युत् आयोजना बाल्न सकिने ठाउँमा काम गर्न निर्देशन दिइएको छ।'

सदरमुकामलगायतका केही गाउँमा विद्युत् सेवा दिँदै आएका ५७० किलोवाट क्षमताका दुई लघु जलविद्युत् मात्रै सञ्चालनमा छन्। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्□मार्फत् अनुदान र प्राविधिक सहयोग उपलब्ध गराउने गरेको भए पनि आयोजना सम्पन्न गर्न कठिनाइ देखिएको सान्नी त्रिवेणी गाउँपालिका अध्यक्ष डम्बरबहादुर शाहीले बताउनुभयो। 'स्थानीयको १० प्रतिशत जनश्रम र बाँकी ५० प्रतिशत नगद लगानी गर्नुपर्ने अव्यावहारिक नीतिका कारणले पनि जलविद्युत् आयोजना अलपत्र पर्ने गरेका छन्।' उहाँले भन्नुभयो-' लघु जलविद्युत् आयोजना निर्माण गर्न स्थानीयले ६० प्रतिशत लगानी गर्नुपर्ने नीति नै लघु जलविद्युतको मुख्य चुनौती हो।'

नेपाल विद्युत् प्राधिकरण मातहतमा सामुदायिक विद्युतीकरणमा ९० प्रतिशत अनुदान र १० प्रतिशतमात्रै उपभोक्ताले लगानी गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणबाट ९० प्रतिशत अनुदान पाइने तर लघु जलविद्युत्का लागि ६० प्रतिशत उपभोक्ताले व्यहोर्नुपर्ने नियम व्यवहारिक नभएको कालिकोटस्थित ऊर्जा क्षेत्रमा कार्यरत हुरन्डेक नेपालका उपाध्यक्ष वीरेन्द्रबहादुर बुढाले बताउनुभयो।

# इन्जिनियरहरूको बिदाइ

काठमाडौं, (नेस)

भूकम्प प्रभावित ३१ जिल्लामा जाने नयाँ इन्जिनियर तथा सब-इन्जिनियरले आइतबार सपथ लिएका छन्। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट लिइएको परीक्षामा उतीर्ण भएकामध्ये पहिलो चरणमा ३ सय ७४ जना इन्जिनियर र ३ सय ६१ सब-इन्जिनियरले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत युवराज भूसालबाट सपथ लिएका हुन्।

उक्त सपथ समारोहलाई सम्बोधन गर्दै भूसालले भूकम्प प्रभावित जनताको आँशु पुछ्ने जिम्मेवारी दिएको भन्दै कार्यक्षेत्रमा प्रभावकारी काम गर्न नवनियुक्त प्राविधिकहरुलाई आग्रह गर्नुभयो। उहाँले सेवा भावले भूकम्प प्रभावित क्षेत्रमा अहोरात्र खटेर काम गर्न समेत निर्देशन दिनुभयो। भूसालले मानवीय सेवामा पक्षपात नगरी काम गर्न समेत इन्जिनियर, सब-इन्जिनियरलाई आग्रह गर्नुभयो।

इन्जिनियरको सुरक्षाका लागि बीमा गराउने र अन्य भौतिक सुरक्षाको जिम्मेवारी सरकारले गर्ने भएकाले ढुक्क भएर कार्यक्षेत्रमा प्रभावकारी रुपमा काम गर्न भूसालले निर्देशन दिनुभयो।

कार्यक्रममा शहरी विकास मन्त्रालयका सचिव दीपेन्द्रनाथ शर्मा, प्राधिकारणका कार्यकारी सदस्य, डा. हरिराम पराजुली, प्राधिकरणका प्रवक्ता यमलाल भूसाल, शहरी विकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईका प्रमुख तपेन्द्रबहादुर खड्कालगायतले कार्य क्षेत्रमा जाने तयारीमा रहेका नवनियुक्त प्राविधिकलाई शुभकामना दिँदै पुनर्निर्माणको जिम्मेवारीलाई कुशलताका साथ निर्वाह गर्न आग्रह गर्नुभयो।

भूकम्प प्रभावित ३१ जिल्लाका २ सय ८२ वटा गाउँपालिका र नगरपालिकामा परिचालन हुने प्राविधिकले प्रत्येक वडामा निजी आवास पुनर्निर्माणका लागि सहयोग गर्नेछन्।

पछिल्लो समय अनलाइनमा आउने मानिसको संख्या बढ्दै गएको अवस्थामा व्यावसायिक उद्देश्य भएका तथा आफ्ना सूचना सामग्री भाइरल बनाउन चाहने प्रयोगकर्ताले धेरै लाइक तथा फलोअर बढाउन पैसा तिरेर आफ्नो आईडी तथा पेजलाई स्पोन्सर तथा प्रमोट गर्न सक्छन्।




# चुनावको फेसबुक विज्ञापनमा करोडौं खर्च

**नेपाल समाचारपत्र**

काठमाडौं

सामाजिक सञ्जाल फेसबुकलगयातमा 'फलानो उम्मेदवारलाई भोट दिऔं' अथवा 'यो पेज लाइक गरौं' भन्ने खालका सन्देश न्युजफिडमा देखा पर्छन्। प्रविधिको विकाससँगै निर्वाचन आयोगले टोपी, टिसर्ट एवम् भित्ते लेखनमार्फत् प्रचार गर्न रोक लगाएपछि पछिल्लो समय चुनावी प्रचार प्रसारको शैली पनि परिवर्तन भएको हो।

फेरिएको चुनाव प्रचार शैलीले स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनमा सामाजिक सञ्जालमा 'स्पोन्सर'को नाममा मुलुकबाट करोडौं रुपियाँ बाहिरिएको छ। सामान्य शैलीको चुनाव प्रचारप्रसार नै खर्चिलो भएको भन्दै आलोचना भइरहँदा चुनाव प्रचार प्रसारका नाममा फेसबुक, ट्विटर, युट्युबलगायतका सामाजिक सञ्जालमा करोडौं खर्च भइरहेको छ। विशेषगरी फेसबुकमा प्रयोग हुने बुस्ट पेज तथा बुस्ट पोस्टजस्ता अप्सनबाट राजनीतिक दल, तीनका उम्मेदवारले पैसा तिरेरै 'भोट हालौं' भन्ने खालका सन्देश धेरै प्रयोगकर्तामाझ पुर्‍याउने गरेका छन्।

फेसबुकमा 'पेज स्पोन्सर' र 'पोस्ट बुस्ट'का निम्ति उम्मेदवारले हजारौं डलर फेसबुकका मालिक मार्क जुकरबर्गको खातामा जम्मा गराएका छन्।

### फेसबुक पेजमा बढी लाइक भएका नेता तथा दल

| नेता तथा दल | फेसबुक पेजमा लाइक संख्या |
|---|---|
| शेरबहादुर देउवा | १ लाख ५० हजार |
| केपी शर्मा ओली | २९ हजार |
| पुष्पकमल दाहाल | १ लाख ६९ हजार |
| डा. बाबुराम भट्टराई | १३ लाख |
| माधवकुमार नेपाल | ५९ हजार |
| झलनाथ खनाल | ३३ हजार |
| रामचन्द्र पौडेल | १ लाख ५१ हजार |
| ईश्वर पोखरेल | ७० हजार |
| रविन्द्र मिश्र | ७ लाख ५६ हजार |
| उज्वल थापा | २ लाख २० हजार |
| गगनकुमार थापा | २ लाख १० हजार |
| नेकपा एमाले | ३ लाख २९ हजार |
| नेपाली कांग्रेस | २ लाख ४६ हजार |
| माओवादी केन्द्र | ५६ हजार |
| विवेकशील साझा | ५ लाख ५१ हजार |
| नयाँशक्ति | १ लाख ५५ हजार |











सामाजिक सञ्जाल स्पोन्सर गर्न आवश्यक रकम सम्बन्धित सामाजिक सञ्जाललाई पठाएपछि पैसा तिरेकै अनुसार संख्याका प्रयोगकर्ताका सामु देखा पर्छ। उनीहरूले सो रकमबाहेक प्रयोग गरेकोमा निश्चित सेवा शुल्क लिने गरेका छन्। जानकारहरूका अनुसार फेसबुकमा पोस्ट सामग्री पाँच डलर तिरेवापत एक दिनमा पाँच सय लाइक आउँछ। त्यस्तै फेसबुक पेजमा हजार लाइक बढाउन ५० डलर तिर्नुपर्छ। नेताहरू फेसबुक पेजमा २ लाखदेखि १३ लाखसम्म लाइक भएको देखिन्छ, त्यसका निम्ति उम्मेदवारले १० लाख रुपियाँदेखि ६५ लाख रुपियाँसम्म खर्च भएको अनुमान छ।

> फेसबुकमा पोस्ट सामग्री पाँच डलर तिरेवापत एक दिनमा पाँच सय लाइक आउँछ। त्यस्तै फेसबुक पेजमा हजार लाइक बढाउन ५० डलर तिर्नुपर्छ। नेताहरू फेसबुक पेजमा २ लाखदेखि १३ लाखसम्म लाइक भएको देखिन्छ, त्यसका निम्ति उम्मेदवारले १० लाख रुपियाँदेखि ६५ लाख रुपियाँसम्म खर्च भएको अनुमान छ।

दैनिक लाइकमा हुने खर्चको त कुनै लेखा जोखा छैन। फेसबुकलगायत सामाजिक सञ्जालमार्फत् तोकिएको शुल्क तिरेर निश्चित क्षेत्र तथा उमेर समूहका प्रयोगकर्ताको न्युज फिडमा आफूले चाहेको सन्देश, फोटो, भिडियोलगायत मल्टिमिडिया सामग्री देखिने बनाउने र पेजको लाइक तथा फलोअर बढाउन गरिने प्रवर्द्धनको कार्य गर्ने गरेका हुन्। विशेष गरेर शहरी क्षेत्रबाट निर्वाचनमा प्रतिस्पर्धा गर्ने अधिकांश उम्मेदवारले पेज तथा कन्टेन्ट स्पोन्सर गराउने गरेका छन्।

पछिल्लो समय अनलाइनमा आउने मानिसको संख्या बढ्दै गएको अवस्थामा व्यावसायिक उद्देश्य भएका तथा आफ्ना सूचना सामग्री भाइरल बनाउन चाहने प्रयोगकर्ताले धेरै लाइक तथा फलोअर बढाउन पैसा तिरेर आफ्नो आईडी तथा पेजलाई स्पोन्सर तथा प्रमोट गर्न सक्छन्।

सामान्यतया लाइक तथा फलो गरिएका पेज तथा अकाउन्टबाट पोस्ट गरिएका सामग्रीमात्रै प्रयोगकर्ताको न्युजफिडमा देखिने हुन्छ। तर, स्पोन्सर गर्दा भने लाइक तथा फलो नगरिएका पेज एवम् प्रवर्द्धित सामग्रीसमेत सहजै लक्षित क्षेत्र र समूहका प्रयोगकर्ताको न्युजफिडमा देखिन्छ।

फेसबुकलगायत सामाजिक सञ्जाल प्रचारप्रसार अभियानकर्ता सन्तोष पाण्डेका अनुसार इलेक्ट्रोनिक पेमेन्टको आधारमा पेज तथा पोस्ट बुस्ट गर्ने गरिन्छ। नेपाल समाचारपत्रसँग कुरा गर्दै पाण्डेले भन्नुभयो-'यस्तो प्रोमसनमा मुख्यत: पेपल एकाउन्ट अथवा अन्तर्राष्ट्रिय क्रेडिड/डेबिट कार्ड एकाउन्ट हुन जरुरी छ। यसको लागि फेसबुकमा गएर बुस्ट गर्नुपर्ने हुन्छ। त्यसमा पेमेन्ट एकाउन्टमा गएर बैंकको नाम, डेबिट/त्रेडिट कार्डको नम्बरलगायतका सूचना भर्नुपर्छ। यसरी बुस्ट भएपछि हाम्रो एकाउन्टबाट पैसा सामाजिक सञ्जालको खातामा ट्रान्सफर हुन्छ। त्यसको प्रतिफल आफूले चाहेको प्रयोगकर्ताको न्युजफिडमा बुस्ट भएको पेज/पोस्ट देखापर्छ।

स्पोन्सर तथा प्रवर्द्धनका लागि सामाजिक सञ्जाललाई तोकिएको रकम डलरमा भुक्तानी गर्नुपर्ने हुन्छ।

पाण्डेले भन्नुभयो-'अहिले म वाम गठबन्धनका एक शीर्ष नेताका लागि काम गर्छु। हामी औसतमा दैनिक ५० देखि १ सय अमेरिकी डलर खर्च गर्छौं।' यसका लागि आफू संलग्न रहेको नेताले २ लाख रुपियाँ छुट्याउनु भएको छ।

हाल विदेशमा बस्ने आफन्त तथा शुभचिन्तकले फेसबुक, ट्वीटर, इन्स्टाग्रामलगायत सामाजिक सञ्जालका पोस्टहरू बुस्ट गरिदिने गरेका छन्। विदेशमा इलेक्ट्रोनिक्स पेमेन्ट सजिलो भएकाले विदेशबाटै स्पोन्सर हुने गरेको हो। उनीहरूसँग क्रेडिट कार्ड सहजै उपलब्ध हुन्छ र सहजै चाहेको पोस्ट बुस्ट गरिदिन सक्छन्। साथै नेपालमा हुने धेरैले पनि एजेन्सीमार्फत् पनि बुस्ट गराएका छन्।

सामाजिक सञ्जालमा स्पोन्सर तथा प्रवर्द्धन कार्य सामान्य भए पनि नेपालीका लागि त्यसको भुक्तानी कार्य भने केही जटिल छ। नेपाल राष्ट्र बैंकको नियमन व्यवस्थाका कारण नेपाली बैंकले वितरण गरेका सामान्य डेबिट/क्रेडिट कार्ड र भुक्तानी सेवा प्रदायकबाट त्यस्तो भुक्तानी खुला भएका छैनन्।

## PRESS RELEASE

### एभरेष्ट बैंकद्वारा सहयोग

एभरेष्ट बैंक
EVEREST BANK

काठमाडौं, (नेस)

विश्व अपांगता दिवसको अवसरमा एभरेष्ट बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत अशक्त बालबालिकालाई सहयोग गरेको छ। डिसेम्बर ३ तारिखमा लगनखेलको नमुना मछिन्द्र सेकेन्डरी स्कुलका दृष्टिविहीन विद्यार्थीलाई आवश्यक सामग्री वितरण गरेको हो।

बैंकका प्रमुख कार्यकारी अधिकृत सोमेश्वर सेठ र नायब महाप्रबन्धक राजिव जैनले उक्त सामग्री वितरण गर्नुभएको हो। सामाजिक दायित्वको सन्दर्भमा यसअघि पनि शिक्षा, स्वास्थ्य र पूर्वाधार क्षेत्रमा सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गर्दै आएको छ। बैंकले देशभर फैलिएका आफ्ना अन्य शाखाबाट पनि यस्ता कार्यक्रम सञ्चालन गर्ने जनाएको छ।

बैंकले ६४ शाखा कार्यालय, २ वटा एक्टेन्सन काउन्टर, २८ राजस्व काउन्टर, ९४ एटीएम र ५ हजारभन्दा बढी भुक्तानी एजेन्टको माध्यमबाट आफ्नो सेवा दिँदै आएको छ।

### रियल मोक्टेल्स बजारमा

काठमाडौं (नेस)

फ्रुट जुस कम्पनी डाबर नेपालले रियल मोक्टेल्सअन्तर्गत दुई भिन्न स्वादका पिना कोलाडा र भर्जिन म्यारीको बिक्री वितरण शुरु गरेको छ।




रेष्टुरेन्ट तथा बारमा गई मोक्टेल्स र कक्टेल्सको अनुभव लिने र सोही स्वाद र अनुभव घरमै परिवार तथा साथीहरूसँग बसेर लिन चाहनेको लागि यो विकल्पका रूपमा आएको कम्पनीले जनाएको छ। रियल मोक्टेल्स विज्ञहरूद्वारा उचित सामग्रीको प्रयोग र मिश्रणबाट तयार गरिन्छ जसले केबल प्याक खोलेर रेष्टुरेन्ट तथा बारको मोक्टेल्सजस्तै अनुभूति दिने कम्पनीले जनाएको छ।

डाबर नेपालका सेल्स तथा मार्केटिङ प्रमुख उपेन्द्र प्रधानले बजारमा मोक्टेल जुसको ठूलो सम्भावना रहेको र यस उत्पादनले राम्रो बजार लिनेमा आशावादी रहेको बताउनुभयो। जुसको उत्पादनको लागि आवश्यक अध्ययन अनुसन्धान गरेका कारण पनि रियल मोक्टेल्स एउटा भिन्न पहिचान बनाउने उहाँले बताउनुभयो। रियल मोक्टेल हाल १ लिटरको टेट्रा प्याकमा उपलब्ध रहेको कम्पनीले जनाएको छ।

### कलर्स मोबाइलको एस-१ फोन आयो

काठमाडौं, (नेस)

कलर्स मोबाइलले नयाँ एस शृंखलाको एस-१ मोबाइल फोन बजारमा ल्याएको छ। कम्पनीले उक्त मोबाइल सेटलाई 'स्टाइल एन्ड सेल्फी ब्यानर' अन्तर्गत प्रस्तुत गरेको छ।

टेलिटक प्रालिका प्रमुख कार्यकारी अधिकृत सञ्जय अग्रवालले नयाँ फोनको बिक्री शुभारम्भ गर्दै एस शृंखलाको यो फोन बजारमा आएसँगै स्मार्टफोनको परिचयसमेत बदलिने बताउनुभयो। 'यसमा भएको धातुप्रद बनावटले सुलभ फोनको परिभाषामा नै बदलिदिनेछ।




एकपटक त्यस्तो समय थियो। जुन समयमा धातुप्रद खोल केबल उच्चकोटीका फोनमा उपलब्ध हुने गर्दथ्यो। तर, अब ग्राहकले आफ्नो प्राथमिकता बमोजिमको मूल्यमा केन्द्रित रहेर धातुप्रद बनावटको फोन किन्न सक्नेछन्।' अग्रवालले भन्नुभयो।

एस-१ मा पछाडि ८ मेगापिक्सल र अगाडि ५ मेगापिक्सल क्षमताका क्यामेरा जडान गरिएको छ। साथै दुवैतिर फ्ल्यासस‍मेत रहेको छ। एन्ड्रोइड एन (नोगात ७.०) बाट सञ्चालन हुने र बहुपक्षीय एपयुक्त औंठाछाप सेन्सर भएको यो एस-१ फोन यसै शृंखलाको अन्य फोनभन्दा भिन्न धातुको खोलमा निर्मित भएकाले यसको बनावटनै आकर्षक बनेको छ। उक्त फोनको खरिदमा एनसेलको १२ हप्तासम्म सय एमबी डाटा नि:शुल्क प्रदान गरिने घोषणा कम्पनीद्वारा गरिएको छ।

# मेगा ड्रिम सहकारीको साधारणसभा सम्पन्न

काठमाडौं, (नेस)

मेगा ड्रिम बहुउद्देश्यीय सहकारी संस्थाले ३ करोड ६१ लाख ८ हजार ९ सय ५० रुपियाँ नाफा गरेको छ।

संस्थाको सातौं वार्षिक साधारणसभाका अवसरमा उक्त जानकारी दिइएको थियो।

कार्यक्रममा बोल्दै संस्थाका अध्यक्ष उमाकान्त न्यौपानेले शेयरमा ३८ प्रतिशत वृद्धि गर्दै आर्थिक वर्ष २०७३ /७४ मा ७ करोड ३९ लाख ८४ हजार ३ सय रुपियाँ शेयर पुँजी पुर्‍याएको बताउनुभयो। आव २०७२/७३ मा ५ करोड ३७ लाख ६१ हजार ८ सय रुपियाँ थियो।

संस्थाका प्रबन्ध सञ्चालक महाशंकर रेग्मीले संस्थाले अघिल्लो वर्षको तुलनामा ४५ प्रतिशतले वृद्धि गरी ४५ करोड ३७ लाख २ हजार ९ सय १४ रुपियाँ बचत संकलन भएको जानकारी दिनुभयो। संस्थाले अघिल्लो आवको तुलनामा १२६ प्रतिशतले वृद्धि गरी १ करोड ११ लाख ६५ हजार ८ सय ७९ रुपियाँ जगेडा तथा अन्य कोषको व्यवस्था गरेको छ भने १४९ प्रतिशतले वृद्धि गर्दै २ करोड ७ लाख ३४ हजार ३ सय ६७ रुपियाँ कर्जा जोखिम व्यवस्था गरेको छ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि राष्ट्रिय सहकारी बैंकका प्रबन्ध सञ्चालक केबी उप्रेतीले स्थानीय तहमा एक व्यक्ति एक प्रकृतिको सहकारीको व्यवस्था सहकारी अभियानकै पहलमा भएको बताउनुभयो।

'यस्तो व्यवस्थाले सहकारीमा विकृति रोकिन्छ, यसलाई कडाईका साथ कार्यान्वयन गर्नुपर्छ,' उहाँले भन्नुभयो। त्यस्तै डिभिजन सहकारी कार्यालय काठमाडौंका प्रमुख आनन्द सारुले दिगो आर्थिक विकासका लागि सहकारीको भूमिका महत्वपूर्ण हुने बताउनुभयो।



# रियो ओलम्पियनलाई सम्मान



**नेपाल समाचारपत्र**
काठमाडौं

नेपाल ओलम्पिक कमिटी (एनओसी) ले रियो ओलम्पिक २०१६ मा सहभागी सात खेलाडीलाई आइतबार नगदसहित सम्मान गरेको छ।

एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठले आइतबार उनीहरूलाई जनही १ हजार अमेरिकी डलर प्रदान गर्दै सम्मान गरेका हुन्। ब्राजिलको रियो दि जेनेरियोमा गत वर्षको अगस्ट ५ देखि २१ तारिखसम्म भएको ओलम्पिकमा नेपालबाट आर्चरीका जितबहादुर मोक्तान, एथ्लेटिक्सका हरिकुमार रिमाल र सरस्वती भट्टराई, जुडोकी फुपूल्हामु खत्री, पौडीका शिरीष गुरुङ र गौरिका सिंह तथा तेक्वान्दोकी निशा रावलले सहभागिता जनाएका थिए। गौरिका भने कार्यक्रममा उपस्थित थिइनन्। उनी परिवारसँगै लन्डनमा बस्दै आएकी छन्।

खेलाडीलाई सम्मान गर्दै अध्यक्ष श्रेष्ठले भने- 'ओलम्पिकमा सहभागिता जनाउने गौरवको विषय हो। रियो ओलम्पिकमा नेपालले आफूलाई विश्वमाझ चिनाउनसमेत सफल भएको थियो।' पौडीकी गौरिका सिंह रियो ओलम्पिकमा सहभागीमध्ये कान्छी खेलाडी बनेकी थिइन्। त्यत्तिबेला उनी १३ वर्षकी थिइन्। त्यसै गरी रियो ओलम्पिकमा जुडोकी फुपूले ओलम्पिकको उद्घाटन सत्रको मार्च पासमा नेपाली झण्डा बोक्ने अवसर पाएकी थिइन्।

एनओसीले खेलाडीहरूलाई नगदसहित सम्मान गर्दै देशका खेलाडीले बाचेर खाने अवस्था सिर्जना गर्नका लागि ओलम्पिकले दीर्घकालीन नीति तय गर्ने बताए।

रियो ओलम्पिकमा नेपालबाट ५ खेलका सात खेलाडीले सहभागिता जनाएका थिए। जसमा तीन पुरुष र चार महिला थिए। आर्चरीको पुरुष व्यक्तिगततर्फ जितबहादुर मोक्तान सहभागी भएका थिए। एथ्लेटिक्समा पुरुष ५ हजार मिटरमा हरि र महिलाको १५ सय मिटरमा सरस्वतीको सहभागिता थियो। सरस्वतीले आफ्नो स्पर्धामा राष्ट्रिय कीर्तिमान बनाएकी थिइन्।

त्यसै गरी जुडोतर्फ फुपूले महिला ६३ केजी तौल समूहमा प्रतिस्पर्धा गरेकी थिइन्। पौडीमा शिरीषले पुरुष १ सय मिटर फ्रिस्टाइलमा प्रतिस्पर्धा गर्दै राष्ट्रिय कीर्तिमान बनाएका थिए। उनले ५७ दशम्लव ७६ सेकेन्डमा दूरी पूरा गर्दै नयाँ कीर्तिमान रचेका थिए। गौरिकाले महिला १ सय मिटर ब्याकस्ट्रोकतर्फ प्रतिस्पर्धा गरेकी थिइन्। तेक्वान्दोबाट निशाले महिला ६७ केजीमाथि तौलसमूहमा प्रतिस्पर्धा गरेकी थिइन्। उनी सातौं स्थानमा आएकी थिइन्।

# केन्याविरुद्ध नेपाल विजयी

काठमाडौं, (नेस)

केन्याविरुद्ध खेलिएको अभ्यास खेलमा नेपाली राष्ट्रिय क्रिकेट टोली विजयी भएको छ।

विश्व क्रिकेट लिगका लागि यूएईविरुद्धको खेलका लागि अभ्यासमा रहेको नेपाली क्रिकेट टोलीले केन्यालाई ६ विकेटले पराजित गरेको हो। टस जितेर नेपालले केन्यालाई पहिले ब्याटिङको निम्तो दिएको थियो। नेपालविरुद्ध ३२.२ ओभरमा १ सय १० रन बनाएर केन्या अलआउट भएको थियो। केन्याको पारीमा ओपरद्वय रुसब पटेलले २७ र अलेक्जाउमा ओकान्डाले २५ रन जोडे पनि अन्य ब्याट्सम्यानले राम्रो प्रदर्शन गर्न सकेनन्। नेपालका लागि ललित भण्डारीले ४ विकेट लिएका थिए।

जवाफमा नेपालले सो लक्ष्य १९.५ ओभरमै पूरा गरेको थियो। २९ रनमा ३ विकेटको स्थितिबाट दीपेन्द्र ऐरी र शरद् भेषवाकरले नेपाललाई जित दिलाउन महत्त्वपूर्ण योगदान गरे। दीपेन्द्रले ४६ तथा शरद्ले ३१ रन जोडेका थिए। केन्याका लागि नेल्सन ओढिम्बोले २ विकेट लिएका थिए। डब्ल्यूसीएलसीअन्तर्गत सातौं चरणको खेलमा नेपालले यूएईविरुद्ध मंसिर २० र २२ गते दुई वटा खेल खेल्नेछ।

# सीसीआरसी र जेभियर च्याम्पियन

**नेपाल समाचारपत्र**
काठमाडौं

क्यापिटल कलेज एन्ड रिसर्च सेन्टर (सीसीआरसी) र जेभियर इन्टरनेसनल कलेजले दोस्रो रोज बड उपत्यकाव्यापी अन्तरकलेज बास्केटबल प्रतियोगिताको उपाधि आइतबार जितेका छन्।

सीसीआरसी ब्वाइज तथा जेभियर गर्ल्समा च्याम्पियन बने। बुद्धनगरस्थित आयोजक रोज बडको कोर्टमा भएको ब्वाइजको रोमाञ्चक फाइनलमा सीसीआरसीले गोल्डेनगेट इन्टरनेसनल कलेजलाई ५८-५५ को झिनो अन्तरले पराजित गर्‍यो। सीसीआरसीका राजेश खनालले १६ अंक जोडे।

तेस्रो क्वार्टरको समाप्तिसम्म पनि सीसीआरसी ४१-४२ ले पछि थियो। पहिलो क्वार्टरमा १४-१६ ले पछाडिको परेको सीसीआरसी दोस्रोमा भने १७-१४ को अग्रता लिन सफल भयो। तेस्रो क्वार्टरमा सीसीआरसी फेरि १०-१२ ले पछाडि रह्यो। चौथो तथा अन्तिम क्वार्टर सीसीआरसीले १७-१३ ले आफ्नो पक्षमा पार्दै उपाधि सुनिश्चित गर्‍यो।

गर्ल्सको फाइनलमा जेभियरले साइपाल एकेडेमीलाई ४१-१९ को फराकिलो अन्तरले हरायो। जेभियरको सहज जितमा सुष्मा गौतमले १० अंक योगदान गरिन्। शुरुको क्वार्टरमा ७-४ को अग्रता बनाएको जेभियरले अन्तिमसम्म अग्रतालाई जोगाइ राख्यो। जेभियरले बाँकी क्वार्टरमा क्रमशः ६-१, ९-३ र १९-११ को प्रदर्शन गर्‍यो।

फाइनलका सर्वाधिक स्कोरकर्ताद्वय रोजेश र सुष्मा आ-आफ्नो विधामा 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। विजेतालाई बास्केटबलका प्रमुख प्रशिक्षक दिनेशचन्द्र नकर्मी, रोज बडका चेयरम्यान अन्तु श्रेष्ठ र प्रिन्सिपल दामोदर ढुंगानाले एक कार्यक्रमबीच पुरस्कृत गरे। मंसिर ७ गतेदेखि शुरु प्रतियोगिताको ब्वाइजमा १६ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेको रोज बडका ईसीए इन्चार्ज राजु श्रेष्ठले जानकारी गराए। गर्ल्समा ४ टिमले राउन्ड रोबिन लिग पद्धतिमा प्रतिस्पर्धा गरी शीर्ष दुई टिमले पुनः फाइनल खेलेका थिए।


# आवश्यकता

यस प्रकाशन गृहलाई आफ्नो प्रकाशनको बजार प्रवर्धनका लागि केही कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

**पद** :- बजार प्रतिनिधि
**सख्या** :- २०
**योग्यता** :- +२
**सेवा/सुविधा** :- आकर्षक तलब+कमिसन

**कामना न्यूज पब्लिकेसनस् प्रा.लि.**
भिमसेन स्थान काठमाडौं
सम्पर्क :- ४२६११७९ , ९८५१०६९८३०
Email :- circulation.nsp112@gmail.com


## धरहरा

### 'परजीवी' सुरक्षाकर्मी



निर्वाचन लक्षित सुरक्षा प्रयोजनका लागि नेपाल प्रहरीका ३५ हजार, नेपाली सेनाका ३६ हजार, सशस्त्रका ३०, राष्ट्रिय अनुसन्धानका ७ सय २२ र ७५ हजार म्यादी प्रहरी खटिएको धरहराले सुनेको छ। यति ठूलो खर्च र ठूलै जनशक्ति परिचालन हुँदा पनि आपराधिक गतिविधिमा संलग्न हुनेहरू पक्राउ पर्ने हो, तर अपराधीहरू पक्राउ पर्न सकेका छैनन्। बरु हरेक दिनजसो विभिन्न क्षेत्रमा बम विस्फोट र निर्वाचन विरोधी गतिविधि भइरहेका छन्।

अरू बेला ठूला-ठूला अपराधका घटना तत्काल पत्ता लगाउने सुरक्षा निकाय पछिल्लो सयममा 'परजीवी' बन्दै गएकाले आपराधिक घटनाक्रम बढेको धरहराको ठहर छ। १० केजी सुनसहित फलाना पक्राउ, काठमाडौं आउँदै गरेको यात्रु बसबाट बमसहित बसका यात्रु पक्राउ, बम बनाउने विस्फोटक पदार्थसहित फलानो ठाउँबाट फलानो पक्राउ। यी केही पछिल्ला ताजा समाचार हुन्, सुरक्षाकर्मीले सफलता प्राप्त गरेका।

तर आपराधिक घटनामा संलग्न हुने कारणचाहिँ विशेष सुराकीले दिएको सूचनाको आधार हुँदो रहेछ। विशेष सुराकीले सूचना दिने भएपछि भएनन् त सुरक्षाकर्मी 'परजीवी'? परजीवी त्यो हो जो सधैं अरूमा निर्भर रहन्छ। हैन भने त अत्याधुनिक साधन स्रोतले सम्पन्न, सञ्चारको गतिलो सञ्जाल भएको र अनेकौं सुरक्षा तालिम लिएकाले बिना सुराकी पनि त पर्याप्त अपराधी पक्राउ गर्नुपर्ने हैन र?

# करुणालाई चीनमा कांस्य



काठमाडौं, (नेस)

नेपाली खेलाडी करुणा महर्जनले चौथो क्यापिटल इन्टरनेसनल स्टुडेन्ट्स युनिभर्सिटी उसु च्याम्पियनसिपमा कांस्य जितेकी छन्। नेपाल आर्मीका उसु प्रशिक्षक राजीव महर्जनका अनुसार करुणाले थाइची छ्वानमा कांस्य जितेकी हुन्। प्रतियोगिता चीनको बेइजिङमा शनिबार भएको थियो। करुण स्पोर्ट्स साइन्स अध्ययनका लागि हाल बेइजिङमै रहेको प्रशिक्षक महर्जनले जानकारी गराए।


सूचना आम पाठकको अधिकार
सेवामूलक व्यवसाय हाम्रो आधार

रू. २५०० मा
२ वर्ष

नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

Subscribe the balanced and credible Nepal Samacharpatra.
Please call Corporate Office (4261179, 98510 69830, 9841 336729), Gaushala (98511 87322, 98433 37052), Kamal Pokhari (98600 07570), Kalimati (98511 29457, 4233172), Patan (9841 507317, 9841 336729), Jhochhen (98510 93762, 4233172), Bhaktapur (9841 585321, 98510 93762), Banepa/Dhulikhel (9849 316660) from 10 am - 5 pm for more details.


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ